# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२१

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

वर्ष ६ अङ्क १

## [इतिहास–प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक—
धनवज्र बज्राचार्य
(संशोधन–मण्डलद्वारा)

सहयोगीहरू—
रामजी तेवारी
देवीप्रसाद भण्डारी
दिनेशराज पन्त

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | लिच्छविकालको शासनपद्धति | –धनवज्र वज्राचार्य | १–११ |
| २. | पाटन छिन्नमस्ताको अभिलेख | ” | १२–१३ |
| ३. | मीननारायण पचली जाने बाटोनिरको अभिलेख | ” | १३–१४ |
| ४. | श्री ५ पृथ्वीनारायण शाहको एक नीति पुस्तैनी दण्ड, पुस्तैनी अधिकार | –गौतमवज्र वज्राचार्य | १४–२२ |
| ५. | ऐ. शि. श्रीबाबुराम आचार्यज्यूसंग प्रार्थना | –देवीप्रसाद भण्डारी | २२–२७ |
| ६. | वीर भक्ति थापा | –महेशराज पन्त | २७–४८ |
| ७. | अप्रकाशित १२ वटा ऐतिहासिक पत्र | –दिनेशराज पन्त | ४९–७० |
| ८. | नेपालको आधुनिक इतिहासका केही पृष्ठ | –नयराज पन्त | ७०–७५ |
| ९. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | –रामजी तेवारी | ७६–८७ |
| १०. | प्रतिसंस्कृत सर्वानन्दकरण | –नयराज पन्त | ८८–१०५ |
| ११. | कविशिरोमणिज्यूको सूक्ति ऐतिहासिक–शिरोमणिज्यूमा पनि घट्ने हो कि क्या हो | –नयराज पन्त | १०५–१०७ |
| १२. | हाम्रो वक्तव्य | | १०८–१०९ |

# लिच्छविकालको शासनपद्धति

–धनवज्र वज्राचार्य

लिच्छविकालका विशिष्टतामध्ये त्यस वेलाको व्यवस्थित 'शासनपद्धति' पनि एक हो। त्यस वेलाको शासनपद्धतिको अलिकति चर्चा प्रसङ्गवश अरू निबन्धमा पनि गरिसकेको छु तापनि यस विषयको राम्रो ज्ञानको लागि छुट्टै निबन्धमा विचार गर्नु आवश्यक छ । यस कारण लिच्छविकालमा शासन कसरी चल्दथ्यो भन्ने कुरा सकभर विस्तृत रूपमा लेख्ने प्रयत्न गर्दैछु ।

लिच्छविहरूको अभिजन (मूल थलो) वैशाली थियो[1] । वैशाली मुजफ्फरपुर जिलामा पर्ने वर्तमान 'बसाढ' भेकमा पर्दथ्यो । त्यहाँ लिच्छविहरूको संघात्मक शासन चलेको थियो । राजक्रम त्यहाँ एउटै वंशमा मात्र सीमित थिएन । लिच्छविहरूमध्येबाट राजा छानिन्थे । बूढा तरुना सबै लिच्छविहरू राजपदको लागि उम्मेदवार हुन सक्तथे । यस कुराको उल्लेख बौद्धवाङमयमा पाइन्छ[2] । 'नेता' छानिएपछि तिनको राजोचित ढङ्गले अभिषेक

---

१. इतिहास–संशोधन प्रमाण प्रमेयको २०६ पृष्ठ हेर्नुहोस् ।

२. 'ललितविस्तर' को तेस्रो अध्यायमा भगवान् बुद्धको जन्म कस्तो ठाउँमा हुन्छ भन्ने लामो चर्चा गरिएको छ । त्यस प्रसङ्गमा त्यहाँ वैशालीको पनि उल्लेख परेको छ । त्यहाँ उपहास गरी वैशालीको वर्णन गरिएको छ तापनि त्यताबाट वैशालीको लिच्छविसंघको 'राजा' छानिने कुराको संकेत पाइन्छ । सो वर्णन यस प्रकारको छ—

"अपरे त्वाहुः । इयं वैशाली महानगरी ऋद्धा च स्फीता च क्षेमा च सुभिक्षा च रमणीया चाकीर्णबहुजनमनुष्या च...सा प्रतिरूपास्य बोधिसत्त्वस्य गर्भप्रतिसंस्थानायेति । अपरे प्राहुः । साप्यप्रतिरूपा । किं कारणं । तथाहि नास्ति परस्परन्यायवादिता, नास्ति धर्म्माचरणम्, नोच्चमध्यवृद्धज्येष्ठानुपालिता, एकैक एव मन्यते अहं राजा, अहं राजेति, न च कस्यचिच्छिष्यत्वमभ्युपगच्छन्ति, न धर्म्मत्वम् । तेन साप्यप्रतिरूपा ।"

[अरूले भने–यो वैशाली ठूलो शहर समृद्ध पनि छ, धेरै आबाद भएको पनि छ, सुरक्षित पनि छ, सहकाल भएको पनि छ, राम्रो पनि छ, धेरै जनसंख्या भएको पनि छ ।...उहाँ बोधिसत्त्वको जन्म हुन वैशाली योग्य छ । अरूले भने–त्यो वैशाली पनि ठीक छैन । किनभने त्यहाँ परस्परमा न्याय बोलिदिने बानी छैन; धर्म कर्ममा लागेको देखिंदैन; ठूला मझौला बूढा मान्यजनको कदर गरेको देखिंदैन; प्रत्येकले आफूलाई नै मै राजा हुं, मै राजा हुँ भन्ने ठान्दछन्; कोही कसैको शिष्य बन्दैनन्; कसैको धर्मको पछि लाग्दैनन् । त्यस कारण त्यो वैशाली पनि योग्य छैन ।]

गरिन्थ्यो[1] । एकराजतन्त्रका शासक जस्तै तिनी पनि 'राजा' कहलाउँथे । यसो हुनाले लिच्छविहरू 'राजशब्दोपजीवी संघ' अन्तर्गत थिए भनी कौटल्यले आफ्नो अर्थशास्त्रमा उलेल्ख गरेका छन्[२] ।

---

'अङ्गुत्तरनिकाय' मा लिच्छविहरूको सभाभवनको उल्लेख आएको छ–

"एकं समयं भगवा वेसालियं विहरति···तेन खो पन समयेन...लिच्छवी सन्थागारे सन्निसिन्ना सन्निपतिता-(होन्ति)" (८.२.२.)

[कुनै वेला भगवान् बुद्ध वैशालीमा रहनुभएको थियो...। त्यस वेला लिच्छविहरू संस्थागारमा (सभाभवनमा) जम्मा भएर बसिरहेका थिए...]

'एकपण्णजातक'मा लिच्छविहरूको बारेमा यस्तो उल्लेख परेको छ—

"तस्मि हि काले वेसालिनगरं...निच्चकालं रज्जं कारेत्वा वसन्तानं येव राजूनं सत्त सहस्सानि सत्त सतानि सत्त च राजानो होन्ति"

[त्यस वेला वैशाली नगरमा सधैं राज्य गरी बस्ने सात हजार सात सय सात राजाहरू थिए ।]

१. 'भद्दसालजातक'मा लिच्छविहरूको 'अभिषेक गर्ने पोखरी' को उल्लेख परेको छ । सो जातकको अलिकता अंश यस प्रकारको छ—

'सा न चिरस्स एव गब्भं लभित्वा उप्पन्नदोहला दोहला मे उप्पन्नो'ति आरोचेसि. किं दोहलो'ति वेसालिनगरे गणराजकुलानं अभिसेकमङ्गलपोक्खरणिं ओतरित्वा नहात्वा पानीयं पातुकामाम्हि'ति.

सेनापति साधु' ति...वेसालिं पाविसि...सेनापति पन रथा ओतरित्वा आरक्खिके खग्गेन पहारन्तो पलापेत्वा लोहजालं छिन्दित्वा...भरियं नहापेत्वा पायेत्वा सयं' पि नहात्वा...आगतमग्गेन एव पायासि. आरक्खिका गन्त्वा लिच्छवीनं आरोचेसुं. लिच्छविराजानो कुज्झित्वा...बन्धुलमल्लं गंहिस्सामो' ति निक्खमिंसु."

[केही समयपछि नै तिनीले पेट बोकिन् । तिनीलाई दोहद (दोजिया हुँदा हुने इच्छा) पैदा भयो । 'वैशाली शहरमा गणराजकुलको अभिषेक मङ्गल गर्ने पोखरीमा गई नुहाई पानी पिउने दोहद मलाई भएको छ भनी तिनीले भनिन् । 'हुन्छ' भनी सेनापति...वैशालीमा पसे ।... सेनापति रथबाट ओर्ली पालेहरूलाई खड्गप्रहार गरी भगाई फलामको बार बिगारी स्वास्नीलाई नुहाउन लाई पानी पिलाई आफू पनि नुहाई...आएको बाटोबाटै फर्के । पालेहरूले लिच्छविहरूकहाँ गई यो कुरा जाहेर गरे । लिच्छवि राजाहरू रिसले चूर भई...बन्धुलमल्ललाई पकड्छौं भनी निस्के ।]

२. लिच्छविकवृजिकमल्लकमद्रककुकुरकुरुपाञ्चालादयो राजशब्दोपजीविनः"

कौटलीय अर्थशास्त्र ११।१।६

[लिच्छविक, वृजिक, मल्लक, मद्रक, कुकुर, कुरु, पाञ्चाल आदि (संघ) राजशब्दोपजीवी हुन् ।]

संघशासनमा रहेको एकता देखेर भगवान् बुद्ध प्रभावित भएको उल्लेख बौद्ध वाङ्मयमा पाइन्छ[1] । कौटल्यले पनि संघराज्यको बलको अनुभव गरेका थिए । संघराज्यलाई जित्ने हो भने तिनीहरूको संघलाई फुटाइदिनुपर्छ । संघराज्यले पनि आफ्नो अस्तित्वरक्षा गर्न फुट्नुबाट बच्नुपर्छ भनी कौटल्यले बोलेका छन्[2] ।

यति अलिकता कुराबाट पनि वैशालीमा लिच्छविहरूको शासनको विशिष्टता मिलेर संघात्मक रूपमा रहनु थियो भन्ने बुझिन्छ ।

नेपालमा लिच्छविहरूको बसोबास हुन थालेपछि तथा यहाँ राज्य कायम गर्न उनीहरू सफल भएपछि संघात्मक शासनपद्धतिको असर यहाँको शासनमा पनि पर्नु स्वाभाविक थियो । तर यहाँ वैशालीको जस्तै शासनपद्धतिचाहिं चलेको देखिंदैन । किनभने 'राजा छानिने' पद्धतिको संकेत यहाँ पाइंदैन । यद्यपि उठानका लिच्छविकालका कुरा थाहा नपाइएका हुनाले यस विषयमा निश्चित रूपमा बोल्न गाह्रो छ । तर जब केही इतिहास पत्ता लाग्छ, त्यस वेला राजक्रम वंशानुगत भएको हामी पाउँछौं । वृषदेव, शङ्करदेव, धर्मदेव, मानदेव, महीदेव, वसन्तदेव यी लिच्छवि राजाहरू छोरा छोराका रूपमा गद्दीमा बसेका देखिएका छन् । यसरी उठानका कुरा अज्ञात भए पनि थाहा पाइएदेखिको कुराबाट यहाँ लिच्छविहरूले संघात्मक पद्धतिले राज्य गरेनन्, एकराजतन्त्रपद्धतिले राज्य चलाए भन्ने देखिएको छ ।

यसो हुनाले एकराजतन्त्र-पद्धतिका एक राजामा जस्तै लिच्छवि राजामा पनि सबै राजकीय अधिकार निहित थिए । उनी आफ्नो इच्छाअनुसार अनुग्रह र निग्रह गर्न सक्तथे । तर

---

१. 'ऐतिहासिक–पत्र–संग्रह' दोस्रो भागको ग–ट पृष्ठमा उद्धृत 'महापरिनिब्बाणसुत्त' को अंश हेर्नुहोस् ।

२. "संघा हि संहतत्वादधृष्याः परेषाम् ॥२॥...सर्वेषामासन्नाः सत्रिणः संघानां परस्परन्यङ्ग-द्वेषवैरकलहस्थानान्युपलभ्य क्रमाभिनीतं भेदमुपचारयेयुः ॥७॥...संघेष्वेवमेकराजो वर्तेत ॥७६॥ संघाश्चाप्येवमेकराजादेतेभ्योऽतिसन्धानेभ्यो रक्षयेयुः ॥७७॥

संघमुख्यश्च संघेषु न्यायवृत्तिहितः प्रियः ।
दान्तो युक्तजनस्तिष्ठेत्सर्वचित्तानुवर्तकः ॥७८॥

कौ. अ. ११ अधि. १ अ.

(मिलेर रहेका हुनाले संघलाई शत्रुहरूले दबाउन सक्दैनन् ॥१॥...सबैकहाँ पहुच पुगेका सत्रीहरूले परस्परमा खोट, द्वेष, शत्रुता, झगडा हुने कुरालाई लिएर क्रमैसंग संघहरूमा फूट पैदा गरिदिनू ॥७॥ एकराजले यसरी संघसंग व्यवहार गर्नू ॥७६॥ संघहरूले पनि एकराजतर्फबाट फुटाउन गरिएका यस किसिमका ठगीबाट आफूलाई जोगाउनू ॥७७॥

संघमुख्य (संघका नाइके) ले संघमा न्याय गर्नू, संघको हित हुने काम गर्नू, सबैको इच्छा-अनुसार काम गर्नू, सबैको मन पर्ने भई रहनू, संयमपूर्वक योग्य मानिस साथ लिई रहनू ।)

ग्रामपाञ्चाली, गोष्ठी तथा यस्तै अरू स्थानीय संघअन्तर्गत जनता सघट्टित हुँदा शासकले जनताको पनि मुख हेर्नुपर्दथ्यो । 'प्रकृतिकोप' नहोस् भन्ने कुरामा शासकले दृष्टि दिइरहनु आवश्यक हुन्थ्यो । यो कुरा हामी तात्कालिक अभिलेखहरू केलाइहेर्दा थाहा पाउँछौं । अहिलेसम्म जति व्यवस्थाप्रधान अभिलेखहरू पाइएका छन्, ती सबैजसा अभिलेख जनताको सुबिधाको लागि केही अधिकार जनतालाई सुम्पिदिई गरिदिएका मात्र पाइएका छन् । जनतालाई बढी जकड्न राखिएको अभिलेख एउटा पनि पाइएको छैन । यसबाट लिच्छवि राजाहरू स्वेच्छाचारी थिएनन्, व्यवस्थाअन्तर्गत रही शासन चलाउँथे भन्ने थाहा पाइन्छ ।

## लिच्छविकालका शासकको आदर्श–

शासनव्यवस्थासम्बन्धी विविध अङ्गको चर्चा गर्नुभन्दा पहिले लिच्छविकालका शासकहरूको शासनविषयक आदर्श कस्तो थियो भन्ने कुराको अलिकता चर्चा गर्नुपरेको छ ।

जुनसुकै उत्तम शासकको मुख्य आदर्श आफ्ना जनतालाई कसरी सुखी राखूं भन्ने रहेको हुन्छ । उत्तम शासकको 'आदर्श र कर्तव्य' बारे चर्चा गर्दै कौटल्य लेख्तछन्—

"प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम् ।
नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् ।"

(कौ. अ. १।१९।३९)

[दुनियाँलाई सुख भएमा नै राजालाई सुख हुन्छ । दुनियाँको हित भएमा नै राजाको हित हुन्छ । आफूलाई मन पर्ने कामले राजाको हित हुँदैन, दुनियाँलाई मन पर्ने कामले राजाको हित हुन्छ । ]

उत्तम शासकको आदर्शको चित्रण गर्दा कवि कालिदासले प्रजाप्रति राजाको स्थान 'बाबु'को जस्तो हुनुपर्छ भनी बोलेका छन्[1] ।

लिच्छविकालका शासकहरूको आदर्श पनि यस्तै थियो भन्ने देखिन्छ । प्रसिद्ध लिच्छवि राजा मानदेवको केलटोलको अभिलेखमा उनको वर्णन गर्दा "शुद्धात्मा प्रकृतेः पितेव दयते श्रीमानदेवो (नृपः) = चोखो मन भएका राजा मानदेव दुनियाँलाई बाबुले जस्तै माया गर्नुहुन्छ" भनी लेखिएको छ[2] । यसबाट उनको आदर्श व्यक्त हुन्छ । लिच्छविकालका अर्का प्रसिद्ध

---

१. "प्रजानां विनयाधानाद्रक्षणाद्भरणादपि ।
स पिता पितरस्तासां केवलं जन्महेतवः" ॥२४॥

रघुवंश १ सर्ग

[दुनियाँलाई शिक्षा दिनाले, रक्षा गर्नाले र खाना लाउनाको बन्दोवस्त गरिदिनाले ती राजा दुनियाँहरूका बाबु भए । तिनीहरूका बाबुहरू त खालि जन्माउने मात्र भए । ]

२. 'पूर्णिमा ९ पूर्णाङ्कको २ पृष्ठमा यो अभिलेख प्रकाशित भएको छ ।

शासक अंशुवर्माले "कथं प्रजा मे सुखिता भवेत् = मेरा दुनियाँ कसरी सुखी होलान्" भन्ने भाव पोखेका छन्[1] । यसै गरी उनीपछिका शासक जिष्णुगुप्तले 'देशसौख्यैकचित्त' = देशलाई सुखी बनाउन एकचित्त भई लागेका' भनी आफ्नो आदर्श व्यक्त गरेका छन्[२] । लिच्छवि राजा नरेन्द्रदेवले "लोकहितोद्यमप्रभवया कीर्त्या दिशो भासयन् = दुनियाँको भलो गर्नुतिर लागेको हुनाले टाढा टाढासम्म कीर्ति फैलिएका" भनी बोलेका छन्[३] ।

यति कुराबाट लिच्छविकालका शासकहरूको शासनविषयक आदर्शको झलक पाइन्छ ।

## शासनव्यवस्थामा राजाको स्थान–

शासनव्यवस्थाको सबभन्दा माथिल्लो तहमा राजाको स्थान रहन्थ्यो । त्यस वेला व्यवस्थित रूपमा शासन चलोस् भनी अनेक सरकारी अधिकरणहरू (अड्डाहरू) रहेका थिए तथा विभिन्न अधिकारीहरू नियुक्त गरिएका थिए । गद्दीनशीन राजा स्वयं वा सहायक शासकमार्फत ती अधिकरणहरू र अधिकृतहरूद्वारा शासन गर्दथे । देशमा कतै अन्याय वा मर्का परे त्यसको उजूरी प्रतिहार(द्वारे)मार्फत सोझै राजाकहाँसम्म पुग्दथ्यो । त्यसको निर्णय राजाको देखरेखमा गरिन्थ्यो[४] । यसरी राजा र प्रजाको नजीकको सम्बन्ध रहन्थ्यो ।

एकराजतन्त्रपद्धतिमा बराबर आइपरिरहने 'राजव्यसन' लिच्छविकालमा पनि बराबर आइपरेको थियो । यसै हुँदा गद्दीमा लिच्छवि राजा रहे तापनि शासनको बागडोर त्यस्तो वेला अरूको हातमा रहन्थ्यो । तर त्यस वेला पनि आदर सत्कारको दृष्टिले र वैध शासकको दृष्टिले शासनको सबभन्दा माथिल्लो तहमा राजाको नै स्थान रहन्थ्यो[५] ।

## राजसामग्री–

थानकोटको अभिलेखमा 'सिंहासनाध्यासिकुलकेतु' भन्ने विशेषण लिच्छवि राजा भीमार्जुनदेवमा रहेको छ[६] । यसबाट राजाको लागि विशेष 'सिंहासन' रहन्थ्यो भन्ने बुझिन्छ । अंशुवर्माको हाँडिगाउँको अभिलेखबाट राजा र राजदरबारसम्बन्धी केही कुराको झलक पाइन्छ[७] । त्यस अभिलेखमा 'अभिषेकहस्ती' र 'अभिषेकाश्व' ले पाउने भाग नियत गरिएको छ । यसबाट राज्याभिषेक धूमधामसंग हुन्थ्यो, राज्याभिषेक गर्दा सिन्दूरजात्रा गरिन्थ्यो, त्यस वेला चढिने

---

१. 'पूर्णिमा' १४ पूर्णाङ्कको १२३ पृष्ठ हेर्नुहोस् ।

२. नोलीद्वारा ५८ संख्याको रूपमा प्रकाशित यङ्गालहिटीको अभिलेख हेर्नुहोस् ।

३. पाटन भन्सारचोकको अभिलेख हेर्नुहोस् । ऐ. शि. बाबुराम आचार्य+श्रीगुरु पं. नयराज पन्तद्वारा संस्कृत–सन्देश २।१–२–३ मा यो प्रकाशित भएको छ । नोलीद्वारा ६७ संख्याको रूपमा पनि यो छापिएको छ ।

४. 'पूर्णिमा' १६ पूर्णाङ्कका ३४५–४६ पृष्ठ हेर्नुहोस् ।

५. नोली ५०–५६, ५८, ६१, ६२ संख्याका अभिलेख हेर्नुहोस् ।

६. 'पूर्णिमा' ८ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।

७. लेभी १३ संख्या, नोली ३५ संख्याको रूपमा यो छापिएको छ ।

हात्ती र घोडा पछिसम्म सन्मानसाथ राखिन्थे भन्ने थाहा पाइन्छ। हाडिगाउँको त्यस अभिलेखमा 'चामरधार' (चमर हम्कने), ध्वजमनुष्य' (झण्डा बोक्ने) 'नान्दीवाद' (मङ्गलगीत गाउने) 'शङ्खवाद' (शङ्ख फुँक्ने) आदिको पनि उल्लेख परेको छ । यसबाट प्राचीन परम्पराअनुरूप लिच्छवि राजाहरू पनि आफ्नो दैनिक कार्यक्रम नान्दीबाट शुरू गर्दथे, लिच्छवि राजाहरूको राजचिह्न चमर आदि हुन्थे भन्ने आदि कुराको झलक पाइन्छ । राजचिह्नमा छत्र र चमरको ठूलो स्थान रहन्थ्यो । तर छत्रको उल्लेखचाहिं हाँडिगाउँको अभिलेखमा परेको छैन । लिच्छविकालका अरू अभिलेखमा पनि राजच्छत्रको उल्लेख आएको छैन । लिच्छविकालभन्दा केही पछिका राजा जयदेवको राज्याभिषेकको वर्णन गोपालराजवंशावलीमा पाइन्छ । त्यहाँ भने राजसामग्रीको रूपमा हीरा जडेको छत्र, सुनौला दण्ड भएको छत्र आदि अनेक छत्रको उल्लेख परेको छ[1] ।

लिच्छवि राजा मानदेवको एक थरी 'श्रीमानाङ्क'मुद्रामा सिंहले 'ध्वजा' समातिरहेको दृश्य अङ्कित भएको पाइन्छ[2] । त्यताबाट लिच्छविकालमा राजकीय झण्डा कस्तो हुन्थ्यो भन्ने संकेत पाइन्छ ।

नक्साल नारायणचौरको अभिलेखबाट राजदरबारको लागि विशेष सिंगारिएको रथ तयार गरी राखिन्थ्यो भन्ने थाहा पाइन्छ[3] ।

## राजप्रशस्ति–

लिच्छवि राजाहरूको कुनै निश्चित प्रशस्ति थिएन । आफ्नो आदर्श र इच्छाअनुसार लिच्छवि राजाहरूले भिन्नाभिन्नै प्रशस्ति लिएका देखिन्छन् ।

'श्री'शब्द 'राजलक्ष्मी' को पर्याय हुँदा राजा, देवी (बडामहारानी) र राजपरिवारका उच्च व्यक्ति तथा शक्तिशाली संयुक्त शासकको सन्मानको लागि मात्र 'श्री' को प्रयोग गरिन्थ्यो । यस कारण लिच्छविकालमा 'श्री' शब्द महत्त्वपूर्ण थियो । राजाको पर्यायको रूपमा 'सरकार' भन्ने अर्थमा 'श्रीपाद' शब्दको प्रयोग हुन्थ्यो[4] ।

---

१. पूर्णिमा १८ पूर्णाङ्क ९५–९६ पृष्ठ हेर्नुहोस् ।

२. संशोधनमण्डलको संग्रहमा पनि यस्तो 'श्रीमानाङ्क' मुद्रा छ ।

३. पूर्णिमा १६ पूर्णाङ्कको ३६१ पृष्ठ हेर्नुहोस् ।

४. लिच्छविकालका अभिलेखमा ठाउँ ठाउँमा यसको उल्लेख आएको छ । उदाहरणार्थ बूढानीलकण्ठस्थान नजीकैको स्तम्भलेखलाई देखाउन सकिन्छ—

" देव्याः कर्त्तव्यताबुद्धया श्रीपादै··· ···ग्रजः ।
शैलस्तम्भक्रियारम्भे केदुम्बाटो नियोजितः ।"

(पूर्णिमा १५ पूर्णाङ्कको ३३१ पृष्ठमा यो प्रकाशित भएको छ)

उठानका लिच्छवि राजाहरूले आफूलाई 'राजा' 'महाराज' शब्दको मात्र प्रयोग गरेको पाइन्छ[1] । सर्वप्रथम 'महाराजाधिराज' भनी आफूलाई लेख्ने अंशुवर्मा हुन्[२] । उनीपछिका गद्दीनशीन राजा ध्रुवदेव, भीमार्जुनदेव 'महाराजाधिराज' कहलाएनन्[३] । गुप्त आभीरहरूलाई पन्छाएर सबै शासनाधिकार आफ्नो हातमा लिएपछि नरेन्द्रदेवले आफूलाई 'महाराजाधिराज' लेख्न थाले[४] । यसपछि अरू लिच्छवि राजाहरूले पनि यो पद लिए ।

गद्दीनशीन राजालाई कहने विशेष पद 'भट्टारक' थियो । नरेन्द्रदेवले त्यसलाई बढाएर 'परमभट्टारक' भनी आफूलाई लेख्न थाले । अनि भट्टारक पदचाहिं युवराजले पाउने भए[५] ।

## अन्तरासन, परमासन–

सम्बद्ध अधिकरण (सरकारी अड्डा) र ग्रामपाञ्चालीले छिन्न नसकेको मुद्दामामिला र राजदरबारसम्म आइपुगेका अरू काम कार्बाइको छिनफानको लागि राजाको देखरेखमा भारादारहरूको विशेष बैठक बस्तथ्यो । यसलाई अभिलेखमा 'अन्तरासन' 'परमासन' संज्ञा दिइएको छ । प्रत्येक ग्राममा घटेका घटनाको जानकारी प्रतिहार (द्वारे) मार्फत यस सभाले गर्दथ्यो । प्रत्येक ग्रामबाट परेका उजूरीहरू प्रतिहारीले महीना दिनभित्र यस सभामा पेश गरी तिनको छिनफान गराइदिनुपर्दथ्यो[६] । यसरी लिच्छविकालको शासनव्यवस्थामा यस राजसभाको ठूलो स्थान रहेको थियो ।

नेपालको बाटो भारत र चीनमा ओहोर दोहोर गर्ने चीनिया यात्री वाङयुन्चेले नरेन्द्रदेवको पालाको राजसभाको वर्णन गरेका छन् । "राजा सिंहासनमा बस्तछन्; भारादारहरू राजाको

---

यस अभिलेखमा राजाको नामोल्लेख गरिएको छैन । "देवी (बडामहारानी)को कीर्ति राख्ने इच्छानुसार यो शिलास्तम्भ बनाउने काममा श्रीपादबाट···का दाजु केदुम्बाटलाई नियुक्त गरियो" भने मात्र लेखिएको छ । यो शिलास्तम्भसंगै राजा मानदेवले स्थापना गरेको अभिलेखसहितको शिवलिङ्ग रहेको छ । दुवैको लिपि एकै भएको हुनाले यस स्तम्भलेखमा उल्लिखित 'श्रीपाद' = 'राजा मानदेव' हुन् भन्ने थाहा पाइन्छ । 'श्रीपाद' शब्दले तात्कालिक राजालाई कहन्थ्यो भन्ने यताबाट स्पष्ट छ । जैसीदेवलको वसन्तदेवको अभिलेखमा 'बप्पभट्टारकमहाराजश्रीपादानुध्यातः' भनी लेखिएको छ । (नोली १३ सं.) यसै गरी नक्साल नारायणचौरको अभिलेखमा 'राजाको भित्री इजलास' लाई 'श्रीमत्पादीयान्तरासनकरण' भनिएको छ । ('पूर्णिमा' १६ पूर्णाङ्कको ३६१ पृ.)

१. नोली १, १२, १७, १९, २३, संख्याका अभिलेख हेर्नुहोस् ।

२. 'महाराजाधिराजस्य श्यंशोः' लेखिएको अंशुवर्माको टक पाइन्छ ।

३. नोली ५०, ५५ संख्याको अभिलेख हेर्नुहोस् ।

४. नोली ६६ ६७ संख्या । ५. नोली ७०, ७२ संख्या ।

६. 'पूर्णिमा' १६ पूर्णाङ्कको ३४६, ३४९ पृष्ठ हेर्नुहोस् ।

दायाँ बायाँ तल बसेका हुन्छन् ; हतियार भिरेका सयकडन् अङ्गरक्षकहरू (आठपहरियाहरू) राजाको नजीकमा वरिपरि रहेका हुन्छन्[1] भन्ने उल्लेख चीनिया यात्रीले त्यस वर्णनमा गरेका छन् । यसबाट लिच्छविकालको राजसभाको झलक हामी पाउँछौं ।

## युवराज–

राजापछिको स्थान युवराजको रहन्थ्यो । उठानका लिच्छवि राजाहरूले 'युवराज' का रूपमा आफ्ना उत्तराधिकारी घोषित गरेको देखिंदैन । 'युवराज' को घोषणा गर्ने प्रथाको प्रचलन अंशुवर्माले गरेको देखिन्छ । आफूपछि लिच्छवि राजकुमार 'उदयदेव' गद्दीमा बसून् भन्ने अभिप्रायले अंशुवर्माले उदयदेवलाई 'युवराज' को रूपमा घोषित गरेका थिए[2] । नरेन्द्रदेवको समयमा युवराजको स्थान अझ बढी रह्यो । पहिले गद्दीनशीन राजाले पाउने 'भट्टारक' पद अब युवराजले पाउने भए । यसरी नरेन्द्रदेवको पालादेखि युवराजले पनि विशेष आसन पाएको बुझिन्छ ।

युवराजलाई शासनसम्बन्धी केही कार्यभार सुम्पने पद्धति प्राचीनकालदेखि प्रचलित थियो । यसो हुनाले लिच्छविकालमा पनि शासनको केही अभिभारा युवराजलाई सुम्पिएको आभास पाइन्छ । नरेन्द्रदेवको पालादेखि 'कुमारामात्य' नामक अधिकारीको नियुक्ति भएको उल्लेख पाइने हुनाले पनि यस कुराको अनुमान गर्ने आधार पाइएको छ । 'कुमारामात्य' नामक अधिकारीको काम खास गरी राजकुमारलाई शासनसम्बन्धी कार्यमा मदत गर्ने हुन्थ्यो[3] । राजाज्ञालाई जनतासम्म पुऱ्याउने 'दूतक' पदमा युवराज रहन लागेको देखिनाले[4] पनि यस कुराको पुष्टि हुन्छ ।

## सहायक शासक, संयुक्तशासक–

वसन्तदेवको समयदेखि नरेन्द्रदेवको उदय नहुन्जेल लिच्छविकालमा शासनको बागडोर गद्दीनशीन लिच्छवि राजाको हातबाट अरू सहायक शासक, संयुक्त शासकहरूको हातमा सऱ्यो । यसो हुनाले यस बीचको शासन व्यवस्थामा यी सहायक शासक, संयुक्त शासकहरूको स्थान उल्लेखनीय रहेको छ । रविगुप्त, क्रमलील, भौमगुप्तहरू सहायक शासकको श्रेणीमा पर्छन्[5] ।

---

१ काशीप्रसाद जायसवालको 'क्रॉनालजी यॉन्ड् हिस्ट्री अफ् नेपाल' (नेपालको इतिहास र कालनिर्णय) को आधारमा प्रा. तोत्रराज पाँडे र श्रीगुरु पं. नयराज पन्तद्वारा 'नेपालको संक्षिप्त इतिहास' को १७ पृष्ठमा उद्धृत वर्णनबाट ।

२. यस विषयमा भिन्नै निबन्धमा पछि विचार गरिनेछ ।

३. 'पूर्णिमा' ११ पूर्णाङ्कको १३–१७ पृष्ठ हेर्नुहोस् ।

४. नोली ४१, ४२, ५०, ५१, ५७, ७२,… संख्याका अभिलेख हेर्नुहोस् ।

५. नोली १५, १७, १९, २०… संख्याका अभिलेख हेर्नुहोस् ।

अंशुवर्मा पनि उठानमा सहायक शासकका रूपमा देखापरेका थिए[1] । तर पछि उनी महाराजाधिराजसम्म पनि बनी पूर्ण शासक बने । अंशुवर्मापछिका जिष्णुगुप्त र विष्णुगुप्तको स्थान अलि भिन्न रहेको छ । उनीहरू सहायक शासक मात्र थिएनन् । फेरि उनीहरूले आफूलाई अंशुवर्माले जस्तै सोझै राजाका रूपमा घोषणा गर्न पनि सकेनन् । राजाको साथ 'तत्पुरस्सरः' 'तत्सहितः' भनी लेखी तथा आफ्ना छोरालाई 'युवराज' भनी लेखी उनीहरूले आफूलाई 'संयुक्त शासक' का रूपमा देखाएका छन्[2] ।

एक शताब्दीभन्दा लामो समयसम्म शासनको बागडोर गद्दीनशीन राजाको हातमा रहेन, यिनै सहायक शासक, संयुक्तशासकहरूको हातमा रह्यो । यी शासकहरूलाई 'प्रकृतिकोप' नहोस् भन्ने कुरामा दृष्टि दिनु आवश्यक भएको थियो । यसो हुनाले यिनीहरूले आफ्नो कार्यकालमा जनतालाई स्वशासनसम्बन्धी निकै अधिकार सुम्पेका थिए । यसको विशेष चर्चा 'स्वायत्तशासन' प्रकरणमा तल गरिनेछ ।

शासनव्यवस्थामा भएको यस सुधारको दृष्टिले यो समय ध्यान दिन लायकको रहेको छ ।

## सामन्त शासक–

लिच्छविकालमा नेपाल–मण्डलको सीमा करीब करीब वर्तमान कालको जत्रै थियो । यस कुराको चर्चा अन्त गरिसकिएको छ । त्यस वेला नेपालमण्डलभित्र पूर्वतिर र पश्चिमतिर पनि सामन्त (सिर्तो तिर्ने राजा) थिए । यो कुरा हामी मानदेवको चाँगुको स्तम्भलेखबाट थाहा पाउँछौं । नेपालउपत्यकाभित्रै पनि सामन्तको उल्लेख पाइन्छ ।

यी सामन्तहरू मूल (केन्द्र)का शासकको अनुमति लिई आफ्नो इलाकाको प्रशासन चलाउँथे । यी सामन्तहरू बखत बखतमा राजदरबारमा हाजिर हुन्थे । यी सामन्तहरूको पनि राजोचित पगरी हुन्थ्यो । राजदरबारमा हाजिर हुँदा यी सामन्त शासकहरू गद्दीनशीन राजा वा अधिकारशाली सहायक शासकको पाउ ढोग्दथे[३] ।

मूल (केन्द्र)मा कमजोरी आएको मौकामा कहिलेकहीं यी सामन्तहरू स्वतन्त्र हुने चेष्टा

---

१. नोली २३–२८, ३१, ३४ संख्याका अभिलेख हेर्नुहोस् ।

२. नोली ५२–५६, ५८, ६१, ६२ संख्याका अभिलेख हेर्नुहोस् ।

३. पशुपतिको जयदेवको अभिलेखमा "दान्तसामन्तवन्दितः=कज्याइएका सामन्तहरूले ढोगिएका" भनी वसन्तदेवको वर्णन गरिएको छ । चाँगुको शिवदेव+अंशुवर्माको अभिलेखमा "प्रणतसामन्तशिरोमणिमयूखविक्षुरितचरणारविन्दद्युतिना श्रीसामन्तांशुवर्म्मणा=ढोग्न नुहेका सामन्तका शिरपेचका मणिको चहकले पाउ झलमल्ल भएका श्रीसामन्त अंशुवर्माले" भन्ने उल्लेख परेको छ । अरू अभिलेखमा पनि यस्तो वर्णन पाइन्छ ।

*पनि गर्दथे । गद्दीमा बस्नेबित्तिकै राजा मानदेवले यस्तै सामन्तविद्रोहको सामना गर्नुपरेथ्यो*[1] ।

राजा वा शक्तिशाली सहायक शासकहरू आफ्ना मन परेका व्यक्तिलाई 'महासामन्त' पदले विभूषित पार्दथे[२] । कुनै कुनै महासामन्तले 'महाराज' पदवीसम्म पनि पाएको देखिन्छ[३] ।

पूर्व र पश्चिमका सामन्त शासकको अवस्था उतातिरका ऐतिहासिक सामान नपाइएका हुनाले अहिले बुझ्न सकिएको छैन । पाटन छिन्नमस्ताको अभिलेख र काठमाडौं मीननारायणको अभिलेखबाट उपत्यकाभित्रका सामन्त शासकको अवस्थाको अलिकता झलक पाइन्छ । पाटन छिन्नमस्ताको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेखमा "अंशुवर्माले बनाएको कुलो बिग्रेको हुँदा सो कुरा सामन्त चन्द्रवर्माले हामीमा बिन्ति चढाएका थिए; अनि सो कुलो बनाउने कामको जिम्मा उनैलाई सुम्पिदिएका थियौं; उनले कुलोको जीर्णोद्धार गरेपछि सो कुलो पछि फेरि बिग्रन नपाओस् भनी थम्बु गाङशुल, मूलवाटिका यी तीन ग्रामका बासिन्दालाई सो कुलोको हेरचाह गर्ने काम सुम्पिएको छ" भन्ने कुरा परेको छ[४] । यसबाट त्यस अभिलेखमा उल्लिखित थम्बु, गाङशुल, मूलवाटिका ग्रामभेकको रेखदेखको काम उक्त सामन्त गर्दथे; उनी आफ्नो इलाकाको काम कुरो माथि विन्ति चढाई गर्दथे भन्ने बुझिन्छ । बलम्बुनिरको भेल्बुमा पाइएको अभिलेखमा पनि यी सामन्त चन्द्रवर्मा गोमीको उल्लेख आएको छ । सो अभिलेख खण्डित हुँदा कुरा राम्ररी खुल्दैन । तर त्यतातिरको प्रशासनमा यी सामन्तको हात थियो भन्ने कुरा त्यताबाट पनि अलिकता झल्कन्छ[५] ।

काठमाडौं मीननारायणको अभिलेखमा राजाको अनुमति लिई महासामन्त श्रीजीवदेवले बनाएको कुलोको रक्षाको लागि गरिएको व्यवस्थाको चर्चा परेको छ[६] । त्यस अभिलेखमा यी महासामन्त श्रीजीवदेवको ठूलो गुणगान गरिएको छ । यसबाट यिनी शक्तिशाली व्यक्ति थिए भन्ने बुझिन्छ तथा राजोचित 'श्री' र 'देव' पद यिनमा रहेको हुनाले यिनी लिच्छविराजवंशसंग सम्बन्ध राख्ने व्यक्ति थिए भन्ने देखिन्छ ।

---

१. 'इतिहाससंशोधनको प्रमाण– प्रमेय' को १०५ पृष्ठ हेर्नुहोस् ।

२. देउपाटन गणेशस्थानको अंशुवर्माको अभिलेखमा "अस्मद्भगिन्या श्रीभोगवर्मजनन्या भोगदेव्या" भन्ने उल्लेख परेको छ । यसबाट भोगवर्मा अंशुवर्माका भानिज थिए भन्ने थाहा पाइन्छ । पाटन नबहिलटोलको (हाल म्यूजियममा रहेको) अंशुवर्माको अभिलेखमा दूतक भोगवर्मा छन् । त्यहाँ उनलाई 'महासामन्त' भन्ने विशेषण लाइएको छ । (अभिलेख–संग्रह ५ भागको १४ पृष्ठ हेर्नुहोस् ।) यसबाट अंशुवर्माले आफ्ना भानिजलाई 'महासामन्त' पद दिएका थिए भन्ने स्पष्ट छ ।

३. महासामन्त क्रमलीलले 'श्री' र 'महाराज' पद समेत पाएका थिए । (नोली १५, १७ संख्याका अभिलेख हेर्नुहोस् ।)

४. यो अभिलेख तल परिशिष्टमा दिइएको छ ।

५. 'पूर्णिमा' ५ पूर्णाङ्कको ७२ पृष्ठमा यो अभिलेख छापिएको छ ।

६. यो अभिलेख पनि तल परिशिष्टमा दिइएको छ ।

देउपाटन जयवागीश्वरीको धाराको चन्द्रशमशेरको अभिलेखमा पहिले यो धारा महासामन्त रूपवर्माले बनाएका थिए भन्ने उल्लेख परेको छ[1] । महासामन्त रूपवर्माको अभिलेख त्यहाँ पहिले थियो भन्ने पनि सुनिन्छ । तर अहिले रूपवर्माको अभिलेख लुप्त भइसकेको छ । हनूमान्ढोका मुद्रासंग्रहालयमा संगृहीत लिच्छविकालको एउटा माटोको छापमा 'रूपवर्मा' अङ्कित छ । यी रूपवर्मा उनै महासामन्त रूपवर्मा हुन् भन्ने देखिन्छ । तात्कालिक यस माटोको छापले स्थानीय प्रशासनमा यिनको स्थान रहेको थियो भन्ने कुराको पुष्टि गर्दछ ।

यति कुराबाट लिच्छविकालको शासनव्यवस्थामा सामन्त, महासामन्तहरूको पनि उल्लेखनीय स्थान रहन्थ्यो भन्ने स्पष्ट छ । यही परम्पराअनुसार पछिसम्म पनि फर्पिङ, नुवाकोट आदि स्थानमा 'महासामन्त' नामधारी शासक रहेको उल्लेख पाइन्छ[२] ।

(क्रमशः)

-★-

---

१. सो अभिलेखको अलिकता अंश यस प्रकारको छ—

"श्रीसम्वत् २०५ मा श्रीमहासामन्त रूपवर्माबाट सजिबक्सेको देवपत्तन श्रीजयवागेश्वरीनिरको यो लुहिटि केही कालदेखी पानी नआउनं भै देवपत्तनवासीलाइ पानी विना कष्ट भएको जाहेर भएको हुनाले...जीर्णोद्धार गराई"

२. "सम्वत् ३८१ पौसीशुक्लदिवाअष्टम्याम श्रीश्रीपरमेश्वरपरमश्रीश्रीभीमदेवस्य विजयराज्येः । श्रीफर्नपिंगविषयाधिपतिमहाशासन्तश्रीजेतरामजीवस्य नगरेतिः ।। पविलिटोलकाधिवाशी यमभलछां दानपति अजर्शहकेन कृत भवतिः ।।"

(अभिलेख–संग्रह ९ भागको २७ पृष्ठमा यो छापिएको छ)

[ ने. सं. ३८१ (वि. सं. १३१७) पौष शुक्ल अष्टमीको दिन श्रीश्रीपरमेश्वर परमश्रीश्रीभीमदेवको विजयराज्यमा, श्रीफर्नपिंग (फर्पिंग) विषय (जिल्ला) का मालिक महासामन्त श्रीजेतरामजीवको शहरमा, पविलिटोलमा बस्ने यमभलछेंका दानपति अर्जसिंहले (यो जलद्रोणी) बनाएको हो ।]

"स. ४६५ कार्त्तिक वद्धि ५ नवक्वाठ जुग महासांवन्तटों तिपुरस सेका वया दिन ।।"

(गोपालराजवंशावली ५१ पत्रबाट)

[ ने. सं. ४६५ (वि. सं. १४०१) कार्तिक कृष्ण पञ्चमीको दिन नुवाकोटका महासामन्त जुग तिपुर (भक्तपुर राजधानी) मा···आए । ]

# लिच्छविकालका दुइ अभिलेख

## पाटन छिन्नमस्ताको

१. ॐ स्वस्ति मानगृहा[१] ··· ···दितचित्तसन्तति[२]भट्टारकमहाराज-
२. श्रीध्रुवदेवसहितो[३] निरस्तमात्सर्यविशुद्धबुद्धि[४]: प्रजाहितैषी निरवद्यवृत्त:
३. पुण्यान्वयादागतराज्यसम्पत् समस्तपौरार्चितशासनो[५] यस्स कैलासकूटभ-
४. वनाद्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यात: श्रीजिष्णुगुप्त:
५. कुशली थम्बूगाङशुल् मूलवाटिकाग्रामेषु निवासमुपगतान्कुटुम्बिन: कुशल-
६. माभाष्य समाज्ञापयति विदितमस्तु भवताम्भट्टारकमहाराजाधिराजश्रयंशु-
७. वर्मपादैर्युष्मदीयग्रामाणामुपकाराय योसौ तिलमक आनीतोभूत्प्र-
८. तिसंस्काराभावाद्विनष्टमुद्वीक्ष्य सामन्तचन्द्रवर्मविज्ञापितैरस्माभिस्तस्यै-
९. व प्रसादीकृतस्तेन चास्मदनुज्ञातेन युष्मद्ग्रामाणामेवोपकाराय प्र-
१०. तिसंस्कृतोस्य चोपकारस्य पारम्पर्याविच्छेदेन चिरतरकालोद्वहना-
११. य युष्माकं वाटिका अपि प्रसादीकृतास्तदेताभ्यो यथाकालम्पिण्ड-
१२. कमुपसंहृत्य भवद्भिरेव तिलमकप्रतिसंस्कार: करणीय एतद्ग्राम-
१३. त्रयव्यतिरेकेण चान्यग्रामनिवासिमान्न केषाञ्चिन्नेतुं लभ्यतेस्य च
१४. प्रसादस्य चिरस्थितये शिलापट्टकशासनमिदन्दत्तमेवंवेदिभिर्न
१५. कैश्चिदयम्प्रसादोन्यथा करणीयो यस्त्वेतामाज्ञामतिक्रम्यान्यथा तिलम-
१६. (क)न्नयेत्तस्यावश्यन्दण्ड: पातयितव्यो भविष्यद्भिरपि भूपतिभि: पूर्वरा-
१७. जकृतप्रसादानुवर्त्तिभिरेव भवितव्यमिति अपि चात्र वाटिकानामुद्देश(:)
१८. (थ)म(बू)ग्रामस्य दक्षिणोद्देशे पूर्वेणारामं विं मा २ तिलमकस्य पश्चिमप्रदेशे मा

---

नोलीपाठ–१.... ... ... ... २.... ... ... ... ३. श्रीध्रुवदेव[पुरस्सर:] ४.... ... ... ...
५. समस्तपौराश्रितशासनो

१९. –[दे]वकुलं पूर्वेण मा ४ मूलवाटिकाग्रामस्योत्तरतः अशिङ्कोप्रदेशे मा ८
२०. ...प्रदेशे मा १ गाङशुल्ग्रामं पश्चिमेन कडम्प्रिङप्रदेशे मा ४ कङकुल-म्प्रदेशे
२१. मा ४ स्वयमाज्ञा संवत् ४८ कार्तिक शुक्ल २ दूतको युवराजश्रीविष्णुगुप्तः

[यो अभिलेख भगवान्लालद्वारा ९ संख्याको रूपमा, नोलीद्वारा ५० संख्याको रूपमा प्रकाशित भएको छ । राष्ट्रिय अभिलेखालयमा रहेको यसको प्रतिलिपिबाट बढी पाठ पढ्न मदत पाइएको छ ।]

## मीननारायण पचली जाने बाटोनिरको अभिलेख

१. ॐ देवा वश्वितो··· ···त्मा पौरस्त्यं य···
२. –भिमुखहसिता[१] लो···रादिम्, एतच्चान्यत्रिरह्लस्त्वयि परवश···
३. न्दनीया[२] ··· ··· जलैर्वः स्वकरमपहरन्त्य(ब्धि)जा सेश्वरा (श्रीः)
४. स्वस्ति मानगृ(हा)···दितचित्तसन्ततिलिच्छविकुलकेतुभट्टारक(महा)-
५. राजश्रीध्रुवदेवपुरस्सरः सकलजननिरुपद्रवोपायसंविधानार्पित(मा)-
६. नसः कैलासकूटभवनाद् भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्प(पा-)
७. दानुध्यातः श्रीजिष्णुगुप्तः कुशली, दक्षिणकोलीग्रामे गीटापाञ्चालिका-
८. ···गान्कुशलेनाभाष्य समनुदर्शयति विदितम्भवतु भवताम्···
९. ··· ···स– विधिज्ञानादुपात्तायती रूपेणानुपमो···
१०. ···ख्यातो भृशम्पूजितः[३], इत्येवम्प्रथितोपि यः प्रियहितं प्रत्या(दि)-
११. ··· न्वितो··· ···क्षितौ[४] बलवतः शत्रून्बभञ्ज स्वयम् इत्थम्(भू)
१२. (तेन)··· ··· ···(ते)नास्मदनुमोदितेन तदात्वायति–
१३. ··· ···व्याप्रियमाणे(न) (लो)कानुग्रहप्रवृत्तचेतसा महासा(मन्त)
१४. श्रीजीवदेवेन[५] यथायन्तिलमको भवतामन्येषाञ्चोपकारायाभू-
१५. ··· पिण्डकदशभागम्प्रत्याकलय्य भवद्भिरेवोपसंहर्तव्यः···

---

नोलीपाठ– १. भिमुख. २. नीयो ३. ··· ··· ··· ४. ··· ··· ५. ···देवेन ।
राष्ट्रिय अभिलेखालयमा रहेका दुइ प्रतिलिपिमध्ये एउटामा 'श्रीजीवदेवेन' पाठ देखिन्छ ।

१६. ··· श्वरस्वामिनः पूजा पाश्चालीभोजनञ्च दिवसनियमेन- -
१७. –य तिलमकप्रतिसंस्कारश्च कालानतिक्रमेणैव कार्य इत्येषो
१८. स्य पुण्याधिकारो व्यवस्था चास्मत्प्रसादोपजीविभिरन्यैर्वा न कैश्चिदप्य-
१९. न्यथा करणीया यः कश्चिदेतामाज्ञामतिलङ्घ्यान्यथा कुर्यात्कारयेद्वा
२०. तस्या (स्मदा) ज्ञातिक्रमकृतो[१]वश्यमेव दण्डो विधातव्यो येप्यस्म (दूध्व)-
२१. (म्भू) भुजो[२] भविष्यन्ति तैरप्यात्मीय इव पुण्याधिकारे[३]स्मत्कृतप्र–
२२. ··· ···स्य रक्षायामनुपालने च (सतत) मवहितै[४]र्भवि (तव्यम्)
२३. ··· स्य देव ··· ··· ···
२४. ··· त्र इति ···

[ **यो अभिलेख** भगवान्लालद्वारा १० संख्याको रूपमा, नोलीद्वारा ५२ संख्याको **रूपमा प्रकाशित** भएको छ । पाठ शुद्धयाउँदा राष्ट्रिय अभिलेखालयमा रहेको प्रतिलिपिबाट मदत पाइएको छ ।]

–+–

# श्री ५ पृथ्वीनारायण शाहको एक नीति

## पुस्तैनी दण्ड, पुस्तैनी अधिकार

–गौतमवज्र वज्राचार्य

नेपालउपत्यका विजय हुनुभन्दा अघिको कुरा हो । पृथ्वीनारायणले चारैतिरबाट तीनै मल्ल-राज्यलाई घेरा हालिराखेका थिए । उपत्यकाभित्र मान्छे पठाई चिठी लेखी जसरी हुन्छ, त्यहाँका मानिसहरूलाई आफूपट्टि मिलाउने कोशिशमा उनी थिए । कान्तिपुरका राजा जयप्रकाश पृथ्वी-नारायणको यस कामदेखि हुनसम्म जलेका थिए । यसको बदला लिने प्रयासमा उनी लागेका थिए । त्यस वेला पृथ्वीनारायण शाह दहचोकको किल्लामा बसिरहेका थिए । युवराज प्रतापसिंह-चाहिं नुवाकोटमा थिए । जयप्रकाशले यस वेला एक जाल रचे । नुवाकोट वेलकोट र थान-

---

नोलीपाठ–१.··· ··· ···क्रमकृतो २.··· ···सम्भविष्यन्ति ३.··· ···धिकारे
४.··· ···हितै–

सिङका केही जैसीहरूद्वारा प्रतापसिंहलाई शिकार खेलाउने बहानाले चीसापानीको लेकतिर ल्याई त्यहाँ उनलाई पक्रने बन्दोबस्त उनले गरे । परन्तु पृथ्वीनारायणलाई यो कुरा बीचैमा थाहा भयो । जयप्रकाशको जाल सफल हुन सकेन । यस जालमा जयप्रकाशलाई सहयोग गर्ने जैसी-हरूलाई पृथ्वीनारायणले कडा सजाय दिए । यति मात्र होइन, सारा जैसीहरूलाई र उनका सन्तान–दरसन्तानलाई समेत लाग्ने सजायको घोषणा उनले गरे । भाषावंशावलीमा यस विषयमा यस्तो लेखिएको छ—

फेरि जयप्रकाशले पनि विचार गरी बेलकोटका जैसी थानसिङका जैसीहरूसित गठ बाँधी प्रतापसिंह साहेबज्यूलाई शिकार खेल्नाको बहानाले चीसापानीका लेकमा बँदेल धेरै पाइन्छन्, त्यहाँ शिकार गर्न भनी ल्याउनू, त्यस जङ्गलमा हजार बाह्र शय भोटे र २।३ शय खस मगर सिपाही मैले दबाइराखौंला, त्यहाँ साहेबज्यूलाई ल्याउनू र पक्राइदिनू भनी बेलकोट थानसिङ नुवाकोटका जैसीहरूलाई अह्राइपठायाछन् । तीनै ठाउँका जैसीहरू गई साहेबज्यूलाई मच्चाउँदा साहेबज्यू पनि शिकारमा पाउलागी शिवभक्तका पौवासम्म पुग्नुभयाको थियो ।

त्यसै बीचमा जगेश्वर जैसी रघुनन्दन कोइरालालाई पाटनमा आफन्तहरूसँग भेट गर्नाका बहानाले चेवाचर्चा गर्न पठाया ।

पाटनका धनवन्त काजीले 'तिमीहरू यहाँ गल्लीमा क्यान डुलिरहन्छौ, तिम्रा साहेबज्यूलाई शिकारका बहानाले चीसापानीका लेकमा ल्याई पक्रनानिमित्त १०००।१२०० भोटचा र २००। ३०० शय खस मगर हालिराखनू, म साहेबज्यूलाई मचाई ल्याउँला भनी जगत्पाँडेप्रभृति बेलकोट थानसिङ नुवाकोटका जैसीले गठ गरेका छन्, यो कुरो भयो भन्यापछि तिमीहरूले त्रिशूली गंगा तर्नुपऱ्यो, हामी इष्ट घर हौं, वेलामा चेताइदियाको छ, तिम्रा साहेबको संभार गर भनी भन्दा टोपी झिकी काखीमा च्यापी नेवारको भेष गरी रातारात दहचोकमा महाराजका हजुरमा पुगी धनवन्त काजीले भन्याका कुरा सबै विस्तार गरी बिन्ति गर्दा महाराजबाट रातारात मानिस पठाउनुभयो ।

भोलिपल्ट साहेबज्यू शिकार पाउलाग्नुभई शिवभक्तले बनाएको पौवासम्म पुग्नुभयाको वेलामा दहचोकबाट श्री ५ महाराजले पठाउनुभयाका भारादार भला मानिसहरूले बुबाको हुकूम हुन्छ, हजुरलाई नेपालबाट दगा गरी जैसीहरू आयाका छन्, हजुर फिरी नुवाकोट चाँडो पाल्नुहवस् भनी बिन्ति गऱ्या र बुबाज्यूको हुकुम भन्दा साहेबज्यू चाँडै फिरिबक्सनुभयो ।

भोलिपल्ट सबेरै ज्यूनार गरी महाराज पनि नुवाकोट आइपुग्नुभयो । एक दुइ दिनपछि बनेल धेरै छन्, चीसापानीको लेकमा शिकार खेल्न पाल्नुभया बहुतै मजा होला भनी मच्चाई तिमीहरूलाई यताबाट उठाई लैजान्या को हो भनी साहेबज्यूसँग महाराजबाट सोधनी हुँदा मलाई शिकारमा जाऔं भनी बिन्ति गर्न्या जगत् पाँडे जैसी हो भनी बिन्ति गर्नुभयो र जगत्पाँडेलाई केरकार गर्दा बोलेन ।

फेरि खुर्सानीको धुवाँको दावा (धूप ?) दिई केर्दा म मात्रै हुँ र म जस्ता मतियार आठ छन्, थानसिङका जैसी बेलकोटका जैसी नुवाकोटका जैसी सबै हुन् भनी विस्तार गऱ्या र अरू

आठ मुख्तियार (मुख्य) जैसीलाई पनि पक्री सास्ती गर्दा एउटाले भन्या कबुल्यो, अरू ७ जनाले भन्या त्यस जगत्याले पोल्दा हामीहरू नासिन्या होइनौं, न्याय बक्सनुहवस् भनी ७ जनाले बिन्ति गर्दा उनका साइतमा न्याय पसी सातै जनाले हान्या । ती ७ जनामध्ये १ जनाले त न्याय पस्याको १२ घडीपछि आफ्ना हातमा फोको देखेछ र आफैंले छुरी धसी मन्यो । बाँकी रह्याका ६ जनाले ता राजा जयप्रकाश मल्लले साहेबज्यू प्रतापसिंह शाहलाई पक्रायौ भन्या तिम्रा बिर्ताको दोबर दिउँला भनी लोभ देखाउँदा हामीले राजा जयप्रकाश मल्लको लश्कर चीसापानीका बनमा लुकाई साहेबज्यूलाई यताबाट चलाई पक्राउन आयाको हो भनी कायल भई बिन्ति गर्दा हाम्रा जियमा लाग्या यी अजिरहरूलाई राख्नुछैन भनी जगत् पाँडे प्रभृति आठै जनालाई मारिदिनुभयो । यस मतमा पस्न्या जैसीहरूका बाँधाबिर्ता हरी घरको सर्वस्व भयो ।

आजदेखि जैसीहरूलाई कसैले पाउलागी नगर्नू, सिपाहीसित दोहरो सलाम गर्नू, उपाध्याय ब्राह्मणलाई जदौ गर्नू, यिनले स्वाहा स्वधा नगर्नू भनी बन्देज बाँधिबक्सनुभयो[1] ।"

[श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ७९९–८०३ पृष्ठबाट]

यहाँ पृथ्वीनारायण शाहले प्रतापसिंहउपर जाल रच्ने जैसीहरूलाई मात्र होइन सारा जैसी जातिलाई सजाय दिएको बर्णन गरिएको छ । जयप्रकाशको मतोमा लागेका केही जैसीहरूले पृथ्वीनारायणको अहित चिताए भन्दैमा सन्तान दरसन्तानतक सारा जैसीहरूलाई शासना गर्नु युक्तियुक्त कुरा थिएन । पृथ्वीनारायण शाह जस्ता विवेकी शासकलाई यस्तो काम गर्दा उचित अनुचितको ज्ञान किन भएन भन्ने प्रश्न हामी सबैको मनमा उठ्नु स्वाभाविक छ । विचार गर्दै जाँदा यहाँ पृथ्वीनारायणको उपदेशको एक अंशको संझना हुन्छ, जो यस प्रकारको छ—

"ष्वामित्‌को नुन्‌को उधार गर्नु. कालु कबर्दारका सन्तानलाई कबर्दारि नछुटाउनु. दषिनको घाहा सिबराम बस्न्यात्‌का सन्तानलाई नछुटाउनु. भोटको घाहा कालुपाडेका सन्तानलाई नछुटाउनु."

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३२५ पृष्ठबाट)

---

१. जयप्रकाश मल्लले जैसीहरूलाई मिलाई प्रतापसिंहलाई पक्राउने जाल गरेको कुराको उल्लेख उदयानन्द अर्ज्यालको कवितामा पनि परेको छ । सो यस प्रकारको छ—

वेल्कोट् साफ भयो र गाइ द्विजमा भर् पर्छ गोर्षा भनी
गछ् भै जैसि जम्या र पक्रनमहाँ श्रीसिंहनायक् गनी ।
गैया षाइ डँडाक् अड्यो जँगलमा भन्दै ति जैसी पनी
धाया बिन्ति जयप्रकाश बहना भै धुम्‌धडाका बनी ।

[श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५१३ पृष्ठबाट]

गछ् = गच्छ (गठ), परस्परको कबोल, डंडाक् = पहाडी बाघ

(ऐ. शि. बाबुराम आचार्यको श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको सक्षिप्त जीवनीको ३९२ पृष्ठबाट)

योग्य बावुको छोरा योग्यै हुन्छ भन्ने संसारमा कुनै नियम छैन । योग्य बावुको अयोग्य छोरा र अयोग्य बावुको योग्य छोरा भएको कुराका उदाहरण प्रशस्त मात्रामा पाउन सकिन्छन् । बावुले खाइपाइआएको पद छोराले विना परिश्रम पाउने भएपछि छोरो चाहिँ त्यस पदको लागि योग्य बन्ने विशेष प्रयत्न गर्दैन र यस किसिमको वंशक्रमागत पदले देशमा योग्य व्यक्ति उत्पन्न हुन गाह्रो हुन्छ भन्ने कुरा साधारण व्यक्तिले पनि बुझ्न सक्ने कुरा छ । त्यसो भए पृथ्वीनारायणले आफूलाई रिझाएका व्यक्तिहरू प्रति अनुग्रह व्यक्त गर्ने यस्तो स्थिति बाँधेका हुन् कि त भन्ने शङ्का हाम्रो मनमा आउनु स्वाभाविक छ । परन्तु यो शङ्का गरिहाल्नुभन्दा अगाडि उनले कालु पाँडेलाई काजि पद दिंदाखेरिको घटना बिर्सनु हुन्न । पृथ्वीनारायण शाह कालुपाँडेसँगभन्दा विराज वखेतीसँग विशेषत रिझिएका थिए। परन्तु दुनियाँदारले कालुपाँडेलाई बढ्ता रुचाएको र उनको योग्यता पनि बढी देखिएको हुनाले आफ्नो इच्छाविरुद्ध कालुपाँडेलाई उनले मन्त्रिपद दिएका थिए । उपदेशमा यो कुरा यसरी भनिएको छ—

**"लम्‌जुंग्या राजा रिपुमर्दन् साहसित भेट गर्न भनि गया र चेपेघाटमा भेट भयो र घाहा य(घ)रेसका बात गर्दा जौना कुराले घाहा वाधुला भंने जढ कुरो मेरा पेटमा थियो सोहि जढ कुरो कालु पाडेले गन्यो र घाहा बलियो बस्यो र मलाई आसर्जे लाग्यो र तर मलाई ता रिझायो. दुनिञा जसदेषी राजि रहन्छन्, उसैलाई काजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ वुनिञामा बुझिहेरं भनि बुझिहेर्दा दुनिञाँबाट पनि कालुपाडेको चाहा रहेछ र कालुपाडेलाई कजाई दिनुभया हामी दुनिञाँदारमा छाहारि रहँदो हो भन्न्या सल्लाहा दिया र अब बाईसि चौबिसिले क्या भन्छन् भनि बुझ्नुहुदा बाईसि चौबिसिबाट पनि कालुपाडेकै चहा रहेछ र कालु पाडेलाई कजाजि भया घाहा घराईस् बलियो राषन्यैछ भन्ने सल्लाहा दिया. मेरा मनमा ता बिराजबषेतिलाइ कजाई दिन आटेको थियो तर ज्याधा बुद्धी कालुपांडेकै ठहऱ्यो र कालुपाडेलाई कजाजि भयाको हो"**

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३१८–१९ पृष्ठबाट)

उपदेशको यस अंशबाट पृथ्वीनारायण शाह आफूलाई रिझाउने व्यक्तिभन्दा बढी योग्य व्यक्ति कोही छ भने उसैलाई जागीर दिंदा देशको भलो हुन्छ भन्ने कुरामा पूरापूर विश्वास गर्दथे तथा योग्यताकै आधारमा पद दिन्थे भन्ने कुरा स्पष्ट बुझिन्छ । यस विषयमा उपदेशको तल उद्‌धृत अंशबाट अझ बढी कुरा हाम्रो मनमा चढ्छ—

**"पजनि गर्दामा पनि सये नालका कंम्पनी जमाउनु र सये नालका सुबेदार चार पाच लडाञीमा जस पाई आयाका यस्ता आफुले जाचि सुबेदार हाल्नु सुबेदारले पनि सातपगरि दुई चार बाढ षायाका यस्ता सातपगरि हाल्नु, सातपगरिले स्वह्र हुदा हाल्दा आफुसित मर्ने मान्यं जाची १६ हुदा हाल्नु. १६ हुदाले पनि आफुसित मर्ने मान्यं जाची सिचाही हालि आपना आपना पट्टि भर्ना गर्नु ...**

राजाले बिबेक राषीदिया देस देसका सिपाहि पनि आसा राषी आउन्छन् र यस्व भया तरवारीया सिपाहि हात लाग्छन्"

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३२६–२७ पृष्ठबाट)

लडाइँमा देखाएको योग्यताको आधारमा सैनिकहरूलाई जागीर दिनुपर्छ भन्ने कुरा पृथ्वीनारायणले यहाँ स्पष्ट शब्दमा बोलेका छन् । राजाले यसरी योग्यताको कदर गरे देशदेशका योग्य सैनिकहरू पनि गोरखाली सेनामा भर्ना हुन आउँछन् र सैनिक शक्ति मजबूत हुन्छ भन्ने भाव पनि यहाँ प्रकट गरिएको छ ।

यसरी पृथ्वीनारायण शाह योग्यताको पूरापूर कदर गर्ने विवेकशील व्यक्ति थिए भन्ने कुरामा शङ्का गर्ने ठाउँ रहँदैन । यस कारण कबरदारको काममा कालुकबरदारका सन्तान दक्षिणको घाहासम्बन्धी काममा शिवरामसिंहका सन्तान, भोटको घाहासम्बन्धी काममा कालुपाँडेका सन्तान जति योग्य हुन्छन्, त्यति अरू हुन गाह्रो हुन्छ भन्ने पृथ्वीनारायणको विचार थियो भन्ने कुराको सजिलैसँग अनुमान हुन्छ । अर्थात् बाबुले गरेको काम हेर्दाहेर्दै छोरा त्यस काममा सजिलैसँग सिपालु हुने, त्यही काम अरूलाई गर्न दिंदा अनुभवको अभावले गर्दा किनारा लगाउन नसक्ने देखिएकोले पृथ्वीनारायणले यस्तो बोलेका हुन् भन्ने यताबाट बुझिन्छ । परन्तु सैनिक क्षेत्रमा योग्यसैनिकको छोरालाई मात्र योग्य लडाका भई निस्कन सजिलो पर्छ भन्ने कुरा गोरखाराज्यमा थिएन । हरबखत भने जस्तो लडाइँ चलिरहने हुनाले गोरखा राज्यका हरेक युवकलाई योग्य सैनिक बन्नु गाह्रो थिएन । बावुबाट अथवा आफूभन्दा जान्ने मान्छेबाट उनीहरू सजिलैसँग रणशिक्षा हासिल गर्दथे[१] । केटाकेटीदेखिन् फलाना ठाउँमा यस्तो लडाइँ भयो, फलानाले यसरी वीरता देखाए इत्यादि कुरा सुन्दै हुर्केका गोरखाली युवकहरूलाई लडाइँ एक किसिमको वीरताको खेल जस्तो बनेको थियो । यस कारण पृथ्वीनारायणले सैनिक क्षेत्रमा पुस्तैनी अधिकार दिनु आवश्यक संझेनन् र रणकुशलताको आधारमा जागीर दिने चलन उनले चलाए । राजदरबार-सम्बन्धी काममा र परराष्ट्र सम्बन्धी काममा चाहिँ उनले पुस्तैनी अधिकार दिंदाखेरि काम राम्रो चल्ने उनले देखे । यसै गरी नुवाकोटमा शासनव्यवस्था सुचारुरूपमा चलाउन पनि वंशक्रमागत पद दिनु नै वेस संझी उनले त्यसै गरे । यो कुरा पृथ्वीनारायणले नैजराम मेधासीलाई लेखेको तल उद्धृत पत्रबाट हामी थाहा पाउँछौं—

---

१. सरकारबाट यस कुरामा प्रोत्साहन मिल्दथ्यो । यो कुरा गीर्वाणयुद्धविक्रमले वि सं. १८६७ असोजमा सर्दार भक्तिथापालाई पठाएको पत्रको यस अंशबाट बुझिन्छ—

स्वास्नी र छोरा षस्याका अर्थ उत्पति प्रलयको मालिक् (ईश्वर) छ सन्सारको चलन् जन्मनु मर्नु लाग्यैको छ. उस्का ईछाले उंन्लाई लैग्यो तपनी घरमा कविला अरू छोरा छँदैछन्, तेस् कुराको फिकर गरि केहि पुर्दैन, रहन्यालाई सधाई सिकाई तेरा बिंडामा बसि हाम्रो टहल् पुर्याउँन सक्न्या गरि तयार गराउंन्या काम गर्नु"

(पूर्णिमा २० अङ्कको ३०४ पृष्ठबाट)

"आगे नैजराल मेदासिके तिम्रा द्वारि षानगि खाई नूवाकोटमा रहनू. नुवाकोटमा जो परिआयाको डंडकूण्ड पँचखत्समेत खानु रहितानमा खोजि नपस्नू. नुवाकोट भरअम्बलका चार वर्ण छतिसै जातले बस्याका घरबारि सूवराको सेर्मा र साउन्याफागू छाला पँला जनमानुसमेत माफ् गरिबक्स्यौं, थरघर सामेल राखि कटूवाल लोहार जो भयाका पनि आफ्ना तजबिजले राखि निमिकको स्वझो चिताईरहनू तिम्रा दरसन्तानलाई हाम्रा दरसन्तान भैभारादारले नखोसनु जस्ले खोसला तस्को धर्म नष्ट.

ईति साक १६९१ माघमासे कृष्णपक्षे गुरुवासरे शुभम् ।"

[श्री ५ पृथ्वीनारायण शाहको उपदेशको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीका १४३ पृष्ठबाट]

बाबुबाज्येले गरेर आएको काम उनका छोरानातीलाई सुम्पदा काम राम्रो बन्छ भन्ने विचार पृथ्वीनारायणको थियो भन्ने कुरा यस पत्रले पनि बताएको छ । यसैले उनले वंशपरम्पराअनुसार उनका छोरा नातीहरूले मात्र पाउन सक्ने यी पद खडा गरेका हुन् भन्ने कुरा स्पष्ट छ । योग्य बाबुका योग्य छोरा भए जस्तै अयोग्य तथा दुष्ट व्यक्तिको सन्तान पनि अयोग्य तथा दुष्ट भएर निस्कन धेरै सम्भव छ भन्ने कुरा पनि उनको मनमा कताकता जमेको प्रतीति हुन्छ । यो कुरा उनले जैसीहरूलाई दण्ड दिएको घटनाको आधारमा भन्न सकिन्छ । वंशपरम्परामा रहेको यही आस्थाले नै पृथ्वीनारायणले जैसीहरूलाई दण्ड दिदा खेरि पनि उनका छोरा नातीसम्मलाई पनि लाग्ने गरी सजायँको घोषणा गर्दा उचित अनुचित विचार उनलाई नभएको देखिन्छ ।

अब यहाँ यो लेख टुङ्ग्याइहाल्नुभन्दा अगाडि पृथ्वीनारायणले पुस्तैनी अधिकार दिने यस किसिमको पद्धति किन चलाए भन्ने विषयमा विचार गर्नु अत्यावश्यक छ ।

मानिस दुइ प्रकारले योग्य बन्न सक्छ, शिक्षा दीक्षाबाट तथा अनुभवबाट । त्यसताका नेपालमा शिक्षा के कस्तो रूपमा चलेको थियो भन्ने कुराको चर्चा अन्त गरिसकेका छौं[1] । राजनीतिलाई उपयुक्त हुने शिक्षा दिनुपर्छ भन्ने भावनासम्म पनि त्यस ताकाको शिक्षित व्यक्तिहरूको मनमा थिएन[2] । कर्मकाण्ड गर्ने पुरोहित, तन्त्रमन्त्र गर्ने सिद्ध, व्यासासनमा बसेर पुराण

---

१. गल्लीमा फ्याँकिएका कसिङ्गरको उपोद्घातका ६०–६५ पृष्ठ हेर्नुहोस् ।

२. यो कुरा रणबहादुर शाहको पाठ्यपुस्तकहरूको सूची हेरे थाहा हुन्छ जुन यस प्रकारको छ—

नित्यपूजापद्धति, रहस्य (मन्त्र, ध्यान, न्यास, चित्र, सहस्रनाम आदि), चित्रकारले लेखेको योगचक्र, विशाङ्कनिरूपण, श्रीतलेजुदमनारोहण, चित्रकारले लेखिराखेको षट्चक्रयोग, चौरासि आसन, महाकालसंहिता, शैवतन्त्र।काश भैरवकल्प, तन्त्रराज, नीलतन्त्र, षोडशनित्यतन्त्र टीकासमेत, कामाक्षातन्त्र, चीनाचारसारतन्त्र, समयाचारतन्त्र, योगिनीतन्त्र, निर्वाणतन्त्र, कुलार्णवतन्त्र, रुद्रयामलतन्त्र,

भन्ने पण्डित, सभामा बसी अध्यात्मविषयमा र धर्मशास्त्र विषयमा शास्त्रार्थ गर्ने महारथी, कोठामा बसी कविता गर्ने कवि, पात्रो हेर्ने ज्योतिषी र सामान्य वैद्यलाई काम लाग्ने शिक्षाको मात्र विशेष प्रचार त्यसवेला थियो । राजगुरुहरू राजकुमारलाई पाठपूजा गर्न सिकाउँथे[1] । कविहरू रालकुमारहरूलाई शृङ्गाररसमा भुलाई आफ्नो दुनो सोझ्याउन लागेका थिए[2] । पण्डितहरू देशभक्तितिरभन्दा स्वार्थ भक्तिमा बढ्ता लहसिएका थिए[3] । यस कारण पृथ्वीनारायण शाहले यी पण्डितहरूको बहकाउमा लाग्नुभन्दा आफ्नै वुद्धिले निर्णय गरी काम गर्नु असल संझे । यो कुरा उनको 'जीवन-चरित्र' को तलको अंशले प्रकट गर्छ—

**"वाहाँदेषिन् सत्यधर जोसी गोविन्द जोसि अर्ज्याल गितारान पण्डित इति सकलले सल्लाह गरी विवाहराध्याय श्री ५ महाराजा पृथ्वीनारायण शाहलाई सुनाउँदा भया. हजुर्बाट विवारा-**

---

हाहारावतन्त्र, कालोत्तरतन्त्र, कालीतन्त्र, शर्भेश्वरतन्त्र, श्यामाकवच, कालीकवच, महाकालकवच, देवदेवतालाई पूजा संकल्प संग्रह र पुष्प चढाउने पद्धति, श्रीमहानारायणमन्त्र, राजस्तोत्र गोपाल-सहस्रनाम, अनेक देवदेवताको चित्रसहितको स्तोत्र, काशीखण्डगङ्गासहस्रनाम, वक्रतुण्ड–गणेश सहस्रनाम, विष्णुसहस्रनाम, गङ्गास्तोत्र' शरभसहस्रनाम, शरभकवच, शरभमालामन्त्र, शरभस्तोत्र, शिवस्तोत्र, आपदुद्धारवटुकस्तोत्र, शरभपूजापद्धति, श्यामास्तोत्र विष्णोर्मानसी पूजा, गुप्तकाली-स्तोत्र, आदित्यहृदय, सरस्वतीस्तोत्र, वज्रजोगिनीभुजङ्गप्रयातध्यान, भुवनेश्वरी कवच, नृसिंहकवच, कर्पूरस्तुति आदि चित्रसमेत, हिमवत्‌खण्डे गुह्येश्वरीस्तोत्र, छायापुरुषलक्षण, काशीदीक्षितकृता लक्षहोमपद्धति, गीताभाष्य, यसको टीका, भागवत, शंकराचार्यविरचित वेदसिद्धान्त, बृहस्पति–विरचित स्वप्नाध्याय, शंकराचार्यविरचित आत्मबोध, शंकराचार्यविरचित सुधनाम–प्रकरण, वेद, ईश्वरकार्तिकेयसंवाद तत्वसार, तुलसीदासकृत चतुर्दश दण्डक, छान्दोग्योपनिषद्‌भाष्य, हितोपनिषद्‌भाष्य, छान्दोग्योपनिषद्, अथर्ववेदोपनिषद्, उपनिषद, ब्रह्मणोपनिषद्‌भाष्य, मांडूक्योपनिषद्‌दीपिका, पारस्करगृह्यसूत्रव्याख्यान, सुन्दरदासविरचित योगको थ्यासफू, चिन्तामणिविरचितायां हठयोगशास्त्र बालवुद्धिप्रकाश, बौद्धमार्गको डाकार्नाथ तन्त्र, निर्वाणसंहिता, बौद्धमार्गको प्रत्याङ्गिरास्तोत्र सामुद्रिक, सामुद्रिक उदित जातक, शारङ्गधर वैद्यशास्त्र, पाकावली, शारीरिक भाष्य, रमलशास्त्र.

(चित्तरञ्जन नेपालीको श्री ५ रणबहादुर शाहका १४९–५० पृष्ठबाट)

यो लामो फिरिस्तमा राजनीतिसम्बन्धी एउटा पुस्तक पनि परेको छैन । यस किसिमको शिक्षाले राजकाजको काममा वस्तुस्थिति बुझ्न सक्ने योग्यता पैदा गर्नु सट्टा अकर्मण्यता तथा मानसिक द्विविधा मात्र उत्पन्न गर्नु स्वाभाविक छ । यो कुरा रणबहादुर शाहको चरित्रले हामीलाई बताइरहेको छ ।

१. त्रिरत्नसौन्दर्यगाथाको उपोद्‌घातका ७८–७९ पृष्ठ हेर्नुहोस् ।

२. श्री ५ पृथ्वीनारायणशाहको उपदेशका ४७९–८१ पृष्ठ हेर्नुहोस् ।

३. श्री ५ पृथ्वीनारायणशाहको उपदेशका १०१९–२३, १०४८–५० पृष्ठ हेर्नुहोस् ।

ध्याय श्रवण गरी बक्सनुभया बढिया होला. क्या अर्थले भन्या विवाराध्याय नजर गर्नुभयापछि विरामअंसारको दण्ड सासना गर्नालाई सास्त्रोक्त विधिले बढिया हुन्छ. तदर्थ राजा भई विवाराध्याय नजर् गर्नुपर्न्या हो भनी बिंति गऱ्याको हो भनि बिंति गर्दा भयाछन्. वाहाँदेषिन् श्री ५ माहाराज पृथ्वीनारायण शाहबाट कोसंग छ. मिताक्षराको विवाराध्यायको पुस्तक कोसित (छ,) ल्याऊ हेरूं, तब कस्तो रहेछ भनि हुकुम हुँदा मिताक्षराको पुस्तक षोजदा गोर्षामा पायेनन्. नपाउँदा ननहुँमा पठाई तनहुँबाट पुस्तक आयो र विवाराध्यायको १०।८ श्लोकको अर्थ श्री ५ महाराजा पृथ्वीनारायण शाहबाट श्रवण गरि हुकुम हुँदो भयेछ. कस्तो हुकुम भयेछ भन्या यो बेवराध्यायको सुनि बुझि सो माफिकसित आफ्ना विरानाको पक्षपात नगरी जस्ताको तस्तो पारी गर्नु भन्याको बडो कठिन रहेछ. मुष्य त यस जुगमा यथोक्त गरी काज गर्न्या राजा पनि पाउन कठिन. यथोक्त धर्मवक्ता पण्डित पाउन पनि कठिन. सास्त्रोक्त पारि वाजवि बोलन्या एस्ता सभासद मिलनाकन पनि कठिनै छ. तदर्थ व्यवहाराध्याय हेऱ्यापछि व्यवहाराध्यायमा जो कह्याको ज्यथोक्त पारि जस्ताको तस्तो गरि दण्ड गर्न नसक्यादेषिन् सास्त्र हेऱ्याको फल केही लागेन. उस्मा पनि मैले त षेलषाल छलछाम गरि संग्राम गरि सत्रु हटाई मुलुक साध्य गर्नु परिरहेछ. यस् घरिमा मैले व्यवहाराध्याय हेर्न्या वषत छैन. क्या अर्थले भन्या व्यवहाराध्याय हेऱ्यापछि त्यस्मा कह्याको नगऱ्या ज्यादा पाप लाग्ला नहेऱ्या त उस्तो पाप लाग्ला भन्या जस्तो लाग्दैन भनि हुकुम हुँदा सबैले वेस् हुकुम भयो भनि बिंति गर्दा भया. वाँहाँदेषिन् श्री ५ माहाराज पृथ्वीनारायण शाहबाट दुनिञाको जान अजान प्रजा प्राणि लालावाला केही चुक्या विरायामा धर्माधिकार तुल्याई राजाले गर्न्या भयो. सभासदले गर्न्या भयो. धर्मसास्त्रले गर्न्या कार्य धर्माधिकारैका शीर हालि बक्सनुहुँदो भयो."

(श्री ५ पृथ्वीनारायण शाहको जीवन–चरित्रका २९–३० पृष्ठ)

पण्डितहरूसँगको सरसल्लाहबाट राजकाजलाई काम लाग्ने कुरा हात लाग्न सक्दैन भन्ने भाव पृथ्वीनारायणले यहाँ व्यक्त गरेका छन् । अर्थात् जुन शिक्षा पण्डितहरू पाउँछन् त्यो राजकाजलाई उपयुक्त छैन भन्ने कुरा पृथ्वीनारायणले बुझेका थिए । उनको उपदेशमा पण्डितहरूबाट हुन सक्ने एउटा कामको उल्लेख छ, त्यो हो अदालतमा धर्मशास्त्रको विषयमा सल्लाह लिने । त्यस वेला नेपाली भाषामा ऐन बनेको थिएन । अपराधीहरूलाई धर्मशास्त्रमा के कस्तो सजायँ दिने लेखिएको छ, त्यो कुरो बुझ्न संस्कृत भाषा जान्ने पण्डितको सहायता चाहिन्थ्यो । यस कारण अदालतमा न्याय–निसाफ गर्नाको लागि एक जना पण्डितको आवश्यकता हुन्थ्यो । उपदेशमा यो कुरा यसरी लेखिएको छ—

"अदालथमा पनि ठकुरि जाचि डिष्ठा राष्नु. मगर जाचि बिचारि थापनु. कचहरिपिछे यक् यक् पण्डित राषी निञासास्त्रबमोजिम् अदालथ चलाउनु."

(३२९ पृष्ठबाट)

यताबाट पण्डितहरूले आफ्नो ज्ञानद्वारा पृथ्वीनारायणलाई मद्दत गर्न सकेको भए धर्मशास्त्रको विषयमा सल्लाह लिन उनीहरूलाई नियुक्त गरे जस्तै अरू अरू विषयमा पनि पण्डितहरूबाट

उनी काम लिन्थे भन्ने कुरा बुझिन्छ । परन्तु पण्डितहरूको राजनीतिशिक्षाको अभावले गर्दा यो कुरा संभव भएन । पण्डितहरूबाट महाभारत रामायण तथा पुराण सुनेर राजनीतिसम्बन्धी केही ज्ञान हासिल गर्न सकिन्थ्यो[1], तर त्यो ज्ञान पर्याप्त थिएन ।

यसरी राजनीतिलाई चाहिने शिक्षाको अभाव भएको हुनाले शिक्षाको आधारमा राजकाज चलाउन सक्ने योग्य व्यक्तिको खोजी हुन सक्तैनथ्यो । यस कारण अनुभवबाहेक योग्यताको आधार त्यहाँ अरू केही थिएन । बाबुबाजेले गरेर आएको काममा उनका छोरानातीलाई जति अनुभव हुन्छ, त्यति अरूलाई झट्ट हुन सक्तैन । यस कारण पृथ्वीनारायणले राजदरबारसम्बन्धी, परराष्ट्रसम्बन्धी तथा केही राज्यव्यवस्थासम्बन्धी कुरामा वंशक्रमागत पद दिने पद्धति चलाउनु परेको थियो भन्ने कुरा स्पष्ट छ ।

—०—

# ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना

—देवीप्रसाद भण्डारी

ऐतिहासिकशिरोमणिज्यूले आफूले रचना गरी प्रकाश गराउनुभएको "श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" मा पृथ्वीनारायण शाहसम्बन्धी अहिलेसम्म प्रकाशमा आएका सबैजसा ऐतिहासिक सामानहरूको ठूलो परिश्रमसाथ मनन गरी त्यसको विद्वत्तापूर्वक विश्लेषण गर्नुभएको छ । अहिलेसम्म थाहा नपाइएका अनेकन महत्वपूर्ण ऐतिहासिक उपकरणहरू पनि उहाँको ग्रन्थमा समावेश गरिएका छन् । जसले गर्दा उहाँको त्यस ग्रन्थको गुरुता अझ बढेको छ । उहाँको परिपक्व विचारबाट निस्केको सो ग्रन्थ ज्यादै उपादेय छ । त्यसको प्रशंसा नगरी रहन सकिन्न । केही शङ्का लागेका कुरा यहाँ लेखेको छु । यो कुरो वास्तव इतिहास प्रकाश गर्नाका लागि जिज्ञासुभावले गरिएको हो ।

"श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" तेस्रो भागका ५००–५०१ पृष्ठमा यस्तो लेखिएको छ—

"गोर्खाबाट फर्केपछि श्री ५ पृथ्वीनारायण शाह कान्तिपुर दखल नभएसम्म त्यहीं रहेका देखिन्छन् । उनले इन्द्रयात्राको समय पारेर नुवाकोट दखल गरेका थिए र पहिला पटक नालदुम

१. पूर्णिमा १२ अङ्कको ७९ पृष्ठ हेर्नुहोस् ।

दखल गर्दा पनि इन्द्रयात्राका पूर्णिमाको दिन पारेका थिए । इन्द्रयात्राका समयमा कान्तिपुरका राजा प्रमान र रैतीसमेत नाच तमासामा मस्त रहने हुनाले यसबाट उनले दुइ पटक लाभ उठाइसकेका थिए; तेस्रो पटकलाई पनि इन्द्रयात्राको समयलाई नै अठोट गरेका थिए र ज्योतिषी कुलानन्द ढकालले पनि अनुकूल समयमा उत्तम साइत भेट्टाएका थिए ।

यसैबीच १७६८ को इन्द्रयात्राको समय नगिचै आइरहेको थियो । कान्तिपुरको नाकाबन्दी पनि पूरा जोरतोरकासाथ चलेको थियो । अब जयप्रकाश मल्लको आँतको अन्तिम परीक्षा गर्नु र शहरभित्र घुस्ने ठाउँको टुङ्गो लगाउनु बाँकी थियो । यसका निम्ति श्री ५ पृथ्वीनारायण शाहले कान्तिपुरका उत्तरपट्टि शहरको गिर्दापर्खालबाहिर रहेको ठवहिललाई रोजेर उनले आफ्ना सैनिक पठाएर त्यहाँ अधिकार गर्न लाए ३ (३ सेप्टेम्बर) । तर शहरको गिर्दा पर्खालसित जोरिएको ठाउँमा गोर्खालीले अधिकार जमाउँदा पनि राजा जयप्रकाश मल्लले आफ्ना सैनिक पठाई त्यताबाट गोर्खालीलाई हटाउने आँट गर्न सकेनन् र यिनी चुपलागेर बसिरहे । उता ठवहिलतिरबाट घुसेर कान्तिपुरको राजदरबारमा अधिकार जमाउन सैनिक दृष्टिले कठिन देखियो । यसो हुँदा श्री ५ पृथ्वीनारायण शाहले ठवहिलबाट आफ्ना सैनिकहरू फिर्ता बोलाई शहरका पश्चिमभागतिर दुई ठाना बार्न श्रीकृष्ण पाठकलाई खटाए,[४] (१४ सेप्टेम्बर) ।"

यस कुराको पुष्टिको लागि सोही पुस्तकको ५२३ पृष्ठमा ऐतिहासिक शिरोमणिज्यूले यस्तो टिप्पणी दिनुभएको छ—

"३—कप्तान कालु पाँडेले लेखेको तिथ्यावलीको मसंग रहेको टिपोट–अनुसार संवत् १८२५ भाद्र २२ गते ।

४—श्री ५ पृथ्वीनारायण शाहले श्रीकृष्ण पाठकलाई लेखेको जैसीकोठामा नक्कल रहेको तल लेखिएबमोजिमको पत्रअनुसार:—

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारायण साहदेवानां सदासमर विजयीनाम्. स्वस्तिश्री राजभारा सामर्थ श्रीश्रीकृष्ण पाठकके शलाम पूर्वक पत्रम् आहां कुसल तांहा कुसल चाहिय उप्रान्त ठाना घालन्या कुरो वारंवार विन्ति गरि पठायाथ्यौ, ठाना घालन्या ताक त हिजो आज हो घैया पाक्यो घैया हात लागन्या गरि ठाना घाल्या संभार होला ठाना ठानाको सराजाम तयार भयाको छ भनि कालु छेउ लेखि पठाया छौ चार ठानाको सराजाम तयार गर्‍या पो दुइ ठाना तयार हुंछ कतिले डेरा डंडा गर्दा त वल्ल वल्ल दुइ ठानाकन सराजाम पुग्छ: तस्कारण चांडा गरि चार ठानाको तयार गर र तव घैया हात लागन्या गरि ठाना २ वारौला चांडै सराजाम गर किमधिकम् भाद्रसुदि २ रोज ४ मुकाम कीर्तिपुर शुभम् ।"

यो पत्र ऐतिहासिक शिरोमणिज्यूले वि. सं. १८२५ भाद्रशुक्ल द्वितीयाको हो भन्ने सम्झी यहाँ उल्लेख गर्नुभएको रहेछ । तर वि. सं. १८२५ को पञ्चाङ्ग तथा गणनाबाट यस पत्रमा उल्लेख गरिएको वार मिल्दैन । वि. सं. १८२४ को पञ्चाङ्ग तथा गणनाबाट उक्त वार

मिल्न आउँछ । त्यस कारण वि. सं. १८२४ भाद्र १४ गते बुधवार भाद्र शुक्ल द्वितीयाका दिन यो पत्र लेखिएको देखिन्छ । विचार गर्न सजिलो होस् भन्नाका निमित्त ती दुवै सालको पञ्चाङ्ग तल दिइन्छन्—

वि. सं. १८२४ भाद्रशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| भाद्र | १४ | बुध | द्वितीया | ३२ । ० |

(पात्रोबाट)

वि. सं. १८२५ भाद्रशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आश्विन | १ | मङ्गल | द्वितीया | १२ । २९ |

(पात्रोबाट)

यस विषयमा फेरि एक पटक ऐतिहासिकशिरोमणिज्यूले विचार गरिदिनुहोला कि भनी उहाँसंग प्रार्थना गर्दछु ।

"श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" को तेस्रो भागको ५५५ पृष्ठमा यस्तो लेखिएको छ—

"यस समयमा वंगालकौन्सिलका गभर्नर कार्टियर थिए । यिनले पटना कौन्सिलका हाकिमको उक्त पत्र पाएपछि तौतरप्रगन्नाको विषयमा अरू विस्तृत विवरणको माग गरे । त्यसमा यस प्रगन्नाको इतिहास, यस प्रदेशमा मकबानपुरका राजाहरूको अधिकार भएको हुँदा यस नाताले उनीहरू बिहारप्रान्तका जमीन्दार मानिन्थे अथवा मानिन्नथे र अहिले गोर्खालीले मकवानपुरमा अधिकार गरेपछि तौतरप्रगन्नाको 'पेशकश' कसले तिर्दै आएको छ र त्यो रकम कति र कुन रूपको टुङ्गो लागेको थियो सो सबै विषयमा विस्तृत विवरण पठाउने आज्ञा यिनले दिए ।

पटना कौन्सिलका हाकिमले पनि यस विषयमा पटनामा रहेका स्रेस्ताबाट देखिएका सबै विवरणका साथ तौतरप्रगन्नाका इतिहासका विषयमा राजा सिताव रायले लेखेको पत्रसमेत सामेल ८ गरी कलकत्ताका गभर्नरछेउ पठाइदिए (३० जुलाई १७७१) ।"

यसको प्रमाणका लागि ऐतिहासिक शिरोमणिज्यूले ५६०–६१ पृष्ठमा यस्तो टिप्पणी दिनुभएको छ—

८–"बंगाल पाष्ट एण्ड प्रिजेण्ट" नामक छ महीने पत्रिकाको इ. सं. १९३२ का उत्तरार्द्धमा राजा सिताव रायले दिएका तौतर प्रगन्नाको इतिहास प्रकाशित भएको रहेछ र त्यसको सारांश ज्ञवालीज्यूको "पृथ्वीनारायण शाह" पृ. १२९–३३० मा प्रकाशित भएको छ । यसमा इ. सं. १५५६ देखि १७६३ सम्मको वृत्तान्त रहेको छ तापनि ज्यादा छोटचाइएको हुनाले स्पष्ट हुन आएको छैन । चौधरीज्यूका ए. ने. रि., पृ. ४५ मा सितावरायले दिएका

तौतरप्रगन्नाका वस्तीहरूका नाम दिइएका छन् । पुराना नाम भएका, उच्चारण अशुद्ध भएका अथवा पछि नाम बदलिएका हुनाले र अधिकांश स्थलहरू इ. सं. १८१४–१६ का युद्धपछि अंग्रेजी राज्यमा मिलाइएका हुनाले सिताब रायले नाम गनाएका स्थलहरू वर्तमान समयमा पत्ता लगाउन असंभव जस्तै भएको छ ।

सुब्बा दीनानाथ पटनामा रहेका समयमा राजा सिताव रायले तौतरप्रगन्नाका सीमानामा चक्कर लगाएका थिए । यस प्रगन्नाको इतिहास तयार पार्न र त्यहाँको स्थानीय परिस्थिति बुझ्न उनले यो चक्कर लगाएका अनुमान हुन्छ । यस विषयमा प्रकाश दिने श्री ५ पृथ्वीनारायण शाहले ज्योतिषी कालू पाँडेलाई लेखेका र जैसीकोठामा नक्कल रहेको पत्रको प्रतिलिपि तल लेखिए बमोजिमको छ,—

"स्वस्ती श्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादिविविधवरुदावली विराजमान मानोन्नत श्री महाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वी नारायण साहदेवानाम् सदा समर विजयिनाम् स्वस्तिश्री राजभारा समर्थ श्रीकालु पांडेकै प्रणम् पूर्वक पत्रमिदं इहा कुसल तांहां कुसल चाहिय. पत्र आयो अर्थ मालुम भयो. आगे आहाको समाचार भलो छ उप्रान्त चिठि १ तैले र भद्र साहिले अघि चढाइ पठायाको फागुनका दिन ११ शुक्रवार व्यांहांन आई पुग्यो चिठि १ तेरो चिठि १ भद्र साहिको तेसै दिन व्यालुका आई पुग्यो अधिको चिठिमहा धन सौपन्या होकि होइन भनि विंति गरि पठाई छस्. सुन्यौं. त्यो धन् सौंपि देउ अरुजो वाकि धन् छ इहाबाट पठाउछौ तिमिहरुले एक फागुन त इहा आउन्या पर्दैन तांहिका सभार गरि उप्रान्त अरु धनका अर्थ कन सात दिनको भाका राष्याकाछौ । सात दिन महा ताहा धन कसो गरि पुग्ला. पांच छय दिनमहां त ताहाबाट पठायाका मानिस् आई पुग्या. ताहावाट फागुन वदि १२ सोमवारका दिन (प)ठायाका मानिस् फागुन सुदि १ शुक्रवार इहा आई पुग्या. उप्रान्त भिर्कोटचाराजा(ला)इ भन्याको वाज् पठाइ दियाको छु पुग्ला वाकि भिर्कोटचा चौतरियालाई हाति १ हजार १ रुपैया कवोलिछस– भलो चौतरियालाइ कवोल्याको धन् पनि पठाउछौ. नवाकोट हताउन्या अर्थगरौ. भरिसक्च भयाको धन् सौं अरु धन् षोजमेल गरि चांडै पठाउछौ । रिंसिको हाति लिन वनायाछौ. इहांबाट पनि धन् चाडै पठांउछौ उप्रान्त पश्चिम विहार विंति गरिपठा. काजि पल्पा गया भनि विंति गरि पठाई छस्. हामिले पनि जोर १ मानिस् काजि सम्म पठाऔ. उप्रान्त पठनाको सुव्वा सिताव राई भन्याको वा हामिसित लडनाकन हो. वा अरु कामकन हो. केसरिया सम्म आयोथ्यो. फिरि फर्क्यो र पटनै गयोभन्या वारा पर्सा महा पनि तिलङ्गा पातलै छन् ति पनि टिकन्या डव्ल छैन. पूर्व पनि फरासिस्को र अंग्रेजको पनि धूम छ उप्रान्त, वघाहा जुड पानि. पठरौनाको कोठि जति थिया उठि कन पूर्व गया. क्यान गया भंदा पूर्वका धूम धामले गया भन्छन्. नेपालको हकिगत उत्ति कै छ. तिमिहरुलाई षर्च पनि पठाई दिछौं. त्यो धन् भयाको सौपि देउ. अरु धन् चाडै आउंछ उप्रान्त सय ५ माझिला सय ५ साझिला सय ३ डारु राउतकन भन्याको पनि पठाई दिंछौ किमधिकं विज्ञेषु फागुन सुदि १ रोज ६ मुकाम नवाकोट शुभम्" (१५ फेब्रुअरी, १७७१) ।

पू० ४.

यसमा 'पूर्वतिर धुमधाम' भनेको हैदर अलि र अंग्रेजको युद्ध देखिन्छ । यस समयसम्ममा फ्रान्सीहरू हिन्दुस्थानमा अस्ताइसकेका थिए ।''

ऐतिहासिकशिरोमणिज्यूले तौतर प्रगन्नाको इतिहासको पुष्टिको लागि उल्लेख गर्नुभएको यस पत्रको ''फागुन सुदि १ रोज ६'' मिति १५ फरवरी १७७१ (वि. सं. १८२७ फाल्गुन ७ गते शुक्रवार) को हो भन्ने सम्झी निर्णय गर्नुभएको रहेछ । तर यसै पत्रमा उल्लेख गरिएको ''फागुनका दिन ११ शुक्रवार व्यांहांन'' यस वाक्यांशको मितिउपर विचार गर्दा वि. सं. १८२७ को फाल्गुनसंक्रान्ति शनैश्चरवार ३।२० मा पर्ने हुनाले त्यस वर्ष फाल्गुनका दिन ११ जांदा मङ्गलवार पर्न आयो, शुक्रवार परेन ।

फेरि वि. सं. १८२७ मा लेखिएको पत्र भए त्यस वेला कान्तिपुर, ललितपुर, भक्तपुर तीनै राज्य विजय भइसकेका हुनाले यस पत्रमा ''नेपालको हकिगत उत्तिकै छ'' भनी नाकाबन्दीको बयान गरिरहनु आवश्यक थिएन । त्यस कारण यस पत्रमा उल्लेख भएका सबै तिथिवारादि र घटनाउपर विचार गरी गणना गरिहेर्दा वि. सं. १८२४ को पञ्चाङ्ग तथा गणनाबाट यस पत्रमा उल्लेख भएका सबै तिथिवारादि मिल्न आएका र ऐतिहासिक घटना पनि मिल्न आएको हुनाले यो पत्र वि. सं. १८२४ फाल्गुन ११ गते शुक्रवार लेखिएको देखिन्छ । विचार गर्न सजिलो होस् भनी वि. सं. १८२४ को र वि. १८२७ को पञ्चाङ्ग तल दिइन्छन्—

वि. सं. १८२४ फाल्गुनकृष्ण
पूर्णान्तमानले

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| फाल्गुन | ७ | सोम | द्वादशी | २३ |

वि. सं. १८२४ फाल्गुनशुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| फाल्गुन | ११ | शुक्र | प्रतिपदा | ७ |

फाल्गुनसंक्रान्ति मङ्गलवार १६ घ. ३६ प. मा ।

(पात्रोबाट)

वि. सं. १८२७ फाल्गुनकृष्ण
पूर्णान्तमानले

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| फाल्गुन | ३ | सोम | द्वादशी | २६ । ३ |

वि. सं. १८२७ फाल्गुनशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| फाल्गुन | ७ | शुक्र | प्रतिपदा | ४६ । ४ |

फाल्गुनसंक्रान्ति शनैश्चरवार ३ घ. २० प. मा ।

यताबाट कान्तिपुर, ललितपुर, भक्तपुर यी तीन राज्य विजय नहुँदै वि सं. १८२४ फाल्गुन ११ गते शुक्रवार फाल्गुनशुक्ल प्रतिपदाका दिन श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटबाट यो पत्र लेखेका हुन् भन्ने देखिन्छ । त्यस कारण यस विषयमा फेरि एक पटक ऐतिहासिकशिरोमणिज्यूले राम्रोसँग विचार गर्नुपर्ला कि भनी उहाँसँग प्रार्थना गर्दछु ।

★

(क्रमागत)

# वीर भक्ति थापा

—महेशराज पन्त

नेपाल–अंग्रेजसम्बन्धको र नेपाल–सीखसम्बन्धको इतिहासमा वि. सं. १८७० मा भएको भटौलीकाण्डको निकै महत्त्व छ । यस काण्डसँग हाम्रा भक्ति थापाको पनि पूरा सम्बन्ध भएकोले भक्ति थापाको यस जीवनीमा यस काण्डको विस्तृत वृत्तान्त दिनु अप्रासङ्गिक नहोला भन्ने ठानी तलको वृत्तान्त लेखिन्छ ।

वर्तमान सिमलाको दक्षिणपश्चिममा पर्ने भटौलीका ४ गाउँ नेपालका होइनन् भनी लुध्यानामा बसेका अंग्रेज सेनापति ले. क. डेभिड अक्टर्लोनीले वि. सं. १८७० को आरम्भतिर खिचोला झिके । आफूले भोगचलन गरिआएका यी गाउँलाई अक्टर्लोनीले भन्दैमा सुदूर पश्चिमको नेपाली प्रदेशका शासक बूढाकाजी अमरसिंह थापाले छोडेनन् । यसपछि अक्टर्लोनील नेपालसँग लडाइँ गरेर यी गाउँ लिने विचार गरे[1] ।

लडाइँ थाल्नुभन्दा अगाडि शत्रु राज्यको स्थिति राम्ररी बुझ्नु आवश्यक हुने हुनाले त्यतातिर घुमफिर गरेका २ जना अंग्रेज कप्तानलाई त्यो प्रदेशको विषयमा आआफ्ना अनुभव लेखी ल्याओ भनी अक्टर्लोनीले अह्राए । ती दुइ जनामध्ये एक जना विलियम रिचार्ड्स भन्नेले

१. भैरवदत्त सनवालको नेपाल् यॉन्ड् दि ईस्ट् इन् 'डिअ कम्' पनि (नेपाल र इस्ट इन्डिया कम्पनी) को १२४ पृ.

अमरसिह थापासँग आज्ञा मागी काठको खोजी गर्न भनी त्यतातिर उहिल्यै घुमेका थिए[1] । अर्का हीर्सीले चाहि वि. सं. १८६९ मा त्यतातिर गुप्ति रूपले घुमेका थिए[२] । रिचार्ड्स र हीर्सी यी दुवैले अक्टर्लोनीको आज्ञाबमोजिम प्रतिवेदन चढाए । हीर्सीको प्रतिवेदन सैनिक अधिकारीहरूलाई काम लाग्ने किसिमको थियो[३] ।

नेपालसँग चिढिएका कुमाउका भूतपूर्व उच्च अधिकारी तथा प्रभावशाली व्यक्ति हर्षदेव जोशीलाई हात लिई कुमाउमा हमला गराउन लाउने विचार पनि अक्टर्लोनीले गरे[४] ।

यति कामकुरा मिलाइसकिवरी अक्टर्लोनीले इस्ट इन्डिया कम्पनीका गुप्ति, राजकाजसम्बन्धी र परराष्ट्रविभागका सचिव आयडमलाई वि. सं. १८७० साउन १० गते आफ्नो योजना लेखी पठाए[५] ।

तर इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल मिन्टोले नेपालसँग लडाइँ खोल्ने अनुमति अक्टर्लोनीलाई दिएनन् । यस कारण गभर्नर जनरलको लडाइँ खोल्ने इरादा नभई छलफलद्वारा झगडा टुङ्ग्याउने विचार छ भनी आयडमले अक्टर्लोनीलाई वि. सं. १८७० भदौ ७ गते लेखी पठाएकाले अक्टर्लोनीको सो योजना यसै सेलाएर गयो[६] ।

इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल मिन्टोले नेपालसँग लडाइँ खोल्ने अनुमति अक्टर्लोनीलाई किन दिएनन् भन्ने प्रश्न यहाँनिर पाठकको मनमा उठ्न सक्छ । यस कारण अब यस विषयमा केही लेखिन्छ ।

अस्ट्रियालाई लडाइँमा हराई फ्रान्सका सम्राट् नेपोलियन बोनापार्टले अस्ट्रियाका बादशाह फ्रान्सिसलाई वि. सं. १८६६ असोज ३१ गते एक सन्धिपत्रमा सही हाल्न लगाएका थिए । यस सन्धिअनुसार अस्ट्रियाले ४० लाखभन्दा बढी मानिसको बसोबास भएको, ९६८० वर्गकोस क्षेत्रफल भएको भूमि छोड्नुपरेथ्यो । अस्ट्रियाबाट आफूले हात लाएका यी प्रदेशमध्ये केही प्रदेश नेपोलियनले आफ्ना आज्ञामुखी राज्यलाई बाँडिदिएथे तथा अस्ट्रियाको निकै भागलाई इलिरियन प्रान्त भन्ने नाउँ राखी आफ्नो साम्राज्यमा मिलाएका थिए । नेपोलियनको यस कामले अस्ट्रिया भूपरिवेष्ठित राज्य हुन गएथ्यो[७] ।

---

१. नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिको १२४ पृ.

२. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको ऐसिहासिक पत्रसंग्रह पहिलो भागका १०४–११० पृ.

३. नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिको १२४ पृ.

४. नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिको १२४ पृ.

५. नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिको १२४ पृ.

६. नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिको १२५ पृ.

७. सी. ए. फाइफको अ हिस्'टरि अभ् मड्'अन्' युरप् (अर्वाचीन यूरोपको इतिहास) को पहिलो भागको ४३० पृ.

वि. सं. १८६६ असोज ३१ गतेको सन्धिअनुसार फ्रान्सको साम्राज्यभित्र मिल्न गएको इलिरियन प्रान्तलाई वि. सं. १८७० को जेठको उत्तरार्धमा अस्ट्रियाले फ्रान्ससँग माग्यो[1] । तर नेपोलियनले इलिरियन प्रान्त फिर्ता नदिएकाले रूस, प्रशा, स्वीडेन र बेलायतले नेपोलियनको विरोधमा बनाएको दलमा अस्ट्रिया मिल्न गयो । यसपछि वि. सं. १८७० असार १६ गतेको दिन अस्ट्रियाले एक सन्धिपत्रमा सही हाल्यो । सो सन्धिका उद्देश्यमध्ये एक उद्देश्य फ्रान्सबाट इलिरियन प्रान्त फिर्ता गरी अष्ट्रियालाई सुम्पने भन्ने थियो[2] ।

यसपछि वि. सं. १८७० साउन २८ गतेको दिन अस्ट्रियाले रूस, प्रशा, स्वीडेन र बेलायतको पक्ष लिएर फ्रान्ससँग लडाइँ खोल्यो[3] ।

यताबाट फ्रान्ससँग लडाइँ चलिरहेको हुनाले मिन्टोले नेपालसँग लडाइँ खोल्ने अनुमति यस वेला अक्टर्लोनीलाई नदिएको देखिन्छ ।

यसपछि अक्टर्लोनी भटौलीका ती गाउँ दखल गर भनी सीखहरूलाई उचाल्न पुगे[4] ।

---

१. अ हिस्'टरि अभ् मड्'अर्न् युरप्को पहिलो भागको ४९७ पृ.

२. अ हिस्'टरि अभ् मड्'अर्न् युरप्को पहिलो भागको ४९९ पृ.
सी. डी. एम. केटलबीद्वारा रचित, विश्वप्रकाशद्वारा अनूदित आधुनिक काल का इतिहासको १४७ पृ.

३. अ हिस्'टरि अभ् मड्'अर्न् युरप्को पहिलो भागको ५०१ पृ.

४. वि. सं. १८६६ वैशाख १५ गते भएको अंग्रेज र रणजित्सिंहको सन्धिमा शतरुद्राको बायाँ किनाराको प्रदेशमा रणजित्सिंहको अधिकार नरहने कुरा किटेर लेखिएको छ । (पूर्णिमा ५ वर्षको २११ पृ. )

भटौली शतरुद्राको बायाँ किनारामा पर्ने हुनाले माथिको सन्धिबाट रणजित्सिंहलाई यहाँ आउने अधिकार थिएन । तर गोर्खालीसँग लड्नाको लागि रणजित्सिंहले पहाडमा शतरुद्रा नाघ्न सक्ने, गोर्खालीहरू सरहिन्द (शतरुद्रा र यमुनाको बीचको प्रदेश) मा आएका खण्डमा गोर्खालीसँग लड्नाको लागि कम्पनीसर्कारले रणजित्सिंहलाई मदत गर्ने तथा शतरुद्रा र यमुनाको बीचका पहाडमा गोर्खालीसँग लड्नाको लागि रणजित्सिंहलाई सरहिन्दको मैदानबाट जाने अनुमति वि. सं. १८६८ को हिउँदमा इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल मिन्टोले रणजित्सिंहलाई दिएका थिए । (जोसेफ डेवी कनिङ्घमको हिस्'टरि अभ् द सीक्ज् (सीखको इतिहास) को वि. सं. २०२३ को संस्करणको १३३ पृ. तथा जयचन्द्र विद्यालङ्कारको गोर्खाली इतिहास की मुख्य धाराएँका ४३–४४ पृ.)

यस कारण मिन्टोको यही अनुमतिको आधारमा रणजित्सिंहको फौज भटौलीमा आउन समर्थ भएको देखिन्छ ।

अक्टर्लोनीको आड पाएकाले सीखहरू वि. सं. १८७० को असोजमा मंडला लुट्न आए । यसरी आफ्नो राज्यक्षेत्रमा आई सीखहरूले लूटपीट मचाउन लागेको थाहा पाएर ताल भन्ने ठाउँमा रहेको आफ्नो १ पट्टी फौज लिई रणबमका जमादार धनवर गुरुङ गुहार दिन गए ।

यसपछि ४ सय सीख सैन्यले भटौलीमा हमला गर्दा त्यहाँ बसेका सुबेदार गौरीदत्त शाहि र सुबेदार बहादुर गुरुङको मातहतको ५ पट्टी सैन्यले शत्रुपक्षको मुकाबिला गऱ्यो । डेढ घण्टासम्म लडाइँ हुँदा नेपालीका गोलीले निकै पैदल र घोडचढी सैनिकको मृत्यु भएकोले आखिरमा सीख सैन्य रणभूमि छोडी पछि हट्यो ।

मंडला भटौलीमा यसरी सीखहरूले हमला गरेकाले नाहानमा बसेका नेपाली शासक काजी रणजोर थापाले शत्रुपक्षको आक्रमणको मुकाबिला गर्न बढी बन्दोबस्त गरे । यसपछि कप्तान भक्ति थापाका २ कम्पनी भटौलीमा गई बसे । भटौलीमा बसेका सुबेदार गौरीदत्त शाहिचाहिं श्रीमोडको प्रसिद्ध गढी मोरणीमा गई रहन लागे । सुबेदार बहादुर गुरुङ तालको बैराठटिपामा खलङ्गा बारी रहन लागे ।

यसपछि सीखहरूले भटौलीमा दोस्रो बाजि हमला गरे । मोरणीगढीबाहिर भक्ति थापाका ३ कम्पनी पहिलेदेखि राखिएका थिए । शत्रुले भटौलीमा फेरि हमला गरेको सुनेर बाहाबल थापाको मातहतमा सो ३ कम्पनी फौज भटौलीमा गुहार दिन गयो । तालमा रहेको फौजमध्ये सुबेदार बहादुर गुरुङका २ पट्टी लिई जमादार रणशूर राना र शादल गुरुङ पनि भटौलीमा गुहारको लागि गए । यसरी भटौलीमा रहेको फौज र वरपरबाट गुहार दिन भनी आएको फौजले एक गठ भई शत्रुपक्षको मुकाबिला गर्न थाल्यो । नेपाली सैनिकका गोलीले निकै घोडचढी र पैदल सीख सैनिक मारिएकाले, लडाइँ चम्कदा चम्कदै पानी परेकोले र घाम पनि अस्ताउन लागेकोले रणभूमिबाट हटी सीखहरूले माणिकटपरा भन्ने ठाउँमा डेरा जमाए ।

---

मंडला, भटौलीको यो लडाइँमा पटेला (पटियाला) आदि सीख राज्यहरू पनि लड्न आए तापनि यस लडाइँका मुख्य रणजितसिंह थिए भन्ने कुरा तलका वाक्यबाट बुझिन्छ–

एस् बषत् यो अंगरेज गोर्षादेषि बहुत् षुसि हुन गयो...कति अर्थले भन्या...मंडलाहमा हामीले सीषलाई जिति अत्याई आफुले गर्न पर्न्या कुरो गोर्षाबाट भयो भन्न्या कुराले र गोर्षासँग तन्रा जोरले सकन्या रहेनछौ. मंडलाहमा सक्यौन. ५ पटक जाईलाग्यौ. गोर्षाको मुर्चा उठाउन सकेउन. आफु हट्टि आयौ. गोर्षासिंग भेट मुलाकाद गरिकन जगा मैले थाम्न्या भनि सिंहलाई भन्न ठाउ पाउदा र बषत्पर अठ्याउ भन्या सिंहहरूलाई अठ्याउन हुन्या काम् हुन जादा षुसि हुन गैरहेछ.

(काजी अमरसिंह थापाले ज. अमरसिंह थापालाई वि. सं. १८७० मंसीर १० गते लेखेको चिठीबाट । पूर्णिमा ९ पूर्णाङ्कको ५२ पृ. बाट ।)

यस कारण *अक्टर्लोनी भटौलीका ती गाउँ दखल गर भनी सीखहरूलाई उचाल्न पुगे* भनी माथि लेखिएको हो ।

तालको बैराठटिपामा खलंगा बारी बसिरहेका सुबेदार बहादुर गुरुङ यसपछि सुबेदार गंजसिंह थापाको मदत गर्न भनी केही फौज लिई सिंगोलको टिपामा आई रहन लागे । तालबाट सिंगोलतिर आउँदा बहादुर गुरुङले सुबेदार जयतखम्ब थापाको मातहतको इन्द्रदलकम्पनीलाई बैराठटिपामा राखी उनी आएका थिए ।

यसपछि सीख सैन्यले माणिकटपराबाट उठी मंडलामा हमला गऱ्यो । सुबेदार लक्ष्मण राना र नेपालको त्यतातिरको आश्रित राज्य बेझाका राणा (राजा) मानचन्दको मातहतमा त्यहाँको किल्लाभित्र रहेको सैन्यले शत्रुपक्षको मुकाबिला गर्न थाल्यो । मंडलामा शत्रुले हमला गरेको देखेर सिंगोलको टिपाबाट बहादुर गुरुङ र गंजसिंह थापा २ कम्पनी फौज लिई तल मैदानमा ओर्ल्हे । यसपछि मंडलाको गढीबाहिर रहेका ७० जना सिपाही र सिंगोलको टिपाबाट ओर्ल्हेका २ कम्पनीले एक गठ भई सीख सैन्यसँग लड्न थाले । यसरी बाहिरका र किल्लाभित्रका समेत गरी ३ थरीले शत्रुपक्षको मुकाबिला गरे । अनि आफ्नो धेरै नोक्सानी भएको हुनाले पौने घण्टाको लडाइँपछि सीख सैन्य पछाडि हटी फत्तेपुरमा गई बस्यो ।

यसपछि पनि सीख सैन्य दिनकादिन मंडलामा हमला गर्न आउँथ्यो । तर लडाइँको मैदानमा उसको सधैं हार हुने हुनाले सीख सैन्य टिक्न नसकी पछि हट्थ्यो ।

सीखहरूले मंडलामा हमला गरेको देखेर त्यतातिरको सुरक्षाको राम्रो बन्दोबस्त गर्ने विचार गरी देवीबकसकंपनी सिंगोलको टिपामा खटाइयो । मंडलामा तोप राखेको खण्डमा सीख सैन्यसँग मुकाबिला गर्न सजिलो पर्ने हुनाले गोरखका सर्दार रणशूर थापाको मातहतमा २ तोप त्यहाँ पठाइए । मंडलादेखि आधा कोसको फरकमा रहेको रोरौंको टिपामा पनि फौज राखेको खण्डमा शत्रुले मंडलामा हमला गर्दा शत्रुलाई हटाउने काममा निकै मदत पुग्न सक्ने हुनाले कप्तान भक्ति थापाका ३ कम्पनी रोरौंको टिपामा खटाइए । भक्ति थापाको फौज मोरणी र भटौलीबाट रोरौंको टिपामा नआइपुगुन्जेल त्यस ठाउँको रक्षा गरी बस्नू भनी एक जना जमादारको मातहतमा ईश्वरीबकसकम्पनीको १ पट्टी र समरशलभकम्पनीको १ पट्टी त्यहाँ राखिए ।

सुबेदार बाजवर्ण थापा, तिलकसिंह र प्रबल थापाको मातहतमा भक्ति थापाका ३ कम्पनी रोरौंको टिपामा पुगे । यसपछि त्यहाँ अघिबाट राखिएका २ पट्टी फर्केर पाउ कोसपर के आइपुगेका थिए, फत्तेपुरमा डेरा गरी बसेको सीख सैन्यले त्यताबाट उठी मंडलामा हमला गर्न आयो । नेपालीहरूले यस हमलाको जवाफ मंडलामा भरखरै आइपुगेका तोपका गोलाले दिएकाले लडाइँको मैदानमा सीखहरू टिक्न सकेनन् ।

मंडलामा लड्न नसकेका सीखहरू यसपछि रोरौंको टिपामा हमला गर्न पुगे । घोडा चढी आएका सीख सैनिकहरू पनि यस वेला घोडाबाट उत्री पैदलै भई डाँडो उक्ले । भक्ति थापाका यहाँ बसेका ३ कम्पनीको सीख सैन्यसँग केही जोर नचलेकोले सीख सैन्य अगाडि बढिरहेको थियो । यस्तै वेलामा गोरखका जमादार जसराम थापा र विजयसिंह खत्री भक्ति थापाको पल्टनलाई गुहार दिन रोरौंको टिपामा पुगे । माथि शत्रुले हमला गरेको थाहा पाएर पाउ

कोसपर पुगिसकेका समरशलभ कम्पनीको १ पट्टी र ईश्वरीबकसकम्पनीको १ पट्टी पनि फर्की शत्रुसँग भिडिन टिपामा पुगे । गोरखका सैनिकहरूले अगाडिबाट गोली बर्साएकाले र सिंगोलको टिपाबाट तोपका गोला छोडेकाले पनि त्यहाँ टिक्न नसकी सीखहरूले कुलेलम ठोके । यत्तिकैमा अँध्यारो भइदिएकोले नेपाली सैनिकहरूले शत्रुहरूलाई लखेट्न भने सकेनन् । सीखहरूले फत्तेपुरमा गई फेरि आफ्नो डेरा जमाए ।

यसको भोलिपल्ट गोरखका ४ पट्टी तथा श्यामदल र समरशलभका पट्टी नाहानमा फर्काइए । नाहानबाट कप्तान बलभद्र कवरको मातहतमा ईश्वरीबकसकम्पनी सिंगोलको टिपामा खटाइयो । आफ्नो कम्पनीको नेतृत्व गर्नाको लागि कप्तान भक्ति थापा रोरौंको टिपामा खटाइए । बाहाबल थापाको मातहतमा मोरणीमा राखिएका भक्ति थापाका २ कम्पनी रोरौंको टिपामा झिकाइए । यसपछि ती २ कम्पनी मंडलालाई दाहिने पारी मोरणीबाट आउँदा फत्तेपुरमा बसेका सीख सैनिकहरूले तिनीहरूको बाटो छेकिदिए । यस कारण सो २ कम्पनी फौज त्यहाँबाट फर्की सिंगोलको टिपाको बाटो गरी रोरौंको टिपामा भक्ति थापाकहाँ भेला हुन गयो ।

अनि असोज १८ गते नाहानबाट केही थप सैनिक मंडलामा पठाइए । यस दिन सीखहरू फेरि लड्न आए । लड्न आएको सीख सैन्यउपर नेपालीहरूले तोपका गोला छोडे । यसले गर्दा निकै सीखहरू मारिएकाले शत्रुपक्ष पछाडि हट्यो ।

नाहानबाट मंडलाको लागि थप भएका केही सैनिक यसको चारौं दिनको दिन २१ गतेको राति मंडलामा आइपुगे ।

यही दिन आधा रातमा मंडलामा ५०।६० सीख सैनिक आए । नेपालीहरूले किल्लाभित्रबाट छोडेका गोलीले गर्दा सीखहरूले भागभाग गर्नुपर्‍यो ।

त्यही रात बिहाउँदो वेलामा चारैतिरबाट मंडलाको गढी घेर्दै ७ हजार सीखहरू ३ तोप लिई अगाडि बढे । यसरी चारैतिरबाट गढी घेर्दै अगाडि बढेको विशाल सीख सैन्यको मुकाबिला गर्न नेपाली पक्षले आफ्नो फौजलाई ३ भागमा बाँड्यो । कप्तान बलभद्र कवर, सर्दार रणशूर थापा र सुबेदार चामु बस्न्यातले सेनाको एक एक भागको नेतृत्व गरी ३ तिरबाट सीख सैन्यमाथि जाइलागे । नेपालीहरूका तरबारको चोट सहन नसकी सीखहरूले ज्यान जोगाउन भागाभाग गरे । केहीचाहिं अलिपर गई अडे ।

मंडलाको गढीमा शत्रुसैन्यले हमला गरेकोले उसको मुकाबिला गर्न भनी कप्तान भक्ति थापाको फौज रोरौंको टिपाबाट तलतिर ओर्लंदै थियो । मैदानमा नेपाली सैन्यसँग भिडिन नसकी परतिर हटी अडेको सीख सैन्यले तलतिर ओर्लिरहेको सो सैन्यमाथि तलबाट गोली हानेकोले भक्ति थापाका निकै सैनिक घाइते भए ।

यसरी शत्रुले आफ्नो सैन्यलाई पेल्दै लगेको देखेर तोप नहानीकन शत्रुलाई भगाउन सकिन्न भन्ने विचार गरी कप्तान भक्ति थापाले तोप हान भनी गोरखछेउ खबर पठाए । गोरखका सर्दार रणशूर थापा र सुबेदार चामु बस्न्यातले टंचिया चमारको गाउँबाट तोपले गोला

छोडेकाले धेरै सीखहरूको मृत्यु भयो । यसपछि दिउँसोको ४ बजेतिर रणभूमि छोडी सीख सैन्यले भागाभाग गऱ्यो ।

सीखहरूले फेरि पनि हमला गर्लान् भन्ने शङ्का लागेकोले नेपालीहरूले मंडलाको गढीको अगाडिको मैदानमा सैनिकहरू र तोप तमतयार पारेर राखिछोडेका थिए । नभन्दै भोलिपल्ट २२ गते पनि सीखहरूले २ तोप ल्याई मंडलाको गढीमा गोला बर्साउन लागे । नेपालीहरूले पनि गोलाको जवाफ गोलाले नै दिएकाले टिक्न नसकी सीखहरूले भागाभाग गरे[1] ।

यसरी सीखहरूलाई उचाली वारंवार मंडला भटौलीमा हमला गर्न लगाएर पनि अक्टर्लोनीले आफ्नो मतलब सिद्ध गर्न सकेनन् । उतापट्टि भटौलीका ती ४ गाउँसम्बन्धी कचिंगल छलफलद्वारा टुङ्ग्याउने कामतिर इस्ट इन्डिया कम्पनीका उच्च अधिकारीहरू लागिरहेकै थिए । यसैले इस्ट इन्डिया कम्पनीले दाबी गरेका ती ४ गाउँ छोडिदिनू भनी काजी अमरसिंह थापालाई काठमाडौं-बाट अह्राइयो । परेको खण्डमा बरु बीस गाउँ छोड्न हामी तयार छौं, तर दुइ सर्कारको बीचमा अहिलेसम्म कायम रहेको मित्रतामा खलल आउन दिनेछैनौं भन्ने भाव व्यक्त गरी अमरसिंह थापाले भटौलीका ती ४ गाउँ सुम्पन आफ्ना दूत जमादार रामचन्द्र खत्री र निहाल गिरीलाई अक्टर्लोनीकहाँ लुध्यानामा वि. सं. १८७० को कार्तिकमा पठाए । इस्ट इन्डिया कम्पनीका आश्रित पटेलाका राजालाई अक्टर्लोनीले ती ४ गाउँ दिलाइदिए । यसरी केही महीनादेखि उग्र रूप लिई चम्किरहेको यो झगडा टुङ्गियो[2] ।

त्यतातिरको इलाकामा उठेका अरू कचिङ्गल पनि छलफलद्वारा टुङ्ग्याउनाको लागि अमरसिंह थापाले तपाईंलाई उहाँकहाँ आउने अनुरोध गर्नुभएको छ भनी ती दूतहरूले अक्टर्लोनीलाई नेपाली सरहदमा आउने निम्तो दिए[3] ।

यसपछि लुध्यानाबाट अक्टर्लोनी अरू ५ जना अंग्रेजलाई साथ लिई अमरसिंह थापासँग भेट गर्न भनी नेपालको सिमानानेरको अंग्रेजी राज्यक्षेत्र पंजोरमा वि. सं. १८७० कार्तिक २६ गते मङ्गलवारको दिन आइपुगे । बागलमा बसेका अमरसिंह थापा पनि अक्टर्लोनीसँग भेट गर्न भनी अंग्रेजी सिमानानेरको नेपाली राज्यक्षेत्र टक्सारमा त्यही दिन आइपुगेका थिए ।

---

१. माथि लेखिएका यी कुराको प्रमाण तल आउँदैछ ।

२. लुनिअषत्तरसंग गयाका हाम्रा वकिल् जामादार रामचन्द्र षतृ निहाल् गिरी .. ...
आज मंडलाह भटौलीमा पनि सर्कारका मंजिले तक्रार गर्‍यौन. छोडिदिञुं.

(काजी अमरसिंह थापाले ज. अमरसिंह थापालाई वि. सं. १८७० मंसीर १० गते लेखेको चिठीबाट । पूर्णिमा ९ पूर्णाङ्कका ४९–५० पृ. बाट । )

नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिको १२५ पृ.

३. नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिको १२५ पृ.

पृ० ५.

भोलि म टक्सारदेखि १ कोसपरको देवतास्थाननेर आउँछु; काजी पनि त्यहीं पाल्नुहोस्; अनि हामी त्यहीं भेटघाट गरौंला भन्ने समाचार, अमरसिंह थापाका दूत जमादार रामचन्द्र खत्री र निहाल गिरीको हातमा अमरसिंह थापाकहाँ अक्टर्लोनीले पठाए ।

भोलिपल्ट कार्तिक २७ गते बुधवारको दिन सर्दार निर्भयसिंह थापा र कृष्णा मुन्शीलाई अक्टर्लोनीकहाँ अमरसिंह थापाले पठाए । कुन बेला कुन छाँटसँग अक्टर्लोनी आउँछन्; त्यो बुझ्नू; उनी चाँडै आए भने उनीसँगसँगै आउनू भनी अमरसिंह थापाले उनीहरूलाई अह्राएका थिए ।

निर्भयसिंहहरू पंजोर पुगेपछि अक्टर्लोनीले मुन्शी बरकत अली खाँलाई अमरसिंह थापाकहाँ पठाए । अनि आफ्ना छोरा र एकजना अंग्रेज कप्तानलाई लिई आफ्नो डेराभन्दा ५ कोसपरको मन्दिरनेर अक्टर्लोनी आइपुगे । अक्टर्लोनीले आफ्नो साथमा ६ हात्ती, १० घोडा, केही नोकर-चाकर ल्याएका थिए, सिपाही भने ल्याएका थिएनन् ।

बागलबाट हिँड्दा अमरसिंह थापाले धेरै भारादारहरू र निकै फौज आफ्नो साथ ल्याएका थिए । अक्टर्लोनी फौज लिई नआएकाले धेरैजसा भारादारलाई र फौजलाई टक्सारमै राखी खालि आफ्ना दुइ छोरा रामदास थापा र अर्जुन थापा, दुइ जना भारादार लक्षवीर शाहि र काजी रेवन्त कवर तथा सय सवा सय सिपाही मात्र लिई उनी अक्टर्लोनीलाई भेट्न गए ।

भेटघाट भइसकेपछि कुरा चल्दा गुलाम मुहम्मद खाँले र वजीर अलीले तराईमा बसी अंग्रेजसँग लड्नाको लागि हामीकहाँ शरण मागेथे; तर हामीले उनीहरूलाई शरण दिएनथ्यौं; फकीरबक्सलाई पनि हमला गरी धपाइदिएका थियौं; हालैको कुरा गर्ने हो भने पनि मंडला र भटौलीको विषयमा झगडा नगरी हाम्रा राजाको हुकूमबमोजिम ती प्रदेश छोडिदियौं; हामीले कम्पनीसर्कारसँग मैत्री राख्नाको लागि गरेका यी काम तपाईंले बुझ्नुपर्ने हो भनी अमरसिंह थापाले अक्टर्लोनीलाई भने ।

मंडला र भटौली नेपालका हुन् भनी तपाईंले हामीकहाँ लेखी पठाएपछि हामीले यी प्रदेशको स्वामित्वको विषयमा निकै खोजमेल गर्‍यौं; तर यी दुइ प्रदेशको सालिन्दा आम्दानी नेपालले खाएको कत्ति सत्य नभएकोले र स्थानीय राजाले पनि भटौलीका १२ गाउँमध्ये ८ गाउँको मात्र आम्दानी खाइआएको तथा ४ गाउँको चाहिं १८६२ सालदेखि नै नखाएको देखिएकोले यी प्रदेशको विषयमा हामीले विवाद उठाएका हौं; यस विषयमा हामीले निसाफै गरेका छौं; यस कारण यस विषयमा तपाईंले अर्को कुरा सम्झनु हुँदैन; तपाईंको र हाम्रो यो भेटघाटले दुइ सर्कारको बीचको मैत्री दोबर बढ्न गएको छ भनी अक्टर्लोनीले अमरसिंह थापाको कुराको जबाफ दिए ।

अंग्रेज वा रणजित्‌सिंहले नेपालसँग लडाइँ गर्नाको लागि अलिकति मात्र बन्दोबस्त गरे पनि शतरुद्रापारका क्षुद्र राजारजौटाहरू गढकुमाउसम्मको नेपाली राज्यमा दावा राखी झगडा मच्चाउन खोज्छन् भनी अमरसिंह थापासँग अक्टर्लोनीले भने ।

हामीहरूले सामान्य तवरले भेटघाट मात्र गरी फर्केको खण्डमा अक्टर्लोनी र अमरसिंह थापाले भेट गर्दैमा के भयो त ? त्यस्तो भेट त अंग्रेजले हामीसँग पनि गर्दैछ; मेटकाफले रणजित्सिहलाई भेटेका थिए; अक्टर्लोनीले रणजित्सिह र संसारचन्दसँग भेटघाट गरेका थिए; रामशरणसँग पनि अक्टर्लोनीको बारंवार भेट हुन्छ; अवश्य पनि अंग्रेजले नेपालमा हमला गर्छ गर्छ भनी यतातिरका राजाहरू भन्न छाड्दैनन्; यस कारण अंग्रेज र नेपाललाई फुटाउन सकिदैन भन्ने कुरा हामीले यी दुष्ट राजाहरूलाई देखाउन सक्नुपरेको छ; यसैले हामीहरूका छोराहरूको परस्परमा पगरी बदल गर्नुपऱ्यो भनी अक्टर्लोनी र अमरसिंह थापाले सल्लाह गरे। अनि अक्टर्लोनीका छोराले र रामदास थापाले पगरी बदलाबदल गरी मीत लाए ।

अक्टर्लोनीका छोराले रामदास थापालाई पगरी, पगरीमा बाँध्नाको लागि जडाउ श्रीपेज, दोसल्ला, दोपट्टा, १ थान किंखाप, १ थान बनारसी अतलस, रुमाल र २ थान असर्फी कोसेली दिए । रामदास थापाले पनि अक्टर्लोनीका छोरालाई पगरी, दोसल्ला, १ थान किंखाप, १ थान कोचीन, १ थान मलमल, २ थान असर्फी र एउटा ताजी घोडा सौगात दिए ।

रामदास थापाले १ थान असर्फी राखी आफ्ना मीतबाबा अक्टर्लोनीलाई सलाम गरे । अक्टर्लोनीका छोराले १ थान असर्फी हातमा लिई मैले कसरी सलाम गर्नुपर्छ भनी मुन्शी बरकत अली खाँलाई सोद्धा अंग्रेजले नजराना राखी आजसम्म कसैलाई सलाम गरेको छैन; यस कारण सलाम गर्ने भए आफ्ना बुबालाई नै सलाम गर्नुपर्छ भनी उनले जवाफ दिए । अनि छोराले आफूलाई असर्फी राखी सलाम गर्न लागेको देखी काजीको छोराले मलाई सलाम गरेपछि मेरो छोरोले काजीलाई सलाम गर्नैपर्छ, काजीलाई सलाम गर् भनी अक्टर्लोनीले छोरालाई अह्राए। यसपछि बाबुको आज्ञा शिरोपर गरी अक्टर्लोनीका छोराले असर्फी राखी आफ्ना मीतबाबा अमरसिंह थापालाई सलाम गरे ।

यसरी मीत लाउने काम सकिएपछि अमरसिंह थापाले अक्टर्लोनीलाई ३ सर्वाङ्ग, एउटा जिउँदो कस्तूरी मृग, ९ वटा बिना, २१ वटा च्याखुरा सौगात दिए ।

आफूसँग भेट गर्न आएका अमरसिंह थापा आदि नेपाली भारादारहरूलाई दिन भनी अक्टर्लोनीले लुगा तयार पारेको कुरा बरकत अली खाँले चलाउँदा हामी लुगा लिंदैनौं; दुइ सर्कारको बीच दोस्ती रहने काम भए पुग्छ भनी अमरसिंह थापाले जवाफ दिएकाले अक्टर्लोनीले कसैलाई पनि केही दिएनन् ।

यसपछि अक्टर्लोनी र अमरसिंह थापा आआफ्ना डेरामा फर्के ।

२७ गते बुधवारको दिन अक्टर्लोनीसँग भेट गर्न नगएका भक्ति थापा आदि भारादारहरूले भोलिपल्ट २८ गते बिहिवारको दिन हजार बाह्र सय सिपाही साथ लिई पंजोरमै गई उनसँग भेटघाट गरे । भक्ति थापाले अक्टर्लोनीलाई धेरै सौगात लगेका हुनाले अक्टर्लोनीले उनलाई पगरी, दोसल्ला, १ थान किंखाप, १ थान मलमल कोसेली दिए । यसपछि अमरसिंह थापाले अक्टर्लोनीकहाँ ४ वटा घोडा पठाइदिए[1] ।

---

१. पूर्णिमा ९ पूर्णाङ्कका ४८–५३ पृ.

वि. सं. १८६६ मा परिस्थितिवश काँगडाबाट पछाडि हट्नु परे पनि अमरसिंह थापाको काँगडा दखल गर्ने मनसुबा अझ छँदै थियो । अक्टर्लोनीलाई आफ्पट्टि मिलाई काँगडामा हमला गर्ने अमरसिंह थापाको विचार भएकोले नै उनले अक्टर्लोनीलाई आफूकहाँ बोलाई उनको स्वागतसत्कार गरेका थिए ।

काँगडाको विषयमा अमरसिंह थापाले आफैंले त अक्टर्लोनीसँग कुरा गरेनन्; तर आफ्ना सहयोगी भक्ति थापालाई भोलिपल्ट पंजोरमा पठाई उनीद्वारा यो कुरा अमरसिंह थापाले चलाउन लाए ।

संसारचन्दलाई मदत गर्नेछैन भन्ने विश्वास पारी हामीलाई छक्याईकन रणजित्सिंहले हामीलाई काँगडाबाट हटाएका हुन्; काँगडा दखल गर्ने हाम्रो आँट अझ मरेको छैन; अमरसिंह थापाले काँगडामा फेरि हमला गर्ने विचार गर्नुभएको छ; यस विषयमा यहाँ के सल्लाह दिनुहुन्छ भनी भक्ति थापाले अक्टर्लोनीलाई भने । काँगडा हाम्रो राज्यमा नपर्ने हुनाले यस विषयमा हामीलाई केही भन्नु छैन तापनि मेरो निजी राय मागेको हो भने अघि संसारचन्द मात्र हुँदाखेरि त काँगडा जित्न सकिएन; अहिले रसद र फौजको पूरापूर बन्दोबस्त भएको वेलामा हमला गर्दा काम फत्ते होला जस्तो मलाई लाग्दैन भनी अक्टर्लोनीले जवाफ दिए ।

पंजाब दखल गर्ने विचार कम्पनीसर्कारको पनि होला नि भनी भक्ति थापाले भन्दा रणजित्-सिंहसँग हाम्रो राम्रो सम्बन्ध भएकोले हामीले पंजाब दखल गर्ने सवालै उठ्दैन भनी अक्टर्लोनीले भक्ति थापाको कुराको खण्डन गरे[1] ।

---

१. आफ्'टर् ह्याॅभ्इङ प्रेज्'न्ट्इड् दीज् आर्'टिक्ल्ज्, यॉन्ड् रिक्वेस्ट्इङ माइ अक्सेप्ट्'यॉन्स् अभ् देम् यॉज् अभ् नो भ्याॅल्'यु, बट् यॉज् क्यूर्'इअस्'इट्इज्, द् प्रड्'युस् अभ् द ब्यॉर्'अन् हिल्ज् ही कमान्ड्इड्, ही रिक्वेस्ट्इड् अ प्राइ'भिट् कन्'फरेन्स्, इन् ह्विच् ही स्टेट्इड् यॉट् ग्रे॰ट् लेङ्थ्, यॉन्ड् यॉज् ही से॰ड् बाइ डिजाइर् अभ् अमर् सिङ्घ् थापा, अ डिटे॰ल् अभ् द सीज् अफ् काङ्ग्रा, यॉन्ड् अट्रिब्'युट्इड् दे॰र् फाइ'नल् रिट्रीट्', नट् ट द स्यूपीर्'इअर् कन्'डक्ट् अ॰र् ब्रे॰भ्रि अभ् रन्जित् सिङ्घ् यॉन्ड् हिज् फोर्स्'इज्, बट् टु यॉन् अन्मेरिट्इड् कन्'फिडेन्स् इन् द मोस्ट् सल्'अम् प्रोम्'इस्इज् अभ् रन्जित् सिङ्घ्, ह्विच् ट द लास्ट् मो'मन्ट् ह्याॅड् डिसीभ्ड् देम् बाइ अशूर्'यॉन्स्इज् द्याॅट् ही ह्याॅड् नो इन्टेन्'शन् टु इन्टर्फीर्' इन् दि इन्गे॰ज्मेन्ट् ह्विच् सन्सार् चन्द् ह्याॅड् एन्'टर्ड् इन्' टु अभ् डिलिभ्'अरइङ द्याॅट् फोर्ट् अन् अ पर्टिक्'युलर् डे॰; द्याॅट् अमर् सिङ्घ वज् मोस्ट् यॉङ्क्'शस् ट रिट्रीभ्' द क्रेड्'इट् ही ह्याॅड् लस्ट् बाइ बीइङ द ड्यूप् अभ् दिस् ट्रेच्'अरि यॉन्ड् ट पन्'इश् इट्, यॉन्ड् विश्ड् टु अब्टे॰न्' माइ पर्मिश्'अन् ट मे॰क् अ सेक्'अन्ड् अटयाॅक् अन् द फोर्ट् अभ् काङ्ग्रा यॉन्ड् टु अब्टे न्' माइ अड्भाइस्' अन् द सब्'जिक्ट् । आइ टोल्ड् हिम् द्याॅट् काङ्ग्रा वज् अ प्ले॰स् ह्विच् डिड् नट् इन् एन्'इ शेप् बिलङ' टु अस्, अ॰र् कम् अन्'डर् आउर् प्रटेक्'शन्, यॉन्ड् द्याॅट् अभ् कोर्स् अमर् सिङ्घ् माइट् यॉक्ट् यॉज् ही प्लीज्ड् अन् द सब्'जिक्ट्; बट् इफ् ही आस्क्ड् माइ प्राइ'भिट् अपिन्'यन् यॉज् ट दि इक्स्पी'डिन्सि, आइ थ॰ट् दे॰र् वज् लिट्ल् चान्स्

अभ् हिज् सक्'सीडिङ इन् यॉन् एन्'टर्प्राइज् ह्विच् बिफोर्' क॰स्ट् हिम् मोर् द्यॉन् थ्री यर्ज्' ले॰'बर् ह्वेन् ओन्'लि डिफेन्डइड् बाइ सन्सार् चन्द्, यॉन्ड द्यॉट् ही मस्ट् बी अवे॰र्' द्यॉट् द प्ले॰स् वज् नाउ प्लेन्'टिफुल्लि स्टक्ड् विद् प्रभिझ्'न्ज् यॉन्ड् वुड् नट् ओन्'लि बी डिफेन्ड्इड् बाइ अ स्ट्रङ ग्यॉर्'इसन् विदिन् बट् बाइ अ न्यू'मर्अस् फोर्स्' विद्'आउट् ।

ह्री विश्ड् टु इन्सिन्'युए॰ट् फ्रम् हिज् रिप्लइ' द्यॉट् अमर् सिङ्घ् थ॰ट् हिम्'सेल्फ् ई'क्वल् ट कोप् विद् एन्'इ ट्रूप्स् रन्जित् सिङ्घ् वुड् ब्रिङ इफ् अशूर्ड् अभ् आउर् नन्–इन्टर्फीर्'अन्स्; बट् यॉट् लेङ्थ् प्ले॰न्लि से॰ड् द्यॉट् अमर् सिङ्घ् कन्सिड्'अर्ड् अस् ओन्'लि हीर् विद् यॉन् इन्'टेन्'शन् टु अड्'भान्स् हीर्'आफ्'टर् यॉन्ड् पजेस्' आउर्'सेल्भ्ज् अभ् द 'पन्जाब्' । आइ अशूर्ड् हिम् द्यॉट् दिस् आइडि'अ वज् मोस्ट् एर्'रो'निअस्, यॉन्ड् द्यॉट् ह्वाइल्स्ट् रन्जित् सिङ्घ् अब्'जर्भ्ड्, यॉज् ही ह्यॉड् हिद्'अर्टु डन्, हिज् इन्गे॰ज्मेन्ट्स् विद् द ब्रिट्'इश् गभ्'अर्न्'मेन्ट् सच् यॉन् ईभेन्ट्' वज् इम्पस्'इब्ल्, यॉन्ड् द्यॉट् अमर् सिङ्घ् माइट् इज्'इलि सी द्यॉट् द गभ्'अर्न्'मेन्ट् कुड् ह्यॉभ् नो विश् टु इक्स्टेन्ड्' इट्स् पाउ'अर् अ॰र् इन्क्रीस्' इट्स् रेभ्'इन्यु बाइ द सिम्'प्ल् फ्याक्ट् अभ् आउर् अफोर्ड्'इङ् अ ग्रट्यु'इटस् प्रटेक्'शन् ट द सीक् सर्दार्ज् अन् दि'स् साइड् अभ् द सत्लज् ।

द्यो ही डिड् नट् स्पीक् हिज् सेन्'टिमन्ट्स् इन् प्ले॰न् टर्म्'ज्, आइ कुड् ईज्'इलि पर्'सीभ् द्यॉट् ही डिड् नट् गिभ् ड्यू क्रेड्'इट् ट माइ असर्'शन्ज्, यॉन्ड् द्यॉट् द फ्यॉक्ट् आइ अलूड्इड् टु यॉज् वेल् यॉज् माइ डिनाइ'अल् अभ् एन्'इ फ्यू'चर् अटेम्ट्' अन् द पन्जाब् वेर्, दि वन् कन्सिड्'अर्ड् ओन्'लि इन् फर्'दर्यॉन्स् अभ् अ ग्रे॰टर् अब्'जिक्ट्, यॉन्ड् दि अद्'अर् अट्रिब्'युट्इड् टु अ डीप् पल्'इसि ह्विच् स॰ट् ट कन्'सील्' इट्; बट् ही प्रिटेन्ड्'इड् टु यॉक्विएस्' यॉन्ड् रिलिङ'क्विश्ड् द सब्'जिक्ट् ।

(लेफ्टनेन्ट कर्नेल डेभिड अक्टर्लोनीले कम्पनीसरकारका गुप्ति, राजकाजसम्बन्धी र पर-राष्ट्रविभागका सचिव जे. आयडमलाई वि. सं. १८७० पूस ८ गते लेखेको चिठीबाट । नेपाल् यॉन्ड् दि ईस्ट् इन्'डिअ कम्'पनिका १२६–१२७ पृ. बाट । )

[आफ्नो शासनक्षेत्रभित्रका वैरान पहाडमा हुने यी चीजबीज कोसेली दिइसकेपछि यी वस्तुहरूलाई बहुमूल्य भनी होइन कि अनौठा वस्तु सम्झी स्वीकार गर्नुहोस् भनी भक्ति थापाले मसँग प्रार्थना गरे । यसपछि मसँग एकान्त गर्ने इच्छा उनले गरे । काँगडाको लडाइँको कुरा यहाँलाई विस्तारपूर्वक सुनाउनू भनी अमरसिंह थापाले मलाई अह्राउनुभएको छ भनी उनले सो लडाइँको लामो वर्णन मसँग एकान्तमा गरे। रणजित्सिंहको र उनको फौजको राम्रो बन्दोबस्त वा बहादुरीले गर्दा हामीले काँगडाबाट हट्नुपरेको होइन; परन्तु रणजित्सिंहले धर्म भाकी खाएका किरियामा नचाहिँदो पत्यार गर्दा हामीले काँगडाबाट हट्नुपरेको हो; फलानो दिन नेपाललाई किल्लाकाँगडा सुम्पन्छु भनी संसारचन्दले गरेको कबूलियतनामामा हात हाल्ने मेरो कुनै इच्छा

छैन भन्ने वचन दिई रणजित्सिंहले हामीलाई अन्त्यसम्म छक्याइराखे; रणजित्सिंहको यस विश्वासघातले गर्दा गुम्न गएको इज्जत फेरि उकास्नाको लागि र त्यसको बदला लिन अमरसिंह ज्यादै चिन्तित हुनुहुन्छ, कोटकाँगडामा फेरि हमला गर्नाको लागि यहाँको अनुमति पाउने र यस विषयमा यहाँको सल्लाह पाउने इच्छा उहाँले गर्नुभएको छ भनी भक्ति थापाले मसँग भने। काँगडा हाम्रो राज्यमा पर्ने इलाका वा हाम्रो आश्रित राज्य नभएको हुनाले त्यहाँ अमरसिंहले आफूलाई मन लागेको कुरा गर्नुभए हुन्छ; यस कामबाट फाइदा होला कि होओइन भनी उहाँले मसँग सोध्नुभएको हो भने अघि खालि संसारचन्द मात्र हुँदाखेरि त उहाँको ३ वर्षभन्दा बढीको परिश्रम परेको यो कामबाट अहिले उहाँलाई फाइदा होला जस्तो मलाई लाग्दैन; किनभने त्यहाँ अहिले रसदको पूरापूर बन्दोबस्त गरिएको छ तथा किल्लाभित्र बसेको फौजले अहिले सो किल्लाको रक्षा गरिरहेछ; लडाइँ परेको खण्डमा किल्लाबाहिरबाट पनि धेरै फौजले सो किल्लाको रक्षा गर्नेछ भन्ने कुरा उहाँलाई थाहै छ भनी मैले भक्ति थापालाई जवाफ दिएँ।

कम्पनीसर्कारले यसमा हात नहाल्ने वचन दिने हो भने रणजित्सिंहले जुनसुकै फौज ल्याए पनि उनीसँग भिड्न सक्छु भन्ने अमरसिंहको विचार छ भनी भक्ति थापाले घुमाएर भने। पछि अगाडि बढ्दै गई पंजाब दखल गर्ने मनसायले नै लुध्यानामा तपाईंहरू बस्नुभएको हो भनी अमरसिंहले ठान्नुभएको छ भनी आखिरमा उनले सोधे भने। यो समझ ज्यादै बेठीक हो; अंग्रेजसर्कारसँग आफूले गरेका घालाई रणजित्सिंहले अहिलेसम्म जसरी पालना गरिरहेछन्, त्यसरी पालना गरुन्जेल यस्तो हुनै सक्दैन; हामीले शतरुद्राका यसपट्टिका सीख सर्दारहरूलाई विनामूल्यमा आश्रय दिएका हौं, अंग्रेजसर्कारले आफ्नो अधिकार वा मालपोत बढाउन भनी ती सर्दारहरूलाई आश्रय दिएको होइन; यो कुरा अमरसिंहले सजिलैसँग बुझ्न सक्नुहुन्छ भनी मैले भक्ति थापालाई पत्यार पार्ने किसिमले भनें।

उनले मुखले त केही बोलेनन्, तर मेरो कुरा उनले उस्तो नपत्याएको मैले सजिलैसँग बुझें। मैले घुमाई भनेको कुरालाई र पंजाबमा हामीले पछि गर्ने उद्योगको विषयमा मैले गरेका प्रतिवादमध्ये एउटालाई ठूलो उद्देश्यको अभिवृद्धि र अर्कोलाई यस उद्देश्यलाई लुकाउन खोजिएको गहिरो नीति हो भनी भक्ति थापाले सम्झे। तर उनले मेरो कुरा पत्याए जस्तो गरी यस विषयको चर्चा गर्न छोडे★।]

★ हामीले लाहोरमा हमला गरेको वेलामा तपाईंहरूले काँगडामा लडाइँ खोले सजिलो पर्ला भनी अक्टरलोनीले भने भनो अमरसिंह थापाले लेखेका छन्। (पूर्णिमा ९ पूर्णाङ्कको ५३ पृ.)। पंजाबमा कम्पनीसर्कारले पछि हमला गर्नेछ भनी भक्ति थापाले भन्दा मैले साफ खण्डन गरें भनी अक्टर्लोनीले यस चिठीमा लेखेका छन्। यस कारण यस विषयमा अरू सामान पाइएपछि पछि विचार गरिनेछ।

अक्टर्लोनीसँगको यस भेटघाटबाट अमरसिंह थापा अत्यन्त प्रसन्न भएका थिए तथा यस भेटघाटबाट दुइ देशको मैत्री दरिलो हुनेछ भन्ने विश्वास उनले गरेका थिए भन्ने कुरा हामी उनले ज. अमरसिंह थापालाई लेखेको चिठीबाट स्पष्टसँग बुझ्छौं[1]। नेपालले भोगचलन गरिआएको भटौलीका ४ गाउँको विषयमा विवाद उठाई लडाइँसम्म खोल्न सुरिने अक्टर्लोनीको मनःस्थितिलाई यस वेला काजी अमरसिंह थापाले बुझ्न सकेनन्; नेपोलियनसँगको लडाइँमा आफूहरू फसिरहेको वेलामा नेपालसँग लडाइँ गर्ने अनुमति इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल मिन्टोले नदिएपछि भटौलीमा हमला गर्नाको लागि सीखहरूलाई उचाल्न पुग्ने अक्टर्लोनीको चरित्रलाई यस वेला अमरसिंह थापाले बुझेनन् । नेपालसँग लड्ने निश्चय अंग्रेजहरूले गरिसकेका हुनाले उनीहरू लडाइँको तयारी भित्रभित्र गर्दै थिए । नेपालीहरूको रहस्य बुझ्नाको लागि नै अहिले अक्टर्लोनी अमरसिंह थापाकहाँ आएका थिए । अमरसिंह थापाले भने अंग्रेजसँग लडाइँ हुन्छ भन्ने कुरा बुझ्न सकेका थिएनन् र उनी अक्टर्लोनीको लोलोपोतोले मख्ख भएका थिए ।

यस कारण वीररसले हरबखत अनुप्राणित भइरहने सोझा अमरसिंह थापाले चलाख अक्टर्लोनीको परिपञ्च बुझ्न नसकेका देखिएकोले कौटल्यको *प्राज्ञः शूरमतिसन्धत्ते* ७।१७।३२ (चलाखले शूरोलाई छक्याउँछ) भन्ने सूत्रको उदाहरण यहाँ स्पष्ट रूपमा घटेको हामी देख्छौं ।

मंडलाको लडाइँमा मेरो पल्टनले ठूलो बहादुरी देखाएकोले मेरो र मेरो पल्टनको देश-विदेशमा खूप नाउँ चल्यो भनी भक्ति थापाले आफ्ना दाजु बन्देउ थापालाई चिठी लेखेका थिए । बन्देउ थापाले आफ्नो भाइको पुरुषार्थको बयान भएको सो चिठी नेपालसर्कारमा चढाए । यस चिठीले गर्दा नेपालसर्कार अन्योलमा पर्न गयो । किनभने नाहानमा बसेका नेपाली शासक काजी रणजोर थापा, कप्तान भक्ति थापा, चामु भँडारी र सर्दार रणशूर थापासमेत भई मंडलाको लडाइँको यथार्थ बयान पहिलेबाटै लेखी पठाइसकेका थिए; अहिले भक्ति थापाले आफ्ना दाजुलाई पठाएको चिठीमा आफ्नो पल्टनको मात्र जस गाएकाले नेपालसर्कारलाई यस लडाइँ जित्ने को हो भन्ने शङ्का उठ्न जानु अस्वाभाविक थिएन । यसैले मंडलाको लडाइँमा भक्ति थापाले मात्र मिहिनेत गरेका हुन् कि अरूहरूले पनि मिहिनेत गरेका हुन्; यो कुराको विषयमा यथार्थ कुरा लेख्नुहोस् भनी तिम्रा बाबुलाई लेखी पठाऊ भनी तात्कालिक नेपालका प्रधान शासक ज. भीमसेन थापाले बख्शी वीरभद्र कवरलाई अह्राए । उनले पनि भीमसेन थापाको आज्ञाअनुसार आफ्ना बाबु कप. चन्द्रवीर कवरलाई मंडलाको लडाइँको विषयको खसोखास कुरा लेखी पठाउनुहोस् भनी चिठी पठाए ।

यसपछि काजी रणजोर थापा र कप. चन्द्रवीर कवरले त्यस दिनको लडाइँमा लडेका केही व्यक्तिहरूलाई भेला गरी यस लडाइँको विषयमा सोधपूछ गरे ।

भक्ति थापाले मंडलाको लडाइँको एकलौटी जस लिन यसरी आफूलाई बढाएर लेखेको कुरा त्यो लडाइँ लड्ने अरूहरूलाई मन नपर्नु स्वाभाविक थियो । यस कारण ती मानिसहरूले

---

१. सो चिठी पूर्णिमाको ९ पूर्णाङ्कका ४८–५३ पृ. मा छापिएको छ ।

भक्ति थापाले झण्डै हारिसकेका थिए; हामीले गएर उनलाई जोगाइदियौं भनी यस लडाइँको विस्तृत वर्णन गरे ।

चन्द्रवीर कवरलाई यस विषयमा सोधनी गएकोले उनले यस विषयमा नेपालसर्कारलाई एउटा चिठी लेखे ।

भक्ति थापाले मंडलाको लडाइँमा पुरुषार्थ देखाएको कुरा त परै जाओस्, उनी लडाइँमा डट्न नसकेको देखेर भक्ति थापा लडाइँमा मारिए भनी धेरै दिनसम्म शत्रुहरूले ठानिरहेका थिए भनी त्यस चिठीमा चन्द्रवीर कवरले लेखेका थिए ।

भक्ति थापाको जस जति आफैं लिन खोज्ने बानी आजको होइन; किनभने जुम्लामा भएको विद्रोह दबाउँदाखेरिको जस पनि उनले आफैले लिन खोजेथे; गणेशघाटीको लडाइँमा ११ जना सीख मारेकोमा १७ सय मारें भनी उनले अर्जी लेखी पठाएथे भनी त्यस चिठीमा चन्द्रवीर कवरले भक्ति थापालाई निकै गिराएर लेखे ।

यस्तै चिठी मंडलाको लडाइँमा लड्ने अरूहरूको तर्फबाट पनि काठमाडौं पठाइएको थियो ।

यी दुइ चिठीका आधारमा भटौली मंडलाको लडाइँको बयान मैले माथि दिएको हुँदा सो वर्णनले भक्ति थापाको उपरमा न्याय नगर्ने पनि सक्छ । तर यी दुइ चिठीलाई छोडेको खण्डमा हामी भटौली मंडलाको लडाइँको कुरा बुझ्नै सक्दैनौं भने पनि हुन्छ । यस कारण अब पाठक-हरूको सामु यी दुइ चिठी राख्छु—

**स्वस्ति श्रीसर्वोपमायोगेत्याविसकलगुणगरिष्ट राजमारासमर्थः श्रीजर्नेल भीमसेन थापा श्रीकाजी रणधोज् थापाकेषु ईत श्रीचन्द्रवीरकुवरकस्य आसिषःपुर्वकपत्रमिदं.**

**जाहा कुसल ताहा कुसल मंगलसै हमारो उधार होला: आगे जाहाको समाचार भलो छ.**

**उप्रांत कपतान् भक्ति थापाले आफुले र आपना पल्ट्नले मंडलामा षुबि[1] गर्‍याको देस-देसमा ढेरढेरै तारिफ् गयाको सर्कारमा जाहार गराउनान्. सर्कारबाट म सरिया[2] रहुला. कसैले ई कुरा षोजिहाल्या भन्या दाज्यु बन्देउ थापालाई लेष्याथ्या. उसले सर्कारमा बिजिनिस् चह्राई पठायेछ भनि बन्देउ थापालाई बौलाहा तुल्याई आफ्नु सरम् थाम्न्या सोभाउ कपतान भक्ति थापाको अघिदेषिको छः**

**मंडलामा भयाका कुराको बिस्तार वाहा जान्या तेस् दिनका लडाजिमा सामेल भयाका श्रीगोरषका सुबेदार जामादार हांम्रां पल्टनका सुबेदार सर्दार रणसुर थापा ईनको कम्पनि अरू फाट्फुट्या कम्पनिका सुबेदार जामादारहरुले लेष्याका चिठिले विस्तार मालुम होला.**

**श्रीगोरष हाम्रो पल्टन् सर्दार रणसुर थापा कपतान भक्ति थापा टिपाटिपामा चलंगा बारि बस्याका थिया. बैरिले मंडला घेर्न आउँदा श्रीगोरष हाम्रो पल्टन् सर्दार रणसुर थापा टिपाबाट निकलि ३ मुष गरि लपेटा लिदा मंडला घेर्न आयाको बैरिलाई हटाया.**

---

१. षुबि = पुरुषार्थ । २. सरिया = निमकको सोझो चिताउने ।

बैरि सबै सोहोरि कपतान भक्ति थापा बस्याका टिपादेखि मनिबाट पुग्यो. बैरि भारि थियो. सर्दार रणसुर थापा बलभद्र कवर श्रीगोरषका सुबेदार जामादारहरू सबै गेल्या थिया. दाहिन्या बाउ केहि नहेरि तर्बार काढि[1] ढाडे चुरिदा ठहर्न सकेन.

भक्ति थापा कपतान कुर्च्याथिया[2]. गमसग काम गरौला भनि टिपैबाट बन्दुक् हनाउथ्या. मैदानमा झऱ्याका थियेनन्. तिन मुषबाट लपेटियाको देषि टिपोदेखि पाषामा आईपुगीरह्याथ्या. बैरिले सोहोरा लाउदा[3] पाषैमा ढेरै घायेल हुन गया.

वाहि टंचिया चमारका गाउबाट श्रीगोरषले तोप लाउदा गोलैमां गोला पर्दा बैरि मारियोः गोल् षल्बलि बैरि भाग्यो. ४ घरि दिन बाकि थियो[4]: पाषैबाट बन्दुक ढांङलुङ् बैरि नभागन्ज्याल हुदै रह्याः

हाम्रो र हाम्रा पलटनको देसमा ठुलो तारिफ गयो भन्याका अर्थ अरू ३ मुषबाट भन्या बेसै गरि पेल्या. कपतान भक्ति थापा उनको पल्टन पाषादेषि मैदानमा निस्कनै सकेननः हाम्रा सोहोरामा कपतान पनि उनका सिपाहि पनि ढेरै मारिया. तब मैदानमा निसकन सकेनन् भनि बैरिका लस्करमा ढेरै दिनसंम गाल् गर्दै रह्या.

तिनसग काजमा २।३ ठाउँमा जोरिजुं. जुंलामा कुल्[5] हुवा पनि सिमकोट सँले उछिन्याथ्या. छिनाछिन पनि मैल्यैं उकास्याथ्या. पाति[6] भक्ति थापाले आफै लाया.

श्रीगणेशमा बिहानदेषि साजसंम लडाजि भैरह्यो. ४।५ सय बैरिका खेत राषिउ. श्रीगणेशघाटि थामिजुं. काजिबाट गुहार पठायाका भक्ति थापा घोऱ्याटिपा र उस्मनिका २ गढि बैरिले लि राष्योथ्यो. श्रीगणेशघाटिका आडमा वोहोरा बन्दुक् हुदै थियाः वाहा थामनालाई केहि फौज लि म बस्याः काजि जस्पाउ थापा घोऱ्याटिपा र २ गढि उकासनालाई केहि फौज लि गयोः घोऱ्याटिपामा आगो लाग्याको देषि श्रीगणेशघाटिको फौज नपर्चि बैरि तांहां आयेन हो भन्या लषि[7] वल्लै टिपामा कपतान भक्ति थापाको लस्कर कोहि आड बार्न लाग्या. कोहि भात पकाउन लाग्या. काजि जसपाउ थापाले तलका २ गढि उकासि घोऱ्याटिपामा पुग्दा बैरि भाग्यो. बैरि भाग्याको देषि हाम्रा तासा[8] नगराको सब्द सुनि भात घोप्टयाउदै दगुर्दै सिपाहोले गऱ्या. दस् बिस् जना सिपाही आईपुगि वोह्लाला लाग्याका बैरिसग तर्बार जोरियो. उनका मुषमा सबै ११ जना काटियाः उ आईपुग्दा साज परिगयोः १७ सय मान्या भनि सर्कारमा अजि लेषियोः टिपामा

१. तर्बार काढि = नाङ्गो तरबार हातमा लिई । २. कुर्च्याथिया = कुरीज खाएर बसेका थिए = एकै ठाउँमा डल्लिएर बसेका थिए । ३. सोहोरा लाउँदा = वीरगर्जना गर्दै हमला गर्दा । ४. ४ घरि दिन बाकि थियो = दिउँसोको ४ बजेको थियो । ५. कुल् = विद्रोह । ६. पाति = जस । ७. लषि = लख गरेर । ८. तासा = टयाम्को जस्तो घाँटीमा भिरेर दुवै हातले गजाले हानेर बजाउने एक किसिमको बाजा । (बालचन्द्र शर्माको नेपाली शब्द–कोशबाट) ।

आड बार्न नलाग्याका भया र ४ घरिअघि[1] आईपुग्याका भया सत्र सय ता क्या ३४ सय मारिन्या थियोः बाजि पनि टेकिन्यैथियो.[2] ताहा पनि पाति आफैले लाया.

श्रीगणेशघाटिबाट तिमिहरूले लस्कर सुकोटमा ल्याउ. तांहांको जाहाको बोलगोल मिलाई मालकाढा घेर्‍या भबनमा बस्याका बैरिलाई हान्नुपन्यो भन्या चिठि काजिबाट आउंदा श्रीगणेश-घाटिबाट लस्कर उठाइ सुकोटमा आज्यूं. आजै राति श्रीबानगंगा तन्या हामि तर्न पाउछौ. मालकाढाको गुहारिलाई पुग्छौ भनि अनेक तरहसग मैले भन्या. बुढा पनि जानन्या पनि उनै थिया. भोलि जाउला भनि भक्ति थापाले भन्याः आज गया हामि जान पाउछौ. नतर हामि जान पाउदौन भनि फेरि मैले भन्याः सबैले भक्ति थापालाई पत्याईराष्याथ्या. सबैले उनैका कुरा पछि लाग्या. हाम्रा कुरा कसैले षायेनन्. सबै सुकोटमा थुनिई रहीजुं: ई कुरा सबै जान्या जस्पाउ काजि छन्. सुकोटबाट लस्कर उठाई गुहार दिन्या ढप नदेषिदा सुबेदार रिपुमर्दन थापाले र मैले मतो गरि सबुज र सिंघनाथ जाहां छन्. ई २ कम्पनि लि त र म जाउ. तारागढिबाट ४ कम्पनि लि आ भनि बिरभद्रलाई झिकाई पठाजुं: कम्पनि लि बिरभद्र आयो. ताहांदेषि वोढो[3] हामिले र अरूले गन्याका सबै कुराको बिस्तार बीरभद्र जांदछ. सोध्या बुझनु-होलाः

मंडलामा पनि आफुआफुले गर्‍या मिहनत् सबैले गर्‍यैको होः ताहा पनि कपतानले आफै पाति लायाछन्.

मांछले जति कहनि गर्छन्. उति करनिले गन्या भरतषंडभरमा येकै हुकुम हुन्या थियोः यो झिलि आफुहरूले बुझनु चाहिन्छ. षामिदको बनाउन्या बढाउन्या र थापाहरूलाई जस् हुन्या कुरामा कौनै कुरामा कवर पछि सन्याका हौन. कहनि नसुन्नु. करनि हेर्नु: बिवेक् गर्‍या स्थान श्रीईश्वरले आफुहरूलाई कृपा गरी राष्याछन्. विवेक गऱ्या मानिस्को दिल बढन्या काम हुंछः

ईति सम्बत १८७० साल मिति पौष वदि १४ रोज ३[4] मुकाम नाहान शुभम्.

(यो चिठी बुद्धिसागर पराजुलीका अध्यक्षतामा शङ्करमान राजवंशीद्वारा सम्पादित, श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग वीरपुस्तकालयबाट प्रकाशित शाहकालीन चिट्ठीपत्रसंग्रहको पहिलो भागका १७–२२ पृ. मा छापिएको छ । मूल चिठीसँग रुजु गरी यहाँ शुद्ध पाठ दिइएको छ ।)

---

१. ४ घरिअघि = डेढ घण्टा जतिअगाडि । २. बाजि पनि टेकिन्यैथियो = लडाइँ पनि जितिन्यैथियो । ३. वोढो = पछिको ।

४. वि. सं. १८७० पौषकृष्ण

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पूस | ९ | मङ्गल | चतुर्दशी | ३८ । ३२ |

(पात्रोबाट)

स्वस्ति श्रीसर्वोपमायोग्यं सकलगुणगणालंकृत राजभारोद्धरणसामर्थ श्रीश्रीश्रीजर्नेल भीमसेन थापा श्रीश्रीश्रीकाजी रणध्वज थापाका चरणतलेषु इत श्रीसुबेदार चामु बस्न्यांत बहादुर गुरू- -सिं थापा हेमन्त षतृ गौरीदत्त वाहि जयतषम्ब थापा रणसिं अधिकारी १ का[१] जमादार जस्कर्ण भडारि भद्रु थापा जम- -कार्कि रणबम कार्कि अमरसिं अधिकारी देउचन् षबास् शक्ति राउल् जश्राम थापा बंसराज दुरा बिर्जसिं षतृ बाहादुर राना ग- -साहि पारथ बुढाथोकि देबीबकसका जामादार रणजीत बस्न्यात अर्जुन महत तुलाराम षतृ रणभीम राना मेजर रामकिर(ण पा)ध्या कोत्या[२] मनिराज राना अजीटन्[३] अंमान थापा रणबम्का ज्मादार धनबर गुरू जबर लामा सम्सेरजङ्का ज्मादार माहा- (गु)रू सूर्जभान थापा रणसुर राना सादल गुरू गोरषबकस् कंपनिका ज्मादार दलवीर थापा लक्षोमन थापा चन्द्रमनि राना --- राना रामु गुरू मेजर बिष्णुकान्त षाध्या अजिटन बलि राना कोत्या रामचन्द्र आले कोत्या पुरनै गुरू सुबेदार लक्षोमन राना १ का अजिटन् अजित षड्का शिवचरण गोलतांज[४] बलि लामा जसिबन्त रानाकस्य सलामशुभाशीर्वादसेवापूर्वकपत्रमिदं.

आहा कुशल. ताहा कुशल भया उद्धार प्रतिषाल होला. आगे आहाको सभाचार भलो छ. उप्रान्त आश्विनका २१ दिन जादा १३ घडी रात चढदा[५] अघि मण्डलामा ५०।६० वैरी आइलाग्दा हामी पनि षबरदारि भैरह्याष्युं. रात बिह्याउन्या बषतमा ७ हजार फौज ३ तोप २५ निसान षोलि मण्डला छिन्या डबल गरि अघोर सब्द गरि आइलाग्यो. अघि हामी बस्याको टिपा पनि मंडलागढि पनि छिम्न्या गरि घेर्‍यो. उस्ले जगाजगा समस्त गरि घेर्‍याका बेलामा हामीले सबै पल्टन् बटुलो गरि निसान षोलि नगरालाइ घोष पारि[६] तर्वार काढि जाइलाग्दा मण्डलागढिमा आयाको पनि अरु जगामा आयाको बैरी सबै हट्यो. लपेटा लि जाइलाग्युं. बिचमा वैरी पनि अडीयो. हामी पनि अडिन्युं.

मंडलाका पश्चिमपट्टि १ का ४ पट्टि र कवर कपदानका[७] २ कंपनि रणसुर थापा सर्दारहरू थिया. उधेरू आडबाट हान्न्या समस्त वैरी हाम्रै पट्टिमा ३२।३३ षेप आइलाग्यो. हामिले हटाञ्युं. बन्दुक्को यत्रो लडाई आजसम्म देष्याको थियन. यो लडाइ जित्ता हाम्रो हाम्रा पल्टन्को ठुलो जस् देसदेसमा गयो भनि आफ्नु र आफ्ना पल्टन्को धेरधेरै तारिफ् बढाइ भक्ति थापाले बन्देउ थापालाई लेष्याको रहेछ. सो बिजनिस् बन्देउ थापाले सर्कारमा चह्राइ पठायाको रहेछ र यो षबर जस्तो उन्ले लेष्या तस्तै हो कि अरु भारा पाच कंपनीले पनि मिहिनेत

१. १ का = गोरखका । २. कोत्या = पल्टनको निशान, बन्दूक आदि राख्ने ठाउँको रेखदेख गर्ने सरकारी जागीरदार (नेपाली शब्दकोशबाट) । ३. अजीटन् = ऐटन (सेनापतिका सहायक) । (नेपाली शब्दकोश र श्री ५ पृथ्वीनारायण शाहको उपदेश ३३२ पृ. को आधारमा) । ४. गोलंताज् = तोप हान्ने व्यक्ति (नेपाली शब्द-कोशबाट) । ५. १३ घडी रात चढदा = पौने एघार बजे । ६. नगरालाइ घोष पारि = बेसरी नगरा बजाई । ७. कवर कपदानका = कप्तान चन्द्रवीर कवरका ।

गऱ्या. यो षबर कसो रहेछ. तम्रा बाबालाई लेषि पठाव भनि जनलको[1] आग्या भयो. कसो कसो भयाको हो. षसोषास लेषि पठाउनुहोला भनि बक्सी[2] बीरभद्र कवरले आफ्ना बाबालाई लेष्याको रहेछ.

भयाका कुरामा पनि सबैलाई राम्रो परोस् भन्नानिमित्त श्रीकाजी रणजोर थापा कपतान भक्ति थापा चामु भडारि सर्दार रणसुर थापा बसी मसौदा गरि अंजिमा सबैको नाउ हाली सर्कारमा चह्राई पठायाको हो. भक्ति थापा कपदानले यो बिहोरा लेष्याको बिजनित् सर्कारमा पुगेछ. कसो हो भनि सोधनि आईरहेछ. लडाइंमा तिमेरू गयाथेउ. कसो कसो भयाको हो भन भनि हामीलाई काजि कपदानले ठूलो कचहरि गरि सोध्या.

अधि सिंहको[3] फौज नआउदै तालमा रणबम्को १ पट्टि धनबर गुरूं जामादार भक्ति थापाका पल्टन्का ३० तिलंगा प्रतिमन् थापा बाणिजां ज्मादार थिया.

माल्देउ नारायणदास मिर्जाले मण्डला लुटन पठाउदा आफ्नु पट्टि लि धनवर ज्मादार गुहार बिन गयो. भक्ति थापा कपदानका तिलंगाले गुहार बिन गयेनन्.

भरौलीमा[4] पैह्ले सुबेदार गौरीदत्त साही २ पट्टि दुर्गाबकसका कबर कपदानका पल्टन्को सुबेदार बाहादुर गुरुं २ पट्टि रणबम्को १ पट्टि थिया.

मिर्जा नारान्दास पटेलाको अजबसिं मनोरबाला रणजीतसिंप्रभृति ४ सय फौज आइलाग्योथ्यो. ४ घडीसम्म[5] मुकाबिला रह्यो. सलकले बैरीका सबार प्यादा घोडा मर्दा ठहर्न नसकि भाग्योथ्यो.

भक्ति थापा कपदानका २ कंपनी भरौलीमा गया. गौरीदत्त साही मोरणीमा गया. बाहादुर गुरुं सुबेदार तालको बैराठटिपामा षलंगा बारि बस्यो.

भरौलीमा फिरि नारान्दास प्रभृतिको फौज आइलाग्दा मोरणी किल्लाबाहिर भक्ति थापा कपदानका ३ कंपनि रह्याका थिया. बाहाबल थापासमेत ३ कंपनि लि भरौलीमा गुहारि गया. तालबाट बाहादुर गुरूंका २ पट्टि ज्मादार रणसुर राना सादल गुरुं गुहारि गया. मुकाबिला बरोबर जोरियाका बेलामा पानि पनि पऱ्यो. बंदुकका सलकले बैरिका सवार प्यादा मर्दा २ घरी दिन् बांकि छ[6] भन्दा हटि गयो. माणिकटपरामा डेरा पऱ्यो.

---

१. जर्नेलको = भीमसेन थापाको । २. बक्सी = तलब बाँड्ने कर्मचारी (रामचन्द्र वर्माको देवनागरी उर्दू–हिन्दी कोशको आधारमा) । ३. सिंहको = रणजित्सिंहको ।

४. यस पत्रमा भरौली लेखिएको र काजी अमरसिंह थापाले ज. अमरसिंह थापालाई वि. सं. १८७० मंसीर १० गते लेखेको चिठीमा भटौली लेखिएकोले भरौली र भटौली पर्यायवाची शब्द सम्झी माथि मैले भटौली भनेर लेखेको हुँ ।

५. ४ घडीसम्म = डेढ घण्टासम्म । ६. २ घरी दिन् बांकि छ = दिउँसोको पौने पाँच बज्यो ।

सुबेदार जयतषम्ब थापा इन्द्रदलकंपनि तालका टिपामा राषि बाहादुर गुरुं कंपनि लि सिंगोलका टिपामा आयो. गंर्जसि थापा सुबेदार अघिदेषि सिंगोलका टिपामा बस्यैका थिया.

सिंहगोलका टिपादेषि मण्डला ढुंगाको मारत्तलिबाट नजीक थियो. हेल्लामा मंडला लिउला भनि माणीकटपरादेषि सबै फौज उठाई मंडलामा झोकीन आउदा किल्लाभित्र सुबेदार लक्षोमन राना बेझाका राना मानचन्द बघाट्या रह्याका थिया. किल्लाबाहिर स्युबन्दी जना ७० थिया. किल्लामाथिका टिपामा बहादुर गुरुं गर्न्जसि थापा २ कंपनि बस्याका थिया. हेल्ला गरि झोकियाका वैरीलाइ टिपादेषि मैदानमा झरि स्युबन्दीसित जोरिइ सलक लाउदा २ घडीसम्म[1] मुकाबिला रह्यो. बाहिरका सलकले पनि किल्लाभित्रका जमौराले पनि वैरीका सबार प्यादा घोडा मार्दा ठहर्न नसकि हटि फत्तेपुरमा गै डेरा गरी बस्यो.

बुधबारका दिन वैरी माणीक्टपरादेषि उठी फत्तेपुरमा डेरा गर्‍यापछि बल् थपर्‍या हां भंन्या पाठ हुदा शुक्रवारका दिन देवीबकस् कंपनी सिंगोलका टिपामा पठायाको पुग्योथ्यो. रोज मण्डलामा आई कर्‍यौलिमा सबार प्यादा घोडा वैरीकै जषमी भै मर्थ्या. हटि जान्थ्यो.

मंडलादेषि आधा कोसमा रोरौंको टिपा पूर्वपट्टि थोरो पछाडी भाव थियो. सर्दारसमेत तोप पठाउन्या काम भया बढिया होला भन्न्या पाठ ठहराइ सर्दार रणसुर थापा १ का २ तोप जजेरा गोला छर्रा लि ज्मादार शक्ति राउल् गन्धर्व साहि बिजैसि षत्री जश्राम थापा गोलंताज् जसिबन्त राना स्यामदलको ज्मादार इन्द्रमनि राना येतिले सर्दार तोपसंग गै मंडलामा पुर्‍याइ सर्दार तोपहरू भन्या मंडलामा रहनान्. जांहाबाट गयाका पट्टिले आउनान्. रोरौंको टिपा पनि उछिनी राषर्‍या हो भनि सायेतमा किलो गाडी[2] भक्ति थापा कपतानका ३ कंपनी मोरणी भरौलिबाट नआइपुगन्जी टिपा उछिनी बसनु भनि इश्वरीबकस्को १ पट्टि समरसलभको १ पट्टि ज्मादारसमेत रह्याका थिया.

सर्दार रणसुर थापा १ का पट्टि पनि तोप लि मंडलामा पुग्याका थिया. भक्ति थापा कपदानका पल्टन्का ३ कंपनी सुबेदार बाजवर्ण थापा तिलकसि पर्बल थापा रोरौंका टिपामा पुग्या. कबदानका[3] पल्टन्का २ पट्टि बदला भै पाव कोससम्म आयाका थिया.

तस्तै बिचमा फत्तेपुरदेषि सबार प्यादा उठि मण्डलामा पैले आइलागेछ. १ का ४ पट्टि र सिंगोलका टिपा रहन्या गोराबकस् सम्सेरजङ् देवीबकस्का केहि तिलंगा मैदानमा गै घोडा समाउन बढी जादा घोडा तट्केछ. १ को हवाल्दार राम(द)त्त थापा संसेरजङ्को सिपाहि बासु गुरुंले २ घोडा लोत राषिदिदा[4] र १ का तोपले हान्दा वैरीका गोलमा गोला पर्‍यो. ठहर्न (नस)कि हटि गयो.

---

१. २ घडीसम्म = ४८ मिनेटसम्म ।

२. आफूले विजय गर्नुपर्ने ठाउँमा साइत हेरी किला गाडने र पछि गएर विजय गर्ने चलन थियो । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ७१९ पृ. ।)

यसबाट रोरौंको टिपा त्यसै वेला दखल गरेको बुझिन्छ ।

३. कबदानका = कप्तान चन्द्रवीर कवरका । ४. लोत राषिदिदा = मारिदिंदा ।

रोरौंको टिपा उच्चा थियो. सबार पनि घोडाबाट उत्री पयादै भै रोरौंको टिपामा जाइलाग्दा भक्ति थापाका पलटन्का ३ (कम्प)निलाई मिचि लैग्यो. भक्ति थापा कपदानको १ सिपाही बन्दुक् तर्बारसमेत पन्यो. लोत[1] पनि उठाउन सकेनन्. तिरका बेझासम्म मिचि लैजादा १ का ज्मादार जश्राम थापा बिर्जैसि षतृ भक्ती थापा कपदानका पल्टन्का ३ कंपनी भयाका टिपामा गुहारि पुगी सोहोरा लाउदा थोरो गर्कि टङ्कियो. समरसलभ इश्वरीबकस्का पाव कोससम्म पुग्याको २ पट्टि पनि फर्कि टिपैमा आइपुग्या. १ का ज्मादार बंसराज थापा शक्ति राउल् गन्धर्व साहि सुबेदार बाहादुर गुरुं स्यामदलको ज्मादार इन्द्रमनि रानाले ढाड हान्न्या गरि सलक लाउंदा सिंगोलका टिपाबाट १ का तोपले हान्दा वैरीका फौजका माझ गोलमा गोला लाग्दा ठहर्न नसकि गर्क्यो. तर्बार हालौं भन्दा अध्यारो हुन गयो. वैरि हटि डेरैमा गै बस्यो.

१ का पट्टि नआयाको भया हामिलाइ सक्योथ्यो. तिमिले बाजी राषीदियौ भनि भक्ति थापा कपदानका सुबेदारहरूले पगरि झिकि कुरा गन्या. मोष्य तिमिहरू सबै आहि बस. रा(तम)। डाक् हान्न आउछ[2] भनि भक्ति थापा कपदानका सुबेदार ज्मादारले भन्या. वैरीको मुहुचुरा दियाको छ. आउन सक्न्याछैन. १ का (ज्मा)दारहरूले भन्दा पनि नमान्दा १ को पट्टि बिर्जैसि षतृ ज्मादार रोरौंका टिपामा बस्यो. अरू ज्मादार तोप भयाका ठाउमा गै (बसि)रह्या.

भोलिबेर १ का ४ पट्टि ५ ज्मादार स्यामदल समरसलभका पट्टि नाहाणमा आया. सिंगोलका टिपामा इश्वरी(बक)स कंपनि कपदान बलभद्र कवरलाइ नाहाणबाट पठाया. रोरौंका टिपामा कपदान भक्ति थापालाइ पठाया. मोरणीमा रह्याका कपदान भक्ति थापाका पल्टन्का २ कंपनि बाहाबल थापा मोरणीबाट रोरौंका टिपामा आउनु भनि झिकायाका थिया. मंडलालाइ दाहिनु राषि मोरणीबाट आउंदा फत्तेपुरका सबार प्यादा आइलाग्दा आयाको देषि छिचोलन सकेनन्. फर्कि सिंगोलका टिपाको बाटो गरि रोरौंका टिपामा भक्ति थापा कपदानसग भेला हुन गयाथ्या.

असौजका १८ दिन् जादा सुबेदार चामु बस्न्यात ज्मादार रणबम् कार्कि अमरसिं अधिकारि देउचन् षवास् जमानसिं कार्कि एका ज्मादार पारथ बुढाथोकि अजिटन अजित षडका नाहाणदेषि पठायाका थिया. वैरी पनि निसान षोलि आइरहेथ्यो. बल थपियाको देषि र १ का तोपको गोला वैरीका गोलमा परि मान्छे लोत रहदा हटि गयो.

असौजका २१ दिन जादा बुधबारका आधा रातमा किल्ला घेर्न आउदा किल्लेबारले गोलि मार्दा ठहर्न नसकि भागी गयो.

आफ्नु बिरानु चिन्हीन्या वेलामा किल्लाका चारैतर्फ घेरी अगाडि आइगयेछ. १ काले तर्बार षैचि जाइलाग्दा अगाडी आयाको गर्कि भाग्यो. कपदान बलभद्र कवर इश्वरीबकस् सम्सेरजङ्ग गोरषबकस् देवीब(क)स् दाहिनातर्फ मैदानको मुषमा मैदानका माझका मुषमा १ का ४ पट्टि सर्दार रणसुर थापा फगद सुबेदार चामु बस्न्यात कि(ल्ल)लादेषि अगाडी आयाको वैरी गर्कायापछि भक्ति थापा कपदानका पल्टन् बाउतर्फका मुहुडामा आयाथ्या. टिपादेषि उधो

---

१. लोत=लाश । २. डाक् हान्न आउछ=अकस्मात् हमला गर्न आउँछ ।

मैदानमा झर्नै दियेन. बैरीले उधोबाट हान्दा भक्ति थापा कपदानका पल्टन्का मान्छे धेरै घायल भएका हुन्. "१" का सुबेदार चामु बस्न्यात ज्मादार हुद्दा सिपाहि सर्दार रणसुर थापाले तर्बार षैचि तर्बार हाल्न जादा वैरी गर्कि भाग्यो. बंदुक्को दन्याससम्म[1] लपेटा गरि धपाइयो.

"१" का मुहुडाबाट धपायाको वैरी भक्ति थापा कपदानका मुहुडामा जाइलाग्दा उनलाइ सेप्यो. अघिदेषि मुहुडा बाडी लड्दा पनि "१" का तिलंगा जाहा आव भन्थ्या. "१" ले धपायाको वैरी भक्ति थापा कपदानतिर भाग्दिषेर धक्का गर्दा "१" का पट्टि तोप नआया जाहा बिग्र्यो भनि भक्ति थापा कपदानले तारैतार मान्छे पठांउदा २ ज्मादार प्यादै बस्ता पैले बेर सबै हामितिर आइलाग्योथ्यो. तर्बार काढि गढिका अगाडी आयाको वैरी गर्काउदा गर्कायाको बैरिमा आधा गयाको छ. फेरि "१" ले तर्वार काढि गर्कायाको बैरि भक्ति थापा कपदानतिर भाग्दीषेर जाइलाग्दा जोर गर्‍यो. अब जाउं भनि सर्बार रणसुर थापा सुबेदार चामु बस्न्यात "१" का पट्टि तोपसमेत गै बन्दुक्को सलक र तोपको जगेरावाला छर्रा मार्दा वैरीका लोत पर्‍या. ठहर्न नसकि भाग्यो.

बुधवारका दिन सुबेदार हेमन्त षत्री ज्मादार बाहादुर्राना भद्रु थापा जस्कर्ण भडारि बदल् थापा अजिटन् हरिचरण गोलंताज् बलि लामा तमोर १ बासुलि १ झ्यालि १ समेत नाहाण-देषि बुधबारका रात्रिमा आइपुग्या.

बृहस्पतिवारका दिन हामिले "१" का पट्टि सिंगोलका टिपामा रहन्या कंपनीका सिपाहि बरोबर गरि मंडलागढिका अगाडी मैदानमा सब् लागी तोप तयार गरिराष्याको थियो. बैरिका पनि सवार फौज २ तोपले किल्ला दागी हान्न लाग्यो. केहि गोला लाग्या. केहि गोला उड्या. हाम्रातर्फ "१" तोपको फयल् जल्दी चल्दा वैरीका गोलमा पर्दा सबार प्यादा मारिदा तोपका मारमा नठहर्न सकि हटि डेरामा गयो.

येस दिन भक्ति थापा कपदानका पल्टन्का सामेल हुन पनि आयेनन्. जांहा भयाको येक् थोक् सर्कारमा अर्को थोक् लेषन्या उचित् भारादारको होइन. भयाकै कुरा लेषन्या उचित हो.

किम्बहुना

मिति सम्वत् १८७० साल मिति पौष शुदी २ रोज ६[2] मोकाम नाहाण शुभम्

(यो चिठी शाहकालीन चिठ्ठीपत्रसंग्रहको पहिलो भागका २३–३२ पृष्ठमा छापिएको छ। मूल चिठीसँग रुजु गरी यहाँ शुद्ध पाठ प्रकाश गरिएको छ।)

(क्रमशः)

–★–

१. बंदुक्को दन्याससम्म = बन्दूकले हान्दा गोली जहाँसम्म पुग्छ, त्यति ठाउँसम्म ।

२. वि. सं. १८७० पौषशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पूस | १२ | शुक्र | द्वितीया | ५३ । ६ |

(पात्रोबाट)

मंडलाको लडाइँको चर्चा गर्दा असोजका २१ दिन जाँदा बुधबार भनी यस पत्रमा लेखिएको छ । तर वि. सं. १८७० को असोज २१ गते बुधवार नपरी सोमवार पर्छ★। यस कारण भ्रमवश सोमवारलाई बुधवार भनिएको हो कि भन्ने देखिन्छ ।

चन्द्रवीर कवरले भीमसेन थापा र रणध्वज थापालाई लेखेको (माथि दिइएको) चिठीको परिचय शाहकालीन चिट्ठीपत्रसंग्रहको पहिलो भागको १७ पृष्ठमा यसरी दिइएको छ–

चन्द्रवीर कुंवरले नाहानबाट जनरल भिमसेन थापा र काजी रणध्वज थापालाई लेखेयो पत्र । यसमा मंडल घोरा टिप्पा गणेशमा अंग्रेजले हमला गर्दा लडाई गरी हटाइ पठाएको कुरो छ ।

चामु बस्न्यातहरूले भीमसेन थापा र रणध्वज थापालाई लेखेको (माथि दिइएको) चिठीको परिचय सोही पुस्तकको २३ पृष्ठमा यसरी दिइएको छ–

चामु बस्न्यात आदि भारादारहरूले नाहानबाट जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई लेखेको पत्र । यसमा मंडलामा अंग्रेजसंग बन्दूकको ठूलो लडाइँ भएको वैरीलाई हटाएको कुरा छ ।

यहाँ मंडल घोरा टिप्पा गणेश भन्ने ठाउँ एउटै जस्तो गरी लेखिएको छ । तर मंडला, घोऱ्याटिप्पा तथा गणेशघाटी यी ३ ठाउँ भिन्नाभिन्नै हुन् । मंडलाको लडाइँको बयान गरिसकेपछि भक्ति थापाको जस जति आफू नै लिन खोज्ने बानीको उदाहरणको रूपमा चन्द्रवीर कवरले गणेशघाटीको लडाइँको उल्लेख गरेका हुन् । घोऱ्याटिप्पा भन्ने ठाउँ गणेशघाटीकै वरपरको हो भन्ने कुरा सो चिठीबाट नबुझिने होइन ।

मंडलामा हमला गर्ने सीखहरू हुन् भन्ने कुरा चामु बस्न्यातहरूको पत्रबाट छर्लङ्ग हुन्छ । यी दुइ चिठीमा अंग्रेजको नामनिशान छैन । यस कारण अंग्रेजसँगको लडाइँ भन्ने परिचय लेख्नु उचित देखिदैन ।

★ वि. सं. १८७० आश्विनशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| असोज | २१ | सोम | नवमी | ६ । ३१ |

(पात्रोबाट)

# अप्रकाशित १२ वटा ऐतिहासिक पत्र

—दिनेशराज पन्त

जति जति तात्कालिक ऐतिहासिक सामग्री पाइँदै जान्छन्, त्यति त्यति इतिहासमा नयाँ प्रकाश पर्दै जान्छ। यस कारण यथार्थ इतिहास जान्न तात्कालिक ऐतिहासिक सामग्रीहरूको अन्वेषण र अध्ययन गर्नु आवश्यक हुन्छ। ऐतिहासिक सामग्रीमा पनि तात्कालिक चिठीपत्र बढी उपादेय हुन्छन्। चिठीपत्रबाट तात्कालिक परिस्थिति राम्रोसँग बुझन्छ।

श्री ५ प्रतापसिंह शाह र श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई लेखेका कौसी तोशाखानामा पाइएका २२ वटा पत्र यसभन्दा अघि १७ तथा २० अङ्कमा गरी मैले छपाएको थिएँ। ती पत्रहरूबाट तात्कालिक निकै कुरा विशद तथा प्रामाणिक रूपमा बुझ्न मदत पाइएथ्यो। खोजी गर्दै जाँदा पाइएका त्यस विषयका अरू १२ वटा पत्र अहिले यहाँ दिँदैछु।

श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई

वि. सं. १८३९ माघ ३ गते लेखेको पत्र

(१ संख्या)

**स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेर्जङ्देवानाम् सदा समरविजयिनाम्**

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत इहाको हालहकिगत् विस्तार लेष्याको अघिका मोहरपत्रले बुझनुभयो हो. ताहापछि आयाको षवर क्या आयो भंदा तिवारिले[1] पर्बत् पालपाछेव गोर्षो सान्है बढिगयेछ.

---

१. पाल्पाली राजाका मन्त्रिवंशमा कनकनिधि तिवारी देखिन्छन् (पूर्णिमा ४ अङ्कको ६२ पृष्ठ हेर्नुहोस्।) यहाँ उल्लिखित तिवारी यिनै हुन् कि भन्ने देखिन्छ।

बलले पनि षजनाले[1] पनि जितिसक्नु भयेन. एस् दिनमा त आफ्ना घरको धन् भया पनि लाइलुवाइ पनि मद्दत् माग्नु र बंदुक् षरिद गर्नु फिरंगिछेउ[2] जान्या पर्‍यो भनि बिंति गर्दा भलो हो भनि षुसि भया. २।३ हजारको सराजाम गरि षिलद[3] भयो. ताहा मद्दत् माग्नु र बंदुक् षरिद गर्न आउनन्. ताहाबाट तपाँइले फिरंगिसाहेबहरुसित षतषतुत[4] गरि भला मानिस पठाइ मद्दत् नदिन्या र बंदुक् षरिद गरि पर्बत् लैजानु नपाउन्या जस् प्रकारले हुंछ. सो अर्थ पार्नुहवस्. उप्रांत काज भन्याको गर्‍यैले पुग्छ. औसर पनि परिआयाको छ. हाम्रा सगुता राजाहरु[5] पनि हामिले दिर्‍यौ. काज गर भन्नु आइरह्याछन्. तसर्थ यो काज कसो गर्‍या हो. मुष्य काज गर्‍या हो होइन. त्यो मद्दत् मसलत[6] इहाकन पठाउनुहवस्. त्यो काज गर्नै ठहर्‍या फिरंगिछेउ २।४ कंपनि माग्नुपर्ला. ताहा सिपाहि पनि राषनुपर्ला. ताहा ज्याहाका सम्मते (तले) २ मुष गरि काज गर्नुपर्ला. कदाचित् फिरंगिले कंपनि नदिया हामिले त्यो काज गर्दाको दिन् पबत् पलपाले हिसाइत गर्न[7] मद्दत् माग्न जानन्. त्यो कुरो नसुन्न्या मद्दत् नदिन्या अर्थ पारि फिरंगिको प्रबाना[8] पनि गराइ लिनुपर्ला. तसर्थ १।२ कुरो भिम् षवास[9]

१. षजना = लडाइँका सरसामान। २. फिरंगिछेउ = अंग्रेजकहाँ। ३. षिलद (अरबी खिलअत) = राजाहरूले पुरस्कारको रूपमा दिइने लुगा गहना आदि। ४. षतषतुत = चिठीपत्र। ५. सगुता राजाहरु = सामन्त (रजौटा)हरू। ६. मसलत = (अरबी मसालहत) = सल्लाह। ७. हिमाइत गर्न = पक्षमा लिन। ८, प्रबाना = आज्ञापत्र।

९. यी भीम खवास टक्सारी थिए। यिनले वि. सं १८३६ मा नक्सालभगवतीको मन्दिर जीर्णोद्धार गरेका थिए। यो कुरा तलको अप्रकाशित अभिलेखबाट थाहा पाइन्छ—

श्रीश्रीमहिषमर्द्दिन्यै नमः

संयाते ग्रहरामवारणविधौ श्रीविक्रमाब्दे गुरौ
ज्येष्ठे मासि वलक्षपक्ष[ग]ते यामे क्ति(ति)थौ त्वाष्ट्रभे।
श्रीमच्छ्रीरणबाह(बा दुराख्यनृपतेः सन्मुद्रिकोत्पादं(द)कः
स्वेष्टेशीपरितुष्टये समकरोद् देवालयोद्यापनं ॥१॥
श्रीमद्राजेन्द्रलक्ष्मीचरणपरिचरो राजभारासमर्थो
भीमो ऽकारयदंबिक(का)[स] दनकं रम्यञ्च जीर्णोद्धृतं।
देवब्राह्मणपूजनं च हुतभुक्संस्थापनं चाध्वरं
कृत्वा सम्यगुदीरितं बहुविधां दत्वा शुभां दक्षिणां ॥२॥

ॐ अद्य ब्रह्मणो द्वितीयपरार्द्धे श्वेतवराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे युगे कलियुगस्य प्रथमपादे जंबु(जम्बू)द्वीपे भारतवर्षे आर्यावर्त्तदेशे हिमवद्दक्षिणपार्श्वे

नेपालदेशे श्रीश्रीश्रीपशुपतिसन्निधाने वासुकी(कि)क्षेत्रे वाग्म(ब)त्याः पश्चिमकूले विष्णुमत्याः पूर्व्वकूले कांती(कान्ति)पुरमहानगरे इहैव पुण्यभूमौ ज्येष्ठमासे शुक्लपक्षे दशम्यां तिथौ चित्रानक्षत्रे परिघयोगे यथाकरणमुहूर्त्तके मिथुनराशिगते सवितरि कं (क)न्याराशिगते चन्द्रमसि धनु(नू)राशिगते देवगुरौ अन्येषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु काश्यपगोत्रेण भीमवर्म्मणा श्रीश्रीश्रीस्वेष्टदेवताप्रीतिपूर्व्वकयथाशास्त्रोक्तफलप्राप्तिकामनया श्रीश्रीश्रीमहिषमर्द्दिनीभगवतीदेव्या इष्टकादिरचितदेवालयं निर्म्मायास्मिन्दिने प्रतिष्ठापितं ।। ।। अथ देशभाषा ।। स्वस्ति श्री ५ रणबाहादुर्साहबहादुरजंगदेवमहाराजाधिराजका राज्योद्योत हुदामह्रा भीम टक्सारिले नंसारगाउँका श्रीश्रीश्रीभगवतीदेवीका देबल जीर्णोद्धार गरि देवालय बनाइकन प्रतिष्ठा गऱ्या ।। विक्रमसंवत १८३६ ज्येष्ठ शुदि दशहरा १० बृहस्पतिवारका दिन शुभंम् ।। यो देवालय बनाउंदामा चिताइ गर्न्या श्रीप्रेमगिरि गुसांइ श्रीनेपालसंवत् ६०२ शुभं

(नक्साल भगवतीस्थानमा रहेको शिलालेख। यो अभिलेख मैले श्रीगौतमवज्र वज्राचार्यसँग गई पढी ल्याएको हुँ।)

[ श्रीमहिषमर्दिनी देवीलाई नमस्कार

वि. सं. १८३६ ज्येष्ठ शुक्ल दशमी बृहस्पतिवार चित्रानक्षत्रको दिन श्री ५ रणबहादुर शाहका टक्सारका अध्यक्षले आफ्नी इष्टदेवी खुशी हुनुहोस् भनी यस देबलको प्रतिष्ठा गरे।

श्रीराजेन्द्रलक्ष्मीका पाउका भक्त राजभारसमर्थ भीमले भगवतीको मन्दिर राम्ररी जीर्णोद्धार गरे। उनले देवता र ब्राह्मणको पूजा गरी अग्निस्थापना गरेर यज्ञ गरी राम्ररी दक्षिणा दिई विधिबमोजिम यो काम गरे।

ब्रह्माजीको दोस्रो परार्द्धमा, श्वेतवराहकल्पमा, वैवस्वत मनुको पालामा, अठ्ठाइसौं युगमा, कलियुगको पहिलो पाउमा, जम्बूद्वीपमा, भारतवर्षमा, आर्यावर्तमा, हिमालयको दक्षिणतिर रहेको नेपालदेशमा, श्रीपशुपतिको नगीचमा, वासुकिक्षेत्रमा, बाग्मतीको पश्चिमपट्टि, विष्णुमतीको पूर्वपट्टि रहेको पुण्यभूमि कान्तिपुरमा ज्येष्ठ शुक्ल दशमी चित्रानक्षत्र परिघयोग पर्नुपर्ने करण मुहूर्त परेको बेलामा, सूर्य मिथुनराशिमा, चन्द्रमा कन्याराशिमा, बृहस्पति धनुराशिमा अरू ग्रहहरू आफ्ना आफ्ना स्थानमा भएको बेलामा आज काश्यपगोत्रमा जन्मेका भीमवर्माले श्रीइष्टदेवीलाई प्रसन्न पारी शास्त्रमा बताएबमोजिमको फल पाउने इच्छाले महिषमर्दिनी भगवतीदेवीको यो मन्दिर ईंटहरूले बनाएर प्रतिष्ठा गरे। ]

आयो. मुषजबानि विंति गर्ला. सो प्रमान छ. विशेषु किमधिकं. इति संवत् १८३६ साल पौष शुदि ११ रोज ३[1] मुकाम कांतिपूर शुभम्

( छेउमा )

रुपैया १००० जांछ. पुगला.

वि. सं. १८३६ माघ ३ गते राजदरबारबाट बहादुर शाहलाई "यसभन्दा अघिको हालखबर पहिलेको पत्रमा लेखी पठाएका थियौं, त्यसभन्दा पछि के खबर आयो भने— बलले पनि धनले पनि गोर्खा बलियो हुँदै गइरहेछ; हामीले जितिसक्नु भएन; यस बेला आफ्नो घरको भए पनि खोजमेल गरेर भए पनि धन जम्मा गरेर मदत माग्न र बन्दूक किन्न अंग्रेजकहाँ जानुपऱ्यो भनी तिवारीले पर्वत र पाल्पाका राजासँग बिन्ती गर्दा पर्वत र पाल्पाका राजाले तिवारीलाई २।३ हजार रुपियाँ कामको लागि दिए; त्यहाँ अंग्रेजसँग मदत माग्न र बन्दूक किन्न उनीहरू आउलान्; त्यहाँबाट तपाईंले अंग्रेजहरूसित चिठीपत्र गरेर पक्का मानिस पठाई मदत नदिने र बन्दूक किनेर पर्वत लैजान नपाउने काम गराउनुहोला; हाम्रा सामन्त राजाहरू हामी पनि सहायता गर्छौं, काम गर भनी भन्न आइरहेछन्; यो काम के गरी गर्ने हो, यो सल्लाह यहाँ पठाउनुहोला; त्यो काम गर्ने ठहरे अंग्रेजसँग पनि २।४ कम्पनी माग्नुपर्ला; त्यहाँ सिपाही पनि राख्नुपर्ला; २ मुख गरेर काम गर्नुपर्ला; अंग्रेजले फौज नदिए पनि हामीले त्यो काम गर्ने वेलामा पर्वत र पाल्पा अंग्रेजसँग मदत माग्न जालान्; अंग्रेजबाट उनीहरूले मदत नपाउने प्रवन्ध मिलाउनुपर्ला; भीम खवास आएको छ; अरू कुरा उसले मुखैले बिन्ती गर्ला; १००० रुपियाँ पठाइदिएको छ; आइपुग्ला" भनी लेखियो।

यो पत्र लेख्ता गोरखालीहरूले लम्जुङ भरखर जितेका थिए[2]। योभन्दा पहिले पनि पश्चिमतिर गोरखालीहरूले बढ्ने चेष्टा गरेका थिए, तर सफल

---

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ शुद्ध ज्येष्ठ शुक्ल

| गते | बार | तिथि | घडी पला | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| आषाढ १० | बृहस्पति | दशमी | ५०। १७ | चित्रा | ४०।४७ | परिघ | ३२ ३० |

१. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ पौष शुक्ल

| गते | बार | तिथि | घडी पला |
|---|---|---|---|
| माघ ३ | मङ्गल | एकादशी | १२। ३८ |

२. पूर्णिमा २० अङ्कको ३२३ पृष्ठ हेर्नुहोस्।

हुन सकेका थिएनन्[१]। लम्जुङविजयपछि पश्चिमविजयको बाटो खुलेको जस्तै भएको थियो। गोरखालीहरू त्यसभन्दा पश्चिमपट्टि बढ्ने सुरमा थिए। यो कुराबाट पश्चिमका चौबीसी राजाहरू चिन्तित थिए।

चौबीसी राज्यहरूमा पर्वत र पाल्पा विशेष शक्तिशाली थिए। गोरखालीहरूको विजययात्रामा यिनीहरूबाट बराबर रोकावट भइरहन्थ्यो[२]। यस पत्रबाट र तल आउने ३ संख्याको पत्रबाट पनि विशेष गरेर पाल्पा र पर्वत नेपालसरकारको विरुद्धमा हिंडेको कुरा बुझिन्छ।

आफूले पश्चिमतिर आक्रमण गर्दा पर्वत, पाल्पा आदि चौबीसी राज्यहरूले कम्पनीसरकारसँग मदत माग्न जाने सम्भावना गोरखालीहरूले देखेका थिए। हुन पनि यो चिठी लेखिएको लगत्तै पर्वत र पाल्पाका दूतहरू अंग्रेजसँग मदत माग्न गएको कुरा तल आउने ३ संख्याको पत्रबाट बुझिन्छ। यसो हुनाले उनीहरूले मदत माग्न जान नपाउँदै कम्पनीसरकारलाई आफ्नो पक्षमा मिलाउनु आवश्यक छ भन्ने संझी त्यसको लागि प्रयत्न गरिएको कुरा यस पत्रबाट देखिएको छ। बहादुर शाह बिदेसिए तापनि राजदरबारसँग उनको सम्बन्ध कायमै थियो तथा बहादुर शाहको केही अंग्रेजहरूसँग पनि चिनापर्ची थियो। यसो हुनाले बहादुर शाहमार्फत कम्पनी-सरकारलाई आफ्नो पक्षमा मिलाउने विचार यहाँ गरिएको देखिन्छ।

चौबीसी राज्यहरूमा कास्की आदि केही राज्य यस बेला गोरखालीको पक्षमा मिल्न आएका देखिन्छन्। यस पत्रमा "हाम्रा सगुता राजाहरु पनि हामिले दियौं. काज गर भन्नु आइरह्याछन्" भनी कास्की आदिलाई लक्ष्य गरी लेखिएको देखिन्छ। यसको ४ महीनापछि कास्कीले नेपालसरकारलाई लेखी चढाएको धर्मपत्र पनि पाइएको छ। त्यसमा पर्वत आदि चौबीसी बाईसीको पक्षमा मिल्नेछैन, परेको बेलामा गोर्खाको मदत गर्नेछु भन्ने कुरा परेको छ[३]।

श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई

वि. सं. १८३९ माघ १० गते लेखेको पत्र

(२ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानो-

---

१. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ६०६-१२ पृ. हेर्नुहोस्।

२. पूर्णिमा ६ अङ्कका ४६-४७ पृ., ५२ पृ. हेर्नुहोस्।

३. पूर्णिमा २० अङ्कको ३२४ पृष्ठ हेर्नुहोस्।

न्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसमसेर्जङ्देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहां कुसल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत पेटारी[1] १९ सुन्तला पेटारी १ बिम्रा संषट्रो पठाइदियाको छ. पुगला. विशेषु किमधिकं. संवत् १८३९ माघ वदि २ रोज २[2] शुभम्

वि. सं. १८३९ माघ १० गते राजदरबारबाट बहादुर शाहलाई १९ पेटारी सुन्तला, १ पेटारी बिमरा र सङ्खत्रो पठाई यो पत्र लेखिएको हो।

बहादुर शाहलाई बराबर राजदरबारबाट चीजबीज तथा खर्च गइरहन्थ्यो[3]। प्रतापसिंहले पनि वि. सं. १८३३ मा बहादुर शाहलाई चीजबीज पठाई पत्र लेखेका थिए[4]।

### श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई

### वि. सं. १८३९ माघ १६ गते लेखेको पत्र

### ( ३ संख्या )

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्समसेजङ्देवानां सदा समरविजयिनाम्

लि. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ.

---

१. पेटारी = बाँस बेत आदिका चोयाले बनेको सन्दूक।

२. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३९ माघ कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| माघ १० | सोम | द्वितीया | ३७ | ५० |

३. पूर्णिमा १७ अङ्कको ४१ पृ. तथा यही निबन्धको १ संख्याको पत्र हेर्नुहोस्।

४. पूर्णिमा १७ अङ्कका ३१, ३२ पृष्ठ हेर्नुहोस्।

उप्रांत पश्चिमबाट (प)र्वत् पलपाप्रभृति राजाराजाका[1] उकिल[2] पट(ना गै क)लकत्ता गया भनि षब्रर सुनिंछ. बिसेष षव(र्तपाइले) सुन्नुभयो हो. मुष्य तपाइलाइ आराम भया(को भया) बाभन्नानिलाइ साथ लि तपाइले दरबार पावला(ग्नुहोस्. त)त्पर राम्रो आराम भयाको नभया ताहाको... ...सम्मत दि बाभन्नानि भिम् षवासलाइ चाडै पठाइदिनुहवस्. बाभन्नानिको दिल बुझाइ सरसौगात् ष(तष)तुत् गरि अन्हाइपन्हाइ पठाउंला. चाडो गरि पठाइदिनुहवस्. विज्ञेषु. मिति सम्बत् १८३६ साल माघ वदि ८ रोज १[3] मोकाम कांतिपूर शुभम्

वि. सं. १८३६ माघ १६ गते राजदरबारबाट बहादुर शाहलाई "पर्वत र पाल्पाका राजाका दूतहरू पटना गई त्यहाँबाट कलकत्ता गए भन्ने खबर सुनिन्छ; विशेष खबर तपाईंले सुन्नुभयो होला; तपाईंलाई आराम भएको भए बाहुननानीलाई साथ लिई तपाईं यहाँ आउनुहोस्; तपाईंलाई राम्रो आराम नभएको भए त्यहाँको हालखबर राम्ररी बताई बाहुननानी र भीम खवासलाई चाँडो पठाइदिनुहोस्; बाहुननानीको चित्त बुझाई सरसौगात ठीक गरेर अन्हाई पन्हाई पठाउँला" भनी पत्र लेखियो।

## श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३६ माघ २६ गते लेखेको पत्र

(४ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविरा(ज)मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेजंगदेवानां सदा समरविजयिनाम्

स्वस्ति श्रीगिरिचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बाहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहां कुशल. तांहा कुशल चाहिये. आगे इहांको समाचार भलो छ. पत्र आयो. अर्थ

---

१. राजाराजाका = छोटा राजाका। (पूर्णिमा १२ अङ्को ३७ पृ.)। २. उकिल = दूत।

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ माघ कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| माघ १६ | आदित्य | अष्टमी | ३४। | २ |

बुझिउं. उप्रांत भाराहरुले[1] बहुतै सतावन लाग्या. तपाञिले चांडै पावलाग्नापर्‍यो. मोहोर देषत[2] पावलाग्नुह्वोस्. इहां आयापछि जतमतले काम ठहराइ गर्नुपर्न्याछ. उप्रांत बाभन्ना-नीको जागिरको ठिगारा(ना) गरि चांडै पठांउंछौ. तांहा आवनन. विस्तार बाभन्नानि हरि-कृष्णका चिठिले मालूम होला. किमधिकं. माघ सुदि ७ रोज ७[3] मुकाम कांतिपुर राजधानी शुभम्

वि. सं १८३६ माघमा बहादुर शाहले राजदरबारमा पत्र पठाए। त्यसमा उनले के लेखेका थिए, त्यो कुरा भने पत्रबाट खुल्दैन। त्यसको जबाफमा यहाँबाट वि. सं. १८३६ माघ २६ गते बहादुर शाहलाई "भारादारहरूले ज्यादै दुःख दिन लागे; पत्र पुग्नेबित्तिकै तपाईं आउनुपर्‍यो; तपाईं आएपछि सल्लाह गरेर काम गर्नुपर्छ; बाहुनना-नीको जागीरको ठेगाना चाँडै गरेर पठाउँछौँ; उनी त्यहाँ आउलान; विशेष कुरा बाहुननानी र हरिकृष्णको चिठीले थाहा होला" भनी पत्र लेखियो।

भारादारहरूले सताउन लागे, त्यस कारण तपाईं चाँडै आउनुपर्‍यो भनी यहाँ लेखिएको छ। यस कुराले कुन घटनालाई लक्ष्य गरिएको हो, सो कुरा भने पत्रबाट खुल्दैन। तर यस बेला भारादारहरूमा एकमत रहेनछ र केही कलह हुने आशङ्का रहेछ भन्ने कुरो यस पत्रबाट स्पष्ट भएको छ।

### श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३९ फाल्गुन ११ गते लेखेको पत्र

### (५ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेरजङ्देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविदावलिविराजमान-मानोन्नतश्रीसन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु सला-मपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अर्थ विदित भयो.

---

१. भाराहरूले = भारादारहरूले। २. मोहोर देषत = लालमोहर पाउनेबित्तिकै।

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ माघ शुक्ल

| गतै | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| माघ २६ | शनि | सप्तमी | ४३। | २१ |

आगे इहाको स(माचार) भलो छ. उप्रांत राम्रो गरि संच भयाको छैन. संच हुनि मात्र (आउने)छु भनि लेषनुभैछ. सुन्युं. सरिरमा आराम भयाको भया चा(डो ग)रि पावलाग्नुहवस्. ततपर आराम थीयेन भयाको भया चाडै इलाज[1] गराइ आराम भै पावलाग्नुभया बन्ला. ढिल भया त औलो पनि आवला. तसर्थ चाडो पावलाग्न्या अर्थ गर्नु हवस्. बाकि बांभनानि जोरावर षवासहरु[2] पनि विदा भया. ताहा आउछन्. इति संवत् १८३६ साल फागुण वदि २ रोज ४[3] मुकाम कांतिपुर शुभम्

वि. सं. १८३६ को हिउँदमा बहादुर शाहले "मलाई राम्रो सन्चो भएको छैन; सन्चो हुनेबित्तिकै आउनेछु" भनी राजदरबारमा पत्र लेखे। त्यसको जबाफमा यहाँ-बाट वि. सं. १८३६ फाल्गुन ११ गते "तपाईंलाई राम्रो आराम भएको भए चाँडै आउनुहोस्; आराम नभएको भए औषधि गराई निको भएपछि आउनुहोस्; ढीलो भए त औलो पनि लाग्छ; त्यहाँ आउन भनेर बाहुननानी र जोरावर खवास यहाँ-बाट विदा भए" भनी पत्र लेखियो।

श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई

वि. सं. १८३६ फाल्गुन १५ गते लेखेको पत्र

( ६ संख्या )

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादुरसम्सेरजङ्देवानां सदा समरविजयिनाम्

लि. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदम्. इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत हिजो श्रीबबाज्युले तपाइलाइ जागिर जति बक्सनुभयाको हो. तति आज पनि बक्स्यौ. चांडै गरि पावलागनुहवस्. अब त औलो पनि चढ्या. ढिलावनु कत्ति छैन. ताहा

---

१. इलाज = ओखती।

२, श्री ५ प्रतापसिंहले जोरावर खवासहरूलाई सम्बोधन गरी लेखेको वि. सं. १८३२ को पत्र पाइएको छ ( पूर्णिमा १७ अङ्कको २६ पृष्ठ हेर्नुहोस्।)

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ फाल्गुन कृष्ण (पूर्णान्तमानले)

| गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| फाल्गुन ११ | बुध | द्वितीया | १६। | ११ |

पावचलावन बाभन्नानिलाइ पठायाको छ. तपाइ यता पाउलागनुहवस्. बाभन्नानिलाइ पटना पठाइदिनुहवस्. किमधिकं विज्ञेषु. सम्वत् १८३६ फाल्गुण वदि ६ रोज १[१] मुकाम कांतिपुर शुभं

वि. सं १८३६ फाल्गुन १५ गते राजदरबारबाट बहादुर शाहलाई "पहिले बुबाज्यू (प्रतापसिंह) ले तपाईंलाई जति जागीर (जग्गा) दिनुभएको हो; त्यो आज हामीले पनि थाम्यौं; चाँडै आ नुहोस्; अब त औंलो लाग्ने वेला पनि भयो; ढीलो गर्नु छैन; तपाईंलाई लिन बाहुननानीलाई पठाएको छ; तपाईं यहाँ आउनुहोस्; बाहुननानीलाई पटना पठाइदिनुहोस्" भनी पत्र लेखियो।

यस पत्रमा प्रतापसिंहले बहादुर शाहलाई जग्गा दिएको कुराको उल्लेख छ। भाषावंशावलीमा भने प्रतापसिंहको पालाको घटनाको प्रसङ्गमा बहादुर शाहले राजेन्द्रलक्ष्मीबाट जग्गा पाएको वर्णन परेको छ। सो वर्णन यस प्रकारको छ—

बहादुर शाहलाई महारानीबाट भक्तपुरमा बिर्ता बक्सनुभयाको थियो, पछिबाट भक्तपुरको सट्टा ठिमी हुन भयो।

## श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३६ चैत्र २० गते लेखेको पत्र

(७ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसमसेर्जङ्देवानां सदा समरविजयिनाम्

लि. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिवि(वि)धविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्‌बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदम्. इहा कुसल. ताहा कुसल चाहिये. पत्र आयो. पत्रार्थ विस्तार मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत जोरावर पनि आइपुग्यो. पूर्ण-

---

१. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ फाल्गुन कृष्ण (पूर्णान्तमानले)

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | १५ | आदित्य | षष्ठी | १। | ५६ |

मासिका दिन[1] बाभन्नानि जोरावर दुवै पटना हिड्या. उहा पुग्यापछिको हकिगत्[2] पछिबाट विंति गरि पठाउला भनि लेषि पठाउनुभयेछ. गयाछन. बनेछ. उहा पुग्यापछिको हकिगत् ज्या ज्या हुन्छ. चाडै पठाउनुहोला. सारंग चिरहि १ कुलुं १ जिउदो पठाइदिनुभयेछ. जिउदो आयेन. मरिकन आइपुग्यो. अस्ति पनि २।३ पटक् जो जो जातको चरा पठाइदिनुभयोथ्यो. तपसिलमाफिक् आइपुग्याथ्यो. उप्रांत फास्किराप साहेब ताहा नेपाल आउन तयार भयो. तुम्रो कुराकहानिलाइ ज्या अन्हाउनु बाभन्नानिलाइ अन्हाइ पठायाको छ. तुम्रो कुरो उतैबाट होला भनि लेषि पठाया अटकाउन्या काज पर्दो हो भनि लेषि पठाउनुभयोथ्यो. योग्ये हो. इहा आउनाका कुरालाइ चिठि हामिछेउ आयोथ्यो. आजसम्म अंगरेज साहेब इहा कोहि आयनन्. जो चिज फुर्माइ पठाउथ्या. सो चिज पठाइदिंथ्यौं. आज पनि आपुलाइ केहि चिज चाहिया पठाइदिन्छौं. इहा आउनु चाहिदैन भनि एस्तो तर(ह)को मीठो पारिकन नआउन्या कुरो लेषि पठाव्यौ. बाभन्नानीका सिर हालि लेषि पठाया त नेपाल आउन दिन्यै रह्याछन् भन्नु आसय पर्ला र बाभन्नानिलाइ अर्को झिजो थपियला. (आउ)न नदिनु म न्छलाइ चिचिटो नराषन्या हो भनि लेष्यौन. एताबाट थामि पठा(उन्या) चिठि गइरहेछ, उस्ले नबुझि सान्है आउनाको चपाउ भइजाया ताहाबाट भनि (पठा)यामाफिक चिठि पठाउला. किमधिकं विज्ञेषु. इति सम्वत् १८३६ चैत्र वदि १(२ रोज)१[3] (शुभम्)

वि. सं. १८३६ को चैत्रमा बहादुर शाहले "जोरावर पनि आइपुग्यो; पूर्णिमाको दिन (चैत्र ८ गते) बाहुननानी र जोराबर पटनातिर हिँडे; उनीहरू पटना पुगेपछिको हालखबर पछि लेखी पठाउँला; फास्किराप साहेब नेपाल आउन खोजेका छन्; यसविषयको कुरा बाहुननानीमार्फत गर्नू भनी लेखी गए ठीक होला" भनी लेखी पत्रसाथै सारंग चिरहि १ कुलुं १ जिउँदो पठाइदिएका थिए। तर ती चरा यहाँ

---

१. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकाको छ—

वि. सं १८३६ फाल्गुन शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| चैत्र ८ | मङ्गल | पूर्णिमा | ५१। | १७ |

२. हकिगत् = हालखबर।

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ चैत्र कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| चैत्र २० | आदित्य | द्वादशी | ३। | ४० |

आइपुग्दा सरेर मात्र आइपुगे। यसको जबाफमा यहाँबाट वि. सं १८३९ चैत्र २० गते "बाहुननानीहरू पटना पुगेपछिको हालखबर चाँडै लेखी पठाउनुहोला; तपाईंले अहिले र यसभन्दा पहिले पठाइदिनुभएका थरीथरीका चरा यहाँ आइपुगे; फास्किराप साहेबले यहाँ आउन पाऊँ भनी हामीकहाँ पनि चिठी पठाएका थिए; यसको जबाफमा अहिलेसम्म कुनै अंग्रेज पनि यहाँ आएका छैनन्; आफूलाई जुन चीज चाहिन्थ्यो; मागी पठाउँथे, हामी पठाइदिन्थ्यौं; अहिले पनि तपाईंलाई केही चीज चाहिने भए मागी पठाउनुहोला; हामी पठाइदिन्छौं भनी लेखी पठायौं; यो कुरा बाहुननानीले मिलाउनेछन् भनेर लेखी पठाए नेपाल आउन दिँदा रहेछन् भन्ने उनीहरूले सम्झलान् र बाहुननानीलाई अर्को झिँजो थपिएला भनेर बाहुननानीमार्फत मिलाउनू भनी लेखी पठाएनौं; आउन नदिने मान्छेलाई दोधारमा किन पार्नू भनी त्यस्तो लेखी पठायौं; उसले यो कुरा नबुझेर आउने इच्छा ज्यादै गऱ्यो भने तपाईंले भनेमाफिक गरेर पठाउनुपर्ला" भनी लेखी पठाइयो।

यस पत्रबाट वि. सं. १८३९ को चैत्रतिर फास्किराफनामक अंग्रेज नेपाल आउन खोजेका र नेपालसरकारले चाहिँ उनलाई आउन नदिन खोजेको बुझिन्छ।

वि. सं १८४० पौष २१ गते गभर्नर जनरल वारेन हेस्टिंग्सले नेपालसरकारलाई १ पत्र लेखेका थिए। त्यस पत्रमा उनले व्यापारसंबन्धी कुरा मिलाउन फक्सक्रफ्टनामक अंग्रेजलाई नेपाल पठाउँछु भनी लेखेका थिए।[1]

यताबाट पछि यी फक्सक्रफ्ट नेपाल आएका हुन् कि जस्तो देखिन्छ। अरू प्रमाण पाएपछि यस विषयमा विशेष विचार गरिनेछ।

यस पत्रमा र तल आउने ८ संख्याको पत्रमा बहादुर शाहले राजदरबारमा चराचुरुङ्गी पठाइदिएको वर्णन परेको छ।

रणबहादुर शाहलाई पशुपंछी पाल्न विशेष थियो भन्ने कुरा रणबहादुर शाहले दीनानाथ उपाध्यायलाई लेखेका पत्रबाट बुझिन्छ।[2] पं. सुन्दरानन्द बाँडाले पनि रणबहादुरको पशुपंछी पाल्ने सोखको विषयमा चर्चा गरेका छन्।[3] यहाँ बहादुर शाहले चराचुरुङ्गी पठाइदिएको कुराले रणबहादुर शाहलाई बालककालदेखि नै चराचुरुङ्गीमा विशेष सोख थियो भन्ने बुझिन्छ।

---

१. किरणचन्द्र चौधरीको "ऍङ्ग्लो नेप्लिज् रिलेशन्ज् (अंग्रेजभ-नेपालसम्बन्ध) का ५९-६० पृष्ठ हेर्नुहोस्।

२. ऐतिहासिक-पत्रसंग्रह (दोस्रो भाग) का ६६-१०२ पृष्ठ हेर्नुहोस्।

३. त्रिरत्नसौन्दर्यगाथाका १४९-५० पृष्ठ हेर्नुहोस्।

## श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८३६ चैत्र २६ गते लेखेको पत्र

(८ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेरजङ्देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदम्. इहा कुसल. ताहा कुसल चाहि(ये.प)त्र आयो. पत्रार्थ विस्तार मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत दिनानाथ[1] र बाभन्नानिले गऱ्याका मामिलाको सांचो फुटो छुट्याउनाका कुरालाइ ताहा बस्ताषे र पनि मामिलाको चुकली बिंति गर्नाकन सर्कारको मर्जि थियेन. षाउ बसिरहु भनि एस्तो मर्जि थियो. अझ पनि तेहि मर्जि थामिबक्स्या म षुसि छु. नजिक बसि नगर्न सक्याका कुरा टाडा बसि म काहा सकन्याछु भनि लेषनुभयेछ. ढुंगाको[2] चाहिंदो कुरो परिआबाको अरु कसै मान्छले पनि हेर्नु देषनुपर्छ. तपाइको त ढुंगो हो. इ कुरा नषोजि रहन्बा होइन र लेष्याको हो. बाकि ताहा आउनाका कुरालाइ संच पनि निको गरि भयाको छैन. पाद्रिले नदिमा एस्ता तरहसग सैल गऱ्या संच होला भन्छन् भनि लेषनुभयेछ. संच भयाको भया अवस्य पाउलागन्या योग्ये हो. संच नभयाको भया संच भयापछि पा(उ)लागनुइोला. बांकि जिउद्रो बटै १२ गोटा पठाइदिनुभयेछ. आइपुग्यो. इति सम्वत् १८३६ साल चैत्र शुदि ४ रोज ७[3] शुभम्

**वि. सं १८३६** चैत्रमा बहादुर शाहले राजदरबारमा "दीनानाथ र बाहुननानीले गरेका कामको साँचो झूटो छुट्ट्याउने कुरालाई र चुक्ली हाल्नाको लागि मलाई सरकारबाट मर्जी थिएन; खाऊ बसिरहू भन्ने मर्जी थियो; अब पनि त्यही मर्जी थामिबक्से म खुशी छु; नजीक बसेर गर्न नसकेको काम टाढा बसेर म कहाँ गर्न सक्छु" भनी लेखी पत्रसाथै

---

१. यी दीनानाथ उपाध्यायको परिचय पूर्णिमा १६ अङ्कको २०१ पृष्ठमा हेर्नुहोस् ।

२. ढुंगा = राज्य ।

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

बि. सं. १८३६ चैत्र शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| चैत्र २६ | शनि | चतुर्थी | ५०। | २४ |

१३ वटा जिउँदै बट्टाइँ पठाइदिएका थिए। त्यसको जवाफमा राजदरबारबाट वि. सं. १८३९ चैत्र २६ गते "राज्यको सप्रेबिप्रेको कुरा अरू मान्छेले त हेर्नु पर्छ भने तपाईंको त यो आफ्नै हो; यो कुरा तपाईंले खोज्नैपर्ने हो; यो सन्चो भएको भए आउनुहोला; सन्चो नभएको भए सन्चो भएपछि आउनुहोला; तपाईंले पठाइदिनुभएका बट्टाइँ आइपुगे" भनी लेखी पठाइयो।

यस पत्रमा "दिनानाथ र बाभन्नानिले गन्याका मामिलाको सांचो झुटो छुट्याउनाका कुरालाइ" भनी लेखिएको छ।

यस कुराले कुन घटनालाई सङ्केत गरेको हो, त्यो राम्रो खुल्दैन। तर दीनानाथ र बाहुननानीले कुनै कुरा बिगारेको र त्यस कुराको विषयमा राजदरबारबाट बहादुर शाहलाई बुझनू भनी गएको जस्तो देखिन्छ।

माथि गएका पत्र र यस पत्रबाट समेत बहादुर शाहलाई दरबारमा झिकाउने कुरामा जोड दिइएको देखिन्छ। तर बहादुर शाहको मन कुनै कारणवश विरक्त भएको र उनलाई केही सन्चो पनि नभएको हुँदा उनले आउन नचाहेको देखिन्छ। पहिले विदेसिए तापनि नेपालराज्यसँग सम्बन्ध राख्ने कुरामा उनी दृष्टि दिइरहन्थे भन्ने कुरा अघिका पत्रबाट थाहा पाइन्छ। तर यहाँचाहिँ राजकाजसंबन्धी घटनामा पनि बहादुर शाहले उपेक्षाभाव देखाएका छन्।

## श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८४० वैशाख १२ गते लेखेको पत्र

(६ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसमसेरजङ्देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलाम्पूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत मिर्जालाइ पटनाबाट प्रमाना भयेछ. फौज लिकन हतेवलमा जुझन[1] आउछ भन्नु षवर आयो. फिरंगिले अज्योलि काढिकन हामिसग जुझनु अठ्याको भया

१ जुझन = लड्न।

तपाइले पनि ताहा राज गर्न्या पर्दैन. आउन्यापछ(र्छ). आउनुहवस्. त्यो मिर्जा आयाको पनि आफ्नै बल् राषि आउछ कि फिरंगिले मद्दत दि आउछ. त्यो बुझ पनि चाडो लेषनुहवस्. तेहि बुरुक्साहेबले प्रमाना दिकन हामिले अम्बल गर्न्याको हो. तेहि बुरुक्साहेबले आज मिर्जालाइ प्रमाना दियो. त्यो केहि बुझन सकियेन. वरपर बुझि त्यो पनि लेषनुहवस्. फिरंगिले अर्थ्योलि काढिकन पाहाडमा चढन आउन्याको भया अर्कै चांजो गर्नुपर्ला. मिर्जै मात्र भयादेषि तेस्सग त जुझ्नै छ. यो बुझ चाडो गरि लेषनुहवस्. किमधिकं विज्ञेषु. इति सम्वत् १८४० वैसाष बदि ५ रोज २[1] मुकाम कांतिपुर शुभम्.

वि. सं. १८४० वैशाख १२ गते राजदरबारबाट बहादुर शाहलाई "मिर्जाले पटनाबाट आज्ञापत्र पाएछ; फौज लिएर हतेबलमा लड्न आउँछ भन्ने खबर सुनियो; अंग्रेजले निहुँ खोजेर लड्न खोजेको भए तपाईंले पनि त्यहाँ बस्नु ठीक हुँदैन; आउनुपर्छ; आउनुहवस्; मिर्जा आफ्नै आँटले मात्र आउँछ कि अंग्रेजको मदत पनि लिएर आउँछ; त्यो पनि बुझेर चाँडो पत्र लेख्नुहोस्; बुरुकसाहेबसँग नै छलफल गरी कुरा मिलाई सो प्रदेश हाम्रो राज्यमा मिलाइएको हो; आज तिनै बुरुकसाहेबले मिर्जालाई सो प्रदेशमा अधिकार गर्ने आज्ञापत्र दिए; यो कुरा केही बुझन सकिएन; यसको बारेमा पनि यताउता बुझी लेख्नुहोला; अंग्रेजले निहुँ खोजेर पहाडमा हमला गर्न खोजेको भए अर्कै बन्दोबस्त मिलाउनुपर्ला; मिर्जा मात्र भएदेखि त त्यसलाई पिटेर धपाउनुपर्छ; यो कुरा चाँडै बुझेर पत्र लेख्नुहोला" भनी पत्र लेखियो।

पहिले मकवानपुरराज्यक्षेत्रअन्तर्गत रहेको रौतहटको तराइ बुरुकसाहेबमार्फत कामकारबाइ भई नेपालराज्यमा मिलेको र अहिले फेरि बुरुकसाहेबकै आज्ञापत्र लिएर मिर्जाले रौतहटको जिमीन्दारीमा खिचोला उठाउन खोजेको कुरा यहाँ लेखिएको छ।

यसभन्दा अघि वि. सं. १८३७ मा पनि यस्तो खिचोला अब्दुल्ला मिर्जाले उठाएको र ब्रुकसाहेबमार्फत सो नेपालसरकारकै ठहर भएको कुरा तल उद्धृत वर्ण-

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४० वैशाख कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| वैशाख | १२ | सोम | पञ्चमी | ५३ |

(पात्रोबाट)

नबाट बुझिन्छ[२]—

पछि रौटहत् प्रगंना मिर्जा अबदुल्लाहबेगले जागिर भनि दबाई षायाछ. तेसलाई षारेज गर्दा अंगरेज साहेबबाट मद्दत गर्न षोज्दछन्. कलकत्तै जाई बढासाहेबछेउ सबालजबाफ गरि सो काम फासिला गर्नुपर्छ भनि दिनानाथ पाध्यालाई हुकुम हुँदा उपाध्या कलकत्तामा जाई कौसलमा बडा हेष्टिनसाहेबछेउ रौतहट्का कुराको सबालजबाफ गर्दा यो कुराको कैफियत हेरि तजबिज गर्दा अलिन् दिन् यसो उसै रहन गयो. पछि बडासाहेबले दिनानाथ पाध्यालाई डाकि हाम्रा पछिमृतर्फको बन्दोबस्त गर्न जानाको इरादा भयो. ५।७ दिनका अगाडि हामि कुंच गर्छौं. तिमि पनि मेरा साथैमा हिड र तिमिले दरखास्त गऱ्याका कुराको तजबिज् पनि उहि जाई गरुंला भन्याछन्. बडासाहेब बनारस पुग्दैमा राजा चेतसिंहसित हंगामा[१] हुन गयो. रस्ता[२] पनि बनारस जान्या बन्द हुन गयो. बनारस जान्या फुर्सद नपाउदा दिनानाथ पाध्या पटनामा बसि पटनामा बडा भेषमुल[३] साहेब थियो. आफ्ना सोवतले ति उसै बषतमा मऱ्या. अर्को बडासाहेब भै आयाका थियानन्. अरू अंगरेजमा राससाहेब[४] भन्याका अंगरेज हुसियार तहि थिया. बनारसको हंगामाको फुरसत नहुन्ज्याल उसै राससाहेबले बडासाहेबिको काम चलाया. उनछेउ जाई हामिलाई बडासाहेबका जिलिबमा हिड भनि हुकुम भयाको हो. हामिलाई ५।७ दिनको ढिला हुन जादा बडासाहेब बनारस गै गयाछन्. उहा पुग्दैमा राजा चेतसिंहसित हंगामा हुन गयाछ र रस्ता बंद हुन गयो. बनारस जान्या फुर्सद नहुदा हामि पटनामा बस्याका छौं. पटनाका साहेब बडा भेलषुलसाहेबको पनि एस्तै बषतमा नौवत्[५] हुन गयछ. अर्को बडासाहेब भै याँहा आइपुग्याको छैन. हाम्रा षामिदका[६] हुकुमले कलकत्ता जाई रौतहटका दरषास्त दियाको थियो. उसको तजबिज पनि कलकत्तामा कौसलमा भयाको हो. उसको कैफियतकन याहा पनि भेषमुल साहेबको नाउमा चकटि आयाकै हो. उस

---

[२]यस विवरणमा मिति दिइएको छैन। तर यहाँ चेतसिंहकाण्डको प्रसङ्गमा यो घटनाको विवरण दिइएको छ। चेतसिंहकाण्ड वि. सं १८३७ मा भएको हो (रमेशचन्द्र मजुमदार हेमचन्द्र रायचौधुरी कालिकिङ्करदत्तको भारत का बृहत् इतिहास तेस्रो भागको ७३ पृ., ईश्वरीप्रसाद र शरद्कुमारको सुबेदार अर्वाचीन भारत इतिहासका ६७-६८ पृ., पी.ई. राबर्ट्सको ब्रिटिशकालीन भारत का इतिहासका १६१–६३ पृ. हेर्नुहोस्)। यस कारण यो घटना वि. सं. १८३७ मा भएको हो भनी यहाँ निर्णय गरिएको हो।

१. हंगामा (फारसी हङ्गाम:) = उपद्रव। २. रस्ता (फारसी रास्त:) = बाटो। ३. भेषमुल = म्याजवेल [भैरवदत्त सनवालको नेपाल यॉन्ड् दि इस्ट् इण्डिया कम्पनी (नेपाल र इस्ट इण्डिया कम्पनीको ३०१ पृ.]। ४. रास = रस (नेपाल यॉन्ड् दि इस्ट इण्डिया कम्पनीको ३०१ पृ.)। ५ नौवत् = खराप हालत। ६. षामिद (अरबी खाविन्द) = मालिक।

चकटिका नक्कल पनी बहिमा लेषियाको होला. अब हामिले कसो गर्न्या हो भंदा मलाइ बडासाहेबीको छडि पकडि छैन. बनारसको हंगामादेषी बडासाहेबलाई फुर्सत हुनि मात्र आहा बडासाहेब कोहि भै आउन्याछन्. ताहासम्म तिमिले पटनैमा रहौ. अउताउन पर्दैन भन्या कुरा गरि थाम्याछं. बनारसमा साह्रै हंगामि बढ्याछन्. बडासाहेबका बिबी[1] पनि पटनासम्म आयाका थिया. बनारस जान फुर्सद नपाइ पटनैमा रह्याका थिया. बनारसको ठुलो हंगामाको ठुलो षवर आउदा बहुत आकुल भै पटनाका सुब्बा राजाबहादुरसिंलाई डाकि कौन तजबिजले बिजैगढ हात लाग्ला. राजा खारिज भै बडासाहेब फुर्सद पाउनन् भनि उनलाई सोद्धा नेपालका श्री ५ सरकारसित अंगरेज बहादुरको दोस्ति छदैछ. पहाडको फौज उ काम्मा बहुतै मजबुत हुन्छन्. नेपालका वकिल पनि याहि छन्. उनलाई मगाई मद्दतकन हुकुम हवस् र पहाडको फौज आया सहजैमा बिजैगढ अम्बल[2] हुन्याछ भनि उन्ले विन्ति गर्दा यो कुरा बिबिका तजबिजले पनि मंजुर गर्दा दिनानाथ पाध्यालाई षबर भयो र हाजिर भयो. तम्रा षांमिदको र हाम्रा अंग्रेज बहादुरसित बहुतै दोस्त हो. अषलासि आजकाल बनारसको हंगा तिमिलाई पनि मालुम छ. तसर्थ आफना षामिदलाई तिमिले लेषि ताहाबाट फौज बनारस पठाई बिजैगढ अम्बल हुन्या काम गरी बडासाहेबलाई फुर्सद गराऊन सक्या कम्पनि बहादुरसित बहुतै दोस्ति षलासि बढन जाला. योकुरा बेलायतसम्म पुग्न्यैछ. यस मुलुकमा अंगरेजको सिलसिला रहन्ज्याल दोस्ति मजबुद रहन्याछ भनि आफुले षतषतरूत पनि लेषि उध्पायालाई दिया. उत्नीखेर आफुले अर्जिपत्रसमेत लेषि दरबार रवाना गऱ्या यस पाला यो मद्दत बकसनै पाठ देषिंछ. फौज तयार गरि चाडो मकवानपुरतक पठाइदिनुभया दोहरा पाठ बढिया हुन्याछ. अंगरेजको जित हुन गया तिमिले माग्दा हामिले मद्दत दियाथ्यौं भंन्या पनि पर्न जाला. अंग्रेजको हार जस्तो देषियो भन्या सरज्मीन् मध्येस् हाजिर (हाजिपुर)तक् हामि अम्बल गरुंला. यस्मा बहुतै पाठ पर्न गयाको छ. वेला बषत् चुकन्या होइन भंन्या विन्ति लेषि पठाउदा दर्बारमा यो कुरा बहुतै प्रसन्न पर्न गयो. धौकलसिंह बस्न्यात पारथ भंडारी गैह्र सर्दारान् फौज लि मकवानपुरतक पठायाको हो. बिबिका षत् जबान्समेत दिनानाथ पाध्यालाई हुकुम गयाको हो. बिबीछेउ दाखिल गरि बिस्तार गऱ्या. तिम्रा षामिदले मद्दतलाइ फौज दियाको बढिया भयो. ५।७ दिन त्यो फौजलाई ताहि थामि राष. बनारसमा हामि षत पठाउछौं. सो षवर फिकाउन्ज्याल फौज बढाउनुपर्दैन. वाहाबाट खवर आयापछि उसबमोजिम गर्नुपर्ला भंन्या कुरा बिबीबाट गऱ्याछन्. यो दोस्ति राष्याका विस्तार हामि बडासाहेबछेउ गर्न्याछौं भंन्या कुरा भयाछन्. उसैमा राजा

१. बिबी = स्वास्नी । २. अम्बल = विजय ।

चेतसिं षारिज भयो. बडासाहेबले बिजैगढ दषल गर्‍यो भंन्या षबर आउदा बिबीसाहेब बहुतै षुसि भै दिनानाथ पाध्यालाई डाकि त्यो फौज फिराइ पठाउ. बडासाहेब याहा दाषिल भयापछि त्यो बिस्तार सबै गरुला. तिम्रा जो जो मोताबिल्छ त्यो पनि चाडो फासिला हुन जाला भंन्या कुरा भयाछन्. अलिक दिन भयापछि बडासाहेब पनि पटना दाषिल भयाछन्. सर्कारबाट आयाका षत्षतरुत् लि उपाध्या पनि भेट गर्न आयाछन्. हाम्रा यताका निमकहरामि आदमिले छप्राका गीरीसाहेबमार्फत[1] नेपालका वकिलले साहेबसित राजा चेतसिंहको हंगामा हुन जाँदा साहेबहरुकाबाट निचो देषता राजा चेतसिंकन मद्दत दिनालाई पहाडको फौज मकवानपुरसम्म गयाको थियो. याहा साहेबहरुका फत्येह भै बिजैगढ अम्बल हुँदा राजा चेतसिं षारेज हुंदा मगायाका फौज नेपाल हटाइ पठायाको हो भनि बडासाहेबछेउ चुकलि लगायाका रह्याछन्. बिब्बीसाहेबसित भेट भयाको रहेनछ र पहिले भेट हुंदा ननिको साह्रा साह्रा कुरा हुकुम् गर्‍याछन्. पछि उपाध्याबाट त्यो कुराको बिस्तार बिब्बीसाहेबलाई मालुम्छ. वाहा सोधनुहवस् र निस्तुक पाउनुहोला भनि विन्ति गर्दा साचो होला भनि षुसिसित भोलि कर्णैलका कोठीमा षाना षान हामि जान्याछौं. बिब्बी पनि ताहि आउन्याछन्. तिमिले ताहि हाजिर हुनु भनि हुकुम् दि रोषसत[2] गर्‍याछन, भोलिपल्ट बडासाहेब कर्णैलका कोठीमा षाना षान गयाछन्. बिबिसित पनि उहि मुलाकात[3] भयछ. अघि भयाका बिस्तार बिबिले गर्‍याछन्. दिनानाथ पाध्या पनि हाजिर भयाछन्. उसै बषतमा पटनाका बडासाहेब इनै हुन् भनि बुरुक्साहेब[4] कौसिलियाचारसाहेबलाई[5] देषायाछन्. अंगरेजबाट नेपाल श्री ५ सरकारले हामिसित बहुतै सलुक दोस्ति राखी हाम्रा मद्दतकन फौज पनि पठायाथ्या. बनारसको इंगामि फसिला हुन जादा फौज फिराई पठायाछन्. इन्को दर्षास्त तपा रौतहट मिर्जा अबदुल्लाइबेगले बेनाहक षाइराषेछ. त्यो हाम्रा जागिरदार हो. हुकुम मांदैन. अबदुल्ला हुकुम् गर्छ. तेसलाई हामि षारिज गर्न षोजद्छौं. तेसको नालिस साहेबहरूबाट सुनि नदिनु भया बेइत्तर[6] हुदो हो भंन्या कुरा कलकत्तामा इनले सबाल दियाथ्या. तेस बातको कौसलियास्मेत भै षुब तजबिज तहकिकात मैले गर्‍याथ्यां. त्यो जगा अगावै मकवानपुर्को ठहर्‍यो. सुब्बा बाहादेषि केहि सरोकार ठहरेन. यस्को बाहालि जफति गराउनाको षुसि नेपाल श्री ५ सरकारको हुंछ. परबाना गरिदेउ भनि हुकुम हुंदा उसै मगजुदसौं तहरफ रौतहट्को

१. गीरी = ग्राह्म (नेपाल यॅान्ड् दि इस्ट इण्डिया कम्पनीको ३०३ पृ.) २. रोषसत (अरबी रुखसत) = विदा । ३. मुलाकात (अरबी) = भेट । ४. बुरुक् = ब्रुक (नेपाल यॅान्ड् दि इस्ट इण्डिया कम्पनीको ३०३पृ.) ५. कौसिलियाचार = कार्टर (नेपाल यॅान्ड् दि इस्ट इण्डिया कम्पनीको ३०३पृ.)। ६. बेहत्तर = असल ।

प्रमानाहीसाल भै श्री ५ सरकारका अम्वल दषल् भयाको हो.

( योगी नरहरिनाथद्वारा सम्पादित सन्धिपत्रसंग्रह ६-११ पृ. बाट )

## श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८४० वैशाख १५ गते लेखेको पत्र

( १० संख्या )

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेरजङ्देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदम्. इहा कुसल. ताहा कुसल चाहिये. पत्र आयो. पत्रार्थ विस्तार मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत मलाइ पनि हिजो आज त अलिक् संच भयो. आजभोलि त गर्मिका समयेले अरु मानिस पनि दुब्लायाका छन भनि लेषनुभयेछ. आजकाल गर्मि चल्यो. हिउदो जस्तो हवैन. संच भयापछि आवनुहोला भनि अघि पनि मोहोर पठायैको हो. मकवानपुर आइपुगनुभयाको सुन्यौ. आउनुभयेछ. बनेछ. इहाबाट चलाउनकन मानिस् पनि आया. ताहाको पानि पनि हावा पनि वटिया छ. चाडै गरि आउनुहवस्. विज्ञेषु किमधिकं. इति संवत् १८४० साल वैशाष वदि ८ रोज ५[1] शुभं

वि. सं. १८४० को शुरूमा बहादुर शाहले राजदरबारमा "मलाई आजकाल त अलिकति संचो भयो; गर्मी हुनाले अरू मानिस पनि दुब्लाएका छन्" भनी पत्र लेखे। त्यसको जबाफमा यहाँबाट वि. सं. १८४० वैशाख १५ गते "आजकल गर्मीमा हिउँदमा जस्तो हुँदैन; सन्चो भएपछि आउनुहोला भनी अघि पनि पत्र पठाएकै हो; मकवानपुर आइपुग्नुभयो भन्ने सुन्यौं; यहाँबाट तपाईंलाई लिन भनी मानिस पठाएको छ; मकवानपुरको हावापानी खराब छ; चाँडै पाउलाग्नुहोस्" भनी पत्र लेखियो।

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४० वैशाख कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| वैशाख | १५ | बृहस्पति | अष्टमी | ३६ |

(पात्रोबाट)

माथिका संख्याका पत्रबाट यहाँका शासकहरू बहादुर शाहलाई बोलाउन खोज्ने र उनीचाहिँ आउन नखोज्ने देखिन्थे। यस वेलाचाहिँ राजदरबारमा आफ्नो पक्ष भएको संझेर बहादुर शाह यहाँ आउन खोजेको देखिन्छ।

## श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई वि. सं. १८४० पौष १७ गते लेखेको पत्र

(११ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ्देवानाम् सदा समरविजयीनाम्

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयीषु सलामपूर्वकपत्रमिदं. इंहां कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत ताहा पुगनिबित्तिकै फलाना दिन पुग्यौ भनिकन चिठि आइथ्यो. सयल् सिकारकन जानुभयाको हो. सयल सिकार पनि भयो हो. चांडै आउला भनि जानुभयोथ्यो. ढेर दिन भयो. आउनुहवस्. ताहां काज पनि केहि छैन. उप्रांत लेषतैका बिचमा पत्र आयो. अर्थ मालुम भयो. बिसंच छ. इहा वैद्य औषति छैन. पठाइदिन्या भनि लेषनुभयेछ. ताहा बसि सबै थोकको संभार पुगैन. बाहको संभारकन वल्लभ वैद्य[1] पठाइदियाको छ. चाडो गरि व्याहा आइनुहवस्. इति संवत् १८४० पौष शुदि ५ रोज १[2] शुभम्

वि. सं. १८४० को हिउँदमा बहादुर शाह शिकार खेल्नाको लागि राजधानीबाट बाहिर गएका थिए। त्यहाँ पुगेपछि उनले आफू पुगेको खबर राजदरबारमा पठाए। त्यसको जवाफमा यहाँ चिठी लेखिँदै थियो। उनले पठाएको अर्को पत्र पनि आइपुग्यो। त्यस पत्रमा उनले "मलाई सन्चो छैन; यहाँ वैद्य पनि छैनन्. औषधि

---

१. यी वल्लभ वैद्यको परिचय पूर्णिमा १८ अङ्कको १२४ पृष्ठमा हेर्नुहोस्।

२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

बि. सं १८४० पौष शुक्ल

| गते | वार | तिथि | घडी |
|---|---|---|---|
| पौष १७ | आदित्य | पञ्चमी | २१ |

(पात्रोबाट)

पनि छैन; पठाइदिनुपर्‍यो" भनी लेखेका थिए। ती दुवै पत्रका जबाफको रूपमा वि. सं. १८४० पौष १७ गते "त्यहाँ पुग्नेबित्तिकै तपाईंले यस दिन पुगें भनेर पठाएको चिठी आइपुगेथ्यो, शिकार खेल्न जानुभएको हो; चाँडै आउँला भनेर जानुभएको थियो, धेरै दिन भइसक्यो; आउनुहोस्; त्यहाँ काम पनि केही छैन; त्यहाँ बसेर सबै थोकको संभार हुँदैन; बाटोको संभारलाई वल्लभ वैद्यलाई पठाइदिएको छ; चाँडो आउनुहोस्" भनी पत्र लेखियो।

श्री ५ रणबहादुर शाहले राजकुमार बहादुर शाहलाई
वि. सं. १८४२ आषाढ ३१ गते लेखेको पत्र

(१२ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूर्सम्सेर्जङ्देवानाम् सदा समरविजयिनाम्

स्वस्ति श्रीगिरिराजेत्यादिश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीभदूबहादूर्साहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत बोहरा र नारायन् अर्ज्याल[1] आया. एसो एसो भन्नुहुंछ भनि बिंति गर्‍या. विस्तार सुन्यु. बाहिरका परिपंचले आयाका होइनन्. हाम्रा हुकुम्ले आयाका हुन्. तीर्थलाइ जानुहवस् भनि पठायाको हो. आजसम्म केहि अर्थले ढिल गर्नुभयो तपनि अब मोहर देषत चांडो पावलाग्नुहवस्. बिलंब नगर्नुहवस् ...तल षवास जुठ्या खवास जयभद्र बोहरा नारायन् अर्ज्याल् आया. बिंति गर्नन्. सर्वथा पावलाग्नुहवस्. संवत् १८४२ साल आषाड शुदि ५ रोज २[2] मुकाम कांतिपूर शुभम्

---

१. श्री ५ प्रतापसिंहले बहादुर शाहलाई वि. सं. १८३२ मा लेखेको पत्रमा नारायण पुरोहितको उल्लेख आएको छ (पूर्णिमा २० अङ्कको ३०७ पृष्ठ हेर्नुहोस्)। यहाँ उल्लिखित नारायण अर्ज्याल यिनै देखिन्छन्।

२, यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४२ आषाढ शुक्ल

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | ३१ | सोम | पञ्चमी | ४५। | १३ |

(पात्रोबाट)

राजदरबारबाट बहादुर शाहलाई वि. सं. १८४२ आषाढ ३१ गते "जयभद्र बोहरा र नारायण अर्ज्याल आए; तपाईं यस्तो यस्तो भन्नुहुन्छ भनी बिन्ती गरे; तिनीहरू बाहिरियाको परिपञ्चले त्यहाँ आएका होइनन्; हाम्रै हुकुमले आएका हुन्; तीर्थ गर्न जानुहोस् भनी तपाईंलाई पठाएको हो; आजसम्म कुनै कारणले ढीलो गर्नुभयो तापनि अब चिठी देख्नेबित्तिकै आउनुहोस्, ढीलो नगर्नुहोस् यहाँबाट...खवास, जुठे खवास, जयभद्र बोहरा, नारायण अर्ज्याल त्यहाँ आएका छन्; अरू कुरा तपाईंलाई उनीहरूले बिन्ती गर्नान्; अवश्यै यहाँ आउनुहोला" भनी पत्र लेखियो।

यो पत्र लेखिएको तेस्रो दिन वि. सं. १८४२ श्रावण २ गते राजेन्द्रलक्ष्मीको मृत्यु भएको थियो[1]। उनी बिरामी भएकी हुँदा बहादुर शाहलाई फेरि ताकिता गरी बोलाएको आभास यताबाट पाइन्छ।

[यस निबन्धमा परेका गणना श्रीदेवीप्रसाद भण्डारीले गरिदिनुभएको हो।]

# नेपालको आधुनिक इतिहासका केही पृष्ठ

— नयराज पन्त

## प्रस्तावना

महाभारतहरूमा फलानाले फलानालाई यति बाणले हाने, फलानाको छाता काटियो, घोडा मरे इत्यादि वर्णन हामी पाउँछौं। ती वर्णन काव्यात्मक हुन् वा इतिहासात्मक हुन यसै भन्न अलि गाह्रो छ। कवि बाणले आफ्नो हर्षचरितमा विक्रमको सातौँ शताब्दीका उत्तरभारतका सम्राट् हर्षवर्द्धनको दरबारको विस्तृत वर्णनर तात्कालिक स्थितिको वर्णन पनि काव्यात्मक ढङ्गले लेखेका छन्। त्यस काव्यभित्र ऐतिहासिक घटनाका दृश्य प्रशस्त छन्। हर्षचरितले मलाई निकै प्रभाव पारेको छ तापनि बाणको जस्तो काव्यप्रतिभा मसँग नभएकोले हर्षचरित जस्तो ग्रन्थ लेख्न म असमर्थ छु। सम्राट् हर्षवर्द्धनका भिँत्रिया मानिसहरूमा बाण थिए। यसैले उनी विशेष घटनालाई आफ्नै आँखाले देख्न तथा नजीकैको परम्पराबाट सुन्न पाउँथे। दरबारका न्वारान पास्नी व्रतबन्ध विवाह आदिमा दक्षिणा पाउने सामान्य पण्डित म भएकोले दरबारका त्यस

१ पूर्णिमा ८ अङ्कका ३४-३५ पृष्ठ हेर्नुहोस्।

वेलाका बाहिरिया सामान्य कुरासम्म म देख्न पाउँछु। इतिहासमा मेरो विशेष चाख भएकोले नेपालको इतिहास वास्तव रूपमा आओस् भन्ने पनि मेरो इच्छा छ। केही अघिका घटना ती पनि सर्वसाधारणले देखेका गोरखापत्रले छापेका कुराका वर्णन परेका यी मेरो लेखले न त विद्वान्हरूलाई प्रभाव पर्छन, न त साधारण मनुष्यलाई नै प्रभाव पार्छन्। यो कुरो मलाई थाहा छ। तर केही सय वर्षपछि विक्रमका बीसौँ एक्काइसौँ शताब्दीको नेपालको इतिहास पढनेलाई यी काम लाग्लान् भनी यी लेख प्रकाश गराएको छु।

यी लेख प्रकाश गराउनाको अर्को कारण पनि छ। सो यस प्रकारको छ। म प्रतिदिन प्रायः केहीनकेही लेख्छु। १६, १७ वर्षको उमेरदेखि मैले यो काम चलाउँदै आएको छु। कुनै लेख त अहिले आफैंले हेर्दा बिलकुलै रद्दी खालका देखिन्छन्। कुनै कुनै तात्कालिक घटना परेका लेखले चाहिँ अहिले आफूलाई पुराना घटना सम्झाई आनन्द दिन्छन्। ती लेख खेर नजाऊन् भन्ने मलाई लाग्छ।

मैले आफ्नो जीवनमा आफ्नो गच्छेले भेटेसम्म अलिकता पुस्तक संग्रह गरेको छु। परन्तु अब ती पुस्तक मिलाएर राख्नु पनि भार जस्तो हुँदै आएको छ। संग्रह भएका पुस्तकहरू खोजेको वेलामा पाउन नसके संग्रहको काम केही भएन। मैले आफ्नो कोठामा पाँचवटा ठूला दराज र पाँचवटा साना दराजमा पुस्तक सकभर मिलाएर राखेको छु। अरू अरू कोठामा पनि पुस्तक भरिभराउ भएका केही दराज छन्। दैवज्ञ–शिरोमणि लक्ष्मीपतिको पालादेखिका ज्यौतिषविषयका केही हस्तलिखित पुस्तक पात्रा, पं. वाणीविलासका धर्मशास्त्र र पुराणविषयका अलिकता हस्तलिखित पुस्तक, मेरा पिताजीले संग्रह गर्नुभएका व्याकरण र पुराणहरूका अलिकता पुस्तक तथा मेरा मामाले संग्रह गर्नुभएका नेपाली तथा हिन्दीका केही पुस्तकहरूसमेत गरी केही संग्रह छन्। तर यिनको वर्गीकरण राम्रो हुन सकेको छैन र भनेको वेलामा भनेको पुस्तक पाउन गाह्रो हुन गएको छ। स्थानाभाव यहाँ मुख्य कारण छ।

अहिले एउटा निबन्ध लेख्न एउटा सानो लेखलाई खोज्दा ५।७ दिनसम्म पाइनँ। कारण त्यो लेख सानो कागतमा लेखिएको थियो र त्यस्ता लेखका कागतहरूलाई दराजमा राख्ने ठाउँ नहुँदा पोको पार्दै सन्दूकमा हाली राखिएको थियो। कुन पोकोमा कहाँ पऱ्यो, खोज्दा खोज्दा हैरान भइयो।

संशोधनमण्डलको संग्रहको झन् दुर्दशा छ। वैद्य दिव्यवज्र वज्राचार्यको घरको एउटा सानो दलानमा संशोधनमण्डल रहेको छ। छापिएका अभिलेखसंग्रह पूर्णिमाहरूका बाकसका बाकस खापाखाप गरी त्यहाँ राखिएका छन्। भनेको वेलामा भनेका अङ्क

झिक्नुपर्दा कष्ट हुन्छ। लेखहरू खोज्न त झन् आपत्ति छ।

मैले लेखेका लेखहरू क्रमबद्ध छैनन्। कोही कतै कोही कतै गरी जता पायो उतै लेखिएका छन्। फलानो कुरो फलानो ठाउँमा छ भन्ने पत्ता लाउन बडो गाह्रो छ। अब मैले सकेसम्म तिनलाई मिलाई प्रकाश गराउने विचार गरेको छु। अहिले म ५६ वर्ष पुगिसकें। यस कारण जति काल मैले काम गरें, अब त्यति काल मैले काम गर्नु संभव छैन। यस कारणले यो उद्भाइ गरिएको हो।

म कहिले नेपालीमा, कहिले संस्कृतमा लेख्छु। त्यसैले मूलमै नेपालीमा लेखिएकालाई नेपालीमै र संस्कृतमा लेखिएकालाई नेपाली अनुवादसहित प्रकाश गराएको छु।

मेरो साथ रही मेरो विचारअनुसार छापाखानामा पठाउन हुने गरी यस निबन्धलाई अहिले तयार गरिदिएकोमा नानी गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त धन्यवादका पात्र छन्।

१

श्रीमहाराजस्य जुद्धशमशेरस्य स्वेच्छापूर्वकः पदत्यागः

द्विखखद्विमिते वैक्रमे संवद् मार्गे चतुर्दशे दिवसे बृहस्पतिवारे मध्याह्ने सार्धद्वादशवादनसमये राजकीयामाज्ञामनुसृत्य प्रतिष्ठिताः सैनिका आधिकरणिकाश्च ( सुवर्णालङ्कृतोष्णीषभाजो वा तत्समाः) सिंहप्रासादे समवेता अभवन्। एकवादनसमये नेपालप्रधानमन्त्री श्रीमहाराजो जुद्धशमशेरः स्वकीये प्रबन्धे संजातां देशस्योन्नतिं संक्षेपतो वर्णयित्वा वर्णाश्रमधर्मानुसारं शान्तिपूर्वकं शेषं जीवनं यापयितुं स्वकीयमधिकारं भ्रातृव्ये प्रधानसेनापतौ पद्मशमशेरे निवेशयितुमुद्यतोऽस्मीति सभायामकथयत्। पञ्चकलावशेषद्विवादनसमये स त्रयोदश वर्षाणि स्वयंधृतं किरीटं गुर्व्या राज्यधुरया साकं पद्मशमशेरस्य शिरसि न्यवेशयत्। सपादद्विवादनसमये नैसर्गिकप्रसन्नाकृतिः सप्ततिवर्षः स राजर्षी रथमारुह्य रिडीं प्रति प्रातिष्ठत। इति शम्।

२००२। ८। १६। १

[ श्री ३ महाराज जुद्धशमशेरको स्वेच्छापूर्वक पदत्याग

वि. सं. २००२ मार्ग १४ गते बृहस्पतिवार दिउँसो साढे १२ बजे सुनको तोडा लाउनेसम्मका वा सोसरहका जङ्गी तथा निजामती कर्मचारीहरू उर्दीबमोजिस सिंहदरबारमा भेला भएका थिए। एक बजे नेपालका प्रधानमन्त्री श्री ३ महाराज जुद्धशमशेरले

आफ्नो पालामा भएको देशको उन्नतिको संक्षेपमा वर्णन गर्नुभयो तथा वर्णाश्रमधर्म-अनुसार अब म आफ्नो बाँकी जीवन शान्तिपूर्वक बिताउन चाहन्छु; यस कारण आफ्नो अधिकार भतिजा कम्यान्डरइनचीफ पद्मशमशेरलाई सुम्पन्छु भनी सबैलाई सुनाउनुभयो। १।५५ बज्दा श्री ३ जुद्धले १३ वर्षदेखि आफूले लाएको श्रीपेज पद्मशमशेरलाई आफैले लाइदिई उहाँलाई राज्यभार सुम्पनुभयो। पूरा ७० वर्ष हुनुभएका राजर्षि जुद्धशमशेर सवा २ बजे स्वाभाविक ढङ्गसँग हँसिलो मुख गरेर रिडी जान भनी बग्गी चढेर सिंहदरबारबाट निस्कनुभयो।]

## २

### श्रीयुवराजस्य महेन्द्रवीरविक्रमशाहस्य ज्येष्ठपुत्रस्य जन्म

द्विखखद्विमिते वैक्रमे संवत् पौषे चतुर्दशे दिने शुक्रवारे पौषकृष्णदशम्यां प्रातः सार्धषड्वादनसमये त्रयः शतघ्नीध्वनयोऽश्रोषत। तत्कारणं जिज्ञासमानानां जनानां हृदयेषु श्रीमहाराजाधिराजस्य त्रिभुवनवीरविक्रमस्य स्नुषा श्रीयुवराजस्य महेन्द्रवीरविक्रमस्य पाणिगृहीती राजर्षेर्जुद्धशमशेरस्य पौत्री जनरलस्य हरिशमशेरस्य पुत्रीन्द्रराज्यलक्ष्मीदेवी पुत्रमजीजनदिति तर्को नातिचिरं पदमलब्ध। तत इतस्ततः प्रधावितेषु कुतूहलाकुलेषु बहुषु जनेषु, नारायणहिटीप्रासादाभिमुखेषु प्रतिष्ठितेषु जनेषु, टुण्डिखेले समवेतेषु सैनिकेषु प्रसववेदनायाः सूचकास्ते शतघ्नीध्वनय इति लोकप्रवादः प्रासार्षीत्। स्थाने स्थाने पताकाभिः संज्ञासूचका भटा अप्यदृश्यन्त। अनेनैव क्रमेण व्यतीते काले मध्याह्ने पादोनद्वादशवादनसमय एकविंशतिः शतघ्नीध्वनयः कुमारजन्मोत्सवमसुसूचन्। ततः क्रमशः प्रासादे मेजरकप्तानावधिकेषु सैनिकेषु मीरसुब्बावधिकेष्वाधिकरणिकेषु पण्डितेषु च समवेतेषु प्रधानमन्त्री श्रीमहाराजः पद्मशमशेरोऽपि सपत्नीकः समागमत्। सर्वेषु समवेतेषु जनेषु राजभक्त्या कुमारजन्माऽभिनन्द्य प्रत्यावृत्तेषु मुक्तासु बन्दीषु सार्धत्रिवादनसमय आङ्ग्लराजदूतोऽपि राज्ञः प्रासादे सङ्गम्याऽभिनन्दकेषु स्वमपि गणयित्वा सायं सार्धचतुर्वादनसमये स्वावासमगमदिति शम्।

२००२।९।१४।६

[ श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवका जेठा छोराको जन्म

वि. सं. २००२ पौष १४ गते शुक्रवार पौष कृष्ण दशमी बिहान साढे ६ बजे तीन तोप भयो। यो तोप किन भएको होला भनेर बुझ्न खोज्ने मानिसको मनमा श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवकी बुहारी श्री ५ युवराजाधिराज महेन्द्र-

वीरविक्रम शाहदेवकी धर्मपत्नी राजर्षि जुद्धशमशेरकी नातिनी जनरल हरिशमशेरकी छोरी युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवीबाट पुत्रजन्म भएको हुनुपर्छ भन्ने तर्कना उठ्यो। त्यसपछि चौचौ लागेर मानिसहरू यताउता दौडादौड गर्न लागे। ठूलाबडा मानिसहरू नारायणहिटीदरबारतिर जान लागे। टुँडिखेलमा सिपाहीहरू जम्मा हुन लागे। युवराज्ञीलाई सुत्केरी-व्यथा लाग्यो भन्ने कुराको सूचना दिन तोप पड्काइएको हो भन्ने कुरा चल्यो। झण्डी लिई खबर दिन भनी बसेका सिपाहीहरू ठाउँठाउँमा देखिए। यसै गरी समय बित्तै गयो। दिउँसो पौने बाह्र बजे एकाईस तोप भएको हुनाले राजकुमारको जन्म भएको कुरा थाहा भयो। त्यसपछि क्रमैले राजदरबारमा मेजर कप्तानसम्मका जङ्गी अधिकारीहरू, मीरसुब्बासम्मका निजामती अधिकारीहरू र पण्डितहरू जम्मा भएपछि प्रधानमन्त्री श्री ३ महाराज पद्मशमशेर पनि सपरिवार आउनुभयो। जम्मा भएका मानिसहरू राजकुमारको जन्म भएकोमा राजभक्ति देखाई हर्ष मनाएर फर्कन लागे। कैदीहरू छुटे। साढे तीन बजे अंग्रेज राजदूत पनि राजदरबारमा गएर खुशियाली मनाई साँझ साढे चार बजे आफ्नो वासस्थानमा फर्के।]

## ३

### श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवका माहिला नातीको पास्नी

वि. सं. २००४ पौष १४ गते सोमवार पौष कृष्ण द्वितीयाको दिन बेहान ६।५३ बज्दा नारायणहिटीदरबारमा श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवका जेठा छोरा श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवका माहिला छोराको पास्नी भयो। त्यहाँ बेहान कम्यान्डरइनचीफलगायत माथिल्ला अधिकारीहरू सामेल थिए।

दिउँसो १ बजे खाकी लुगा लाएका सिपाहीहरू हातमा बन्दूक लिई ८,१० हातको अन्तर पारी दोहोरो पंक्तिमा नारायणहिटीदरबारदेखि सोझै शहर आउने (अपन इन्द्रचोक मखनटोल) बाटोमा काठमाडौंसम्म रहेका थिए। नारायणहिटीदरबारको पश्चिम ढोकादेखि भित्र पटाङ्गिनीसम्म र हनूमानढोकादेखि काठमाडौंसम्म ध्वजापताका भएको थियो। डेढ बजेदेखि मीरसुब्बा मेजर कप्तानसम्मका अधिकारीहरू नारायणहिटीदरबारमा सामेल हुन लागेका थिए। दुइ बजेको करीबमा सपरिवार श्री ३ पद्मको सवारी भयो। अढाई बजेको करीबमा दरबारबाट बालक राजकुमारको सवारी निस्क्यो।

यो उत्सव हेर्न शहरका झ्याल बार्दली कौसीहरूमा आइमाईहरू कुरिरहेका थिए, केटाकेटीहरू चौंचौ परी यताउति छापिएका थिए। मानिसहरू बाटाका पेटी पसलहरूमा बसिरहेका थिए। पानी छिट्ने कलले ओहोरोदोहोरो गर्दै पानी छिट्तै भएको थियो। पुलीसविभागका अधिकारीहरू बाइस्कल चढी चढी यताउति सडकमा घुमिरहेका थिए। उत्सव आउन लाग्यो, बेला भयो, कहिले आउला यही लहडमा मानिसहरू विशेष गरेर केटाकेटीहरू कुरिरहेका थिए।

पहिले चाँदीले आँखलाआँखलामा बाँधेको लठ्ठी लिएका दुइ मानिस आए। नीलो लुगामाथि रातो मखमलको धर्सो तेर्सो पारी छातीमा भिरेका, त्यस धर्सोको बीचमा पारी छातीमा चाँदीको चप्रास लाएका भालावाल चप्रासीको जमात गयो। रातो लुगा कालो टोपी कालो सुरुवाल लाएका सिपाहीहरू बन्दूक पड्काउँदै आए। खाकी लुगा लगाएका दमाईहरू नेपाली बाजा बजाउँदै आए। नेपाली नाच आयो। दुइटा ढ्वाँए-लाई खूपसँग घुमाउँदै अघि लाउँदै ज्यापूबाजा आयो। यसपछि राता लुगा लाएका बन्दूकवाला पल्टनको लम्बे ताँती देखा पर्‍यो। आसागुर्जाहरूको पछिपछि आएको रिसल्लाको डफ्फा सिद्धिएपछि केही पल्टनलाई अघि लाएर भिलिमिली छाता ओढेको माथि रासमा कर्णेल र वरिपरि अरू कर्मचारीहरूले घेरिएको चारघोडे झलझला-उँदो बग्गी देखापर्‍यो। त्यस बग्गीमा केही स्वास्नीमानिसहरू थिए। तिनै स्वास्नी-मानिसमध्येका एउटीको काखमा राज भएका बालक राजकुमारको दर्शन पाइयो। पछिपछि लागेको घुँइचोको बीचमा बाघको छालाको काठी कसिएको एउटा घोडा र उसको पछि तीनौटा गजूर भएको एउटा चाँदीको पाल्की देखियो। यसपछि तमासे-हरू आफ्नो काम सिद्ध्याएर घर फर्कनालाई ज्याला खोजी हतार गर्न लागेका ज्यामी जस्तै खलबल गर्न लागे। यसपछि आएका राता लुगा लाएका बन्दूक काँधमा भिरेका सिपाही, सेतो बाजा बजाउने कालो बाजा बजाउने जमात, रिसल्ला, निशानहरूले तमासेहरूलाई लोभ्याउन सकेनन्। यसको पछि राजकुमारलाई गणेशदर्शन गराउने अभिभारा लिएका दुइ जना जनरल साहेबहरू शानबानका साथमा राज भएको (ढिलो चालले) आएको मोटरले चाकरीवालाहरूको आँखालाई निकै तान्यो। यसपछिका सिपाहीहरूतिर तमासेका आँखा भोज खाई अघाएकाहरू रहलपहलमा नलोभिए जस्तै भए।

२००४।६।१४।२

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप

सम्पादक तथा अनुवादक–रामजी तेवारी

## ३२ प्रक्रम–वि. सं. १८५४ भन्दा अगाडिका वर्षका बृहस्पतिका ध्रुव (मेषसंक्रान्तिकालका मध्यम बृहस्पति) ल्याउने उदाहरण

विक्रमसंवत् १८५३ को बृहस्पतिको ध्रुव (मेषसंक्रान्तिकालका मध्यम बृहस्पति) ल्याउँदा

विक्रमसंवत् १८५३ को वर्षगण ऋण १ हो ( ३ प्रक्रमको १ उदाहरण हेर्नुहोस् )। वर्षगण ऋण १ लाई ३० ले गुन्दा गुणनफल ऋण ३० अंश आउँछ। गुणनफल ऋण ३० अंशलाई ८७ ले भाग लिंदा लब्धि ऋण ० अंश २० कला ४१ विकला २२ प्रतिविकला ४६ प्रतिप्रतिविकला आउँछ। अंशादि यो लब्धि ऋण ०।२०।४१।२२।४६ लाई गुणनफल ऋण ३० अंशमा जोड्दा योगफल ऋण ३० अंश २० कला ४१ विकला २२ प्रतिविकला ४६ प्रतिप्रतिविकला आउँछ। अंशादि यो योगफल ऋण ३०।२० ४१।२२।४६ प्रथमफल हुन्छ।

वर्षगण ऋण १ लाई १६२ ले भाग लिंदा लब्धि ऋण ० अंश ० कला २२ विकला १३ प्रतिविकला २०प्रतिप्रतिविकला आउँछ। अंशादि यो लब्धि ऋण ०।०।२२।१३।२० द्वितीयफल हुन्छ।

अंशादि प्रथमफल ऋण ३०।२०।४१।२२।४६ र अंशादि द्वितीयफल ऋण ०।०।२२।१३।२० जोड्दा योगफल ऋण ३० अंश २१ कला ३ विकला ३६ प्रतिविकला ६ प्रतिप्रतिविकला आउँछ। अंशादि यो योगफल ३०।२१।३।३६।६ बाट २१ अंश घटाउँदा (अंशादि ऋण ३०।२१।३।३६।६ मा ऋण २१ अंश जोड्दा) शेष ऋण ५१ अंश २१ कला ३ विकला ३६ प्रतिविकला ६ प्रतिप्रतिविकला आउँछ। अंशादि यो ऋण ५१।२१।३।३६।६ लाई ३६० अंशबाट घटाउँदा शेष ३०८ अंश ३८ कला ५६ विकला २३ प्रतिविकला ५४ प्रतिप्रतिविकला आउँछ। यस कारण विक्रमसंवत् १८५३ को बृहस्पतिको ध्रुव (मेषसंक्रान्तिकालका मध्यम बृहस्पति) ३०८ अंश ३८ कला ५६ विकला २३ प्रतिविकला ५४ प्रतिप्रतिविकला हुन्छ।

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

३० ८७) – ३० अंश ( –० । २० । ४१ । २२ । ४६

×(–१) वर्षगण २६) १०

–३० अंश ×६०

६००

५८ अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

२० –३० । ० । ० । ० । ०

×६० – ० । २० । ४१ । २२ । ४६

१२०० –३० । २० । ४१ । २२ । ४६ प्रथमफल

११६

४०

२९

११

×६०

६६०

५८

८०

५८

२२

×६०

१३२०

११६

१६०

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

१६२) – १ वर्षगण (–० । ० । २२ । १३ । २० द्वितीयफल

×६०

२७) १

×१०

१०
×६०
९) १०
×२०
२००
१८
२०
१८
२
×६०
३) २
×२०
४०
३
१०
९
१
×६०
१) १
×२०
२०

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| −३० | २० | ४१ | २२ | ४६ | प्रथमफल |
| − ० | ० | २२ | १३ | २० | द्वितीयफल |
| −३० | २१ | ३ | ३६ | ६ | |
| −२१ | | | | | |
| −५१ | २१ | ३ | ३६ | ६ | |

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| ३६० | ० | ० | ० | ० | |
| −५१ | २१ | ३ | ३६ | ६ | |
| ३०८ | ३८ | ५६ | २३ | ५४ | वि. सं. १८५३ को बृहस्पतिको ध्रुव (मेषसंक्रान्तिकालका मध्यम बृहस्पति) |

## २ उदाहरण

वि. सं. १७३८ को बृहस्पतिको ध्रुव (मेषसंक्रान्तिकालका मध्यम बृहस्पति) ल्याउँदा।
विक्रमसंवत् १७३८ को वर्षगण ऋण ११६ हो (३ प्रक्रमको २ उदाहरण हेर्नुहोस्)। वर्षगण ऋण ११६ लाई ३० ले गुन्दा गुणनफल ऋण ३४८० अंश आउँछ। गुणनफल ऋण ३४८० अंशलाई ८७ ले भाग लिंदा लब्धि ऋण ४० अंश आउँछ। यो ऋण

४० अंशलाई गुणनफल ऋण ३४८० अंशमा जोड्दा योगफल ऋण ३५२० अंश आउंछ । यो योगफल ऋण ३५२० अंश प्रथमफल हुन्छ ।

वर्षगण ऋण ११६ लाई १६२ ले भाग लिंदा लब्धि ऋण ० अंश ४२ कला ५७ विकला ४६ प्रतिविकला ४० प्रतिप्रतिविकला आउंछ । अंशादि यो लब्धि ऋण ०।४२।५७। ४६।४० द्वितीयफल हुन्छ ।

प्रथमफल ऋण ३५२० अंश र अंशादि द्वितीयफल ऋण ०।४२।५७।४६।४० जोड्दा योगफल ऋण ३५२० अंश ४२ कला ५७ विकला ४६ प्रतिविकला ४० प्रतिप्रतिविकला आउँछ । यो योगफल अंशादि ऋण ३५२०।४२।५७।४६।४० बाट २१ अंश घटाउँदा ( अंशादि ऋण ३५२०।४२।५७।४६।४० मा ऋण २१ अंश जोड्दा) शेष ऋण ३५४१ अंश ४२ कला ५७ विकला ४६ प्रतिविकला ४० प्रतिप्रतिविकला आउँछ । ऋण ३५४१ अंशलाई ३६० ले तष्ट गर्दा ऋण ३०१ अंश शेष रहन्छ । यस कारण ऋण ३०१ अंश ४२ कला ५७ विकला ४६ प्रतिविकला ४० प्रतिप्रतिविकला हुन्छ । अंशादि यो ऋण ३०१।४२।५७।४६।४० लाई ३६० अंशबाट घटाउँदा शेष ५८ अंश १७ कला २ विकला १३ प्रतिविकला २० प्रतिप्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १७३८ को बृहस्पतिको ध्रुव ( मेषसंक्रान्तिकालका मध्यम बृहस्पति ) ५८ अंश १७ कला २ विकला १३ प्रतिविकला २० प्रतिप्रतिविकला हुन्छ ।

```
 —११६ वर्षगण        ८७) – ३४८० अंश ( –४० अंश
 × ३०               २९)  ११६०
 ———————                
—३४८० अंश                ११६
                        ————
                          ०
```

```
    अंश
 — ३४८०
 —   ४०
 ————————
 — ३५२० । प्रथमफल
```

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

१६२ ) −११६ वर्षगण ( − ० । ४२ । ५७ । ४६ । ४० । द्वितीयफल

८१ ) ५८
×६०
२७ ) ५८
×२०
११६०
१०८
८०
५४
२६
×६०
९ ) २६
×२०
५२०
४५
७०
६३
७
×६०
३ ) ७
×२०
१४०
१२
२०

२०
१८
२
×६०
१ ) २
×२०
४०

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

—३५२० । ० । ० । ० । ० । प्रथमफल
— ० । ४२ । ५७ । ४६ । ४० । द्वितीयफल
—३५२० । ४२ । ५७ । ४६ । ४०
— २१ । ० । ० । ० । ०
—३५४१ । ४२ । ५७ । ४६ । ४०

३६० ) ३५४१ ( ९
३२४०
३०१

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

— ३०१ । ४२ । ५७ । ४६ । ४०

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

३६० । ० । ० । ० । ०
—३०१ । ४२ । ५७ । ४६ । ४०
५८ । १७ । २ । १३ । २० । वि. सं. १७३८ को बृहस्पतिको ध्रुव
(मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति)

## २४ प्रश्नमाला

तल दिइएका वर्षका बृहस्पतिका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति) ल्याऊ ।

| | | | | | |
|---|---|---|---|---|---|
| (१) | वि. सं. १८११ | (७) | वि. सं. १६१६ | (१३) | बि. सं. १३५२ |
| (२) | वि. सं. १८१० | (८) | वि. सं. १६१५ | (१४) | वि. सं. १३५३ |
| (३) | वि. सं. १७४० | (९) | वि. सं. १५३८ | (१५) | वि. सं. १ |
| (४) | वि. सं. १७३९ | (१०) | वि. सं. १५३७ | (१६) | वि. सं. ० |
| (५) | वि. सं. १७३१ | (११) | बि. सं. १४४४ | | |
| (६) | वि. सं. १७३२ | (१२) | वि. सं. १४४३ | | |

उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| (१) | ११३ | ५४ | २५ | ८ | ३ |
| (२) | ८३ | ३३ | २१ | ३१ | ५७ |
| (३) | ११८ | ५९ | ९ | २५ | ३१ |
| (४) | ८८ | ३८ | ५ | ४९ | २६ |
| (५) | २०५ | ४९ | ३७ | ० | ४१ |
| (६) | २३६ | १० | ४० | ३६ | ४७ |
| (७) | ३१५ | २७ | ४२ | ५० | ७ |
| (८) | २८५ | ६ | ३९ | १४ | १ |
| (९) | १०८ | ५ | १ | ५४ | ५७ |
| (१०) | ७७ | ४३ | ५८ | १८ | ५१ |
| (११) | १३५ | ५ | ३३ | २२ | १८ |
| (१२) | १०४ | ४४ | १९ | ४६ | १२ |
| (१३) | २२२ | ४७ | ५२ | १ | ५० |
| (१४) | २५३ | ८ | ५५ | ३७ | ५६ |
| (१५) | २५८ | ३५ | ४६ | २१ | ३७ |
| (१६) | २२८ | १४ | ४२ | ४५ | ३१ |

३२ प्रक्रम— विक्रमसंवत् २०२२ को बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) अंशादि ३७।५८।५।३।२७ र विक्रमसंवत् २०२३ को बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) अंशादि ६८।१९।८।३९।३३ छन्। यी उदाहरणबाट १ वर्षमा बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) अंशादि ३०।२१।३।३६।६ बढ्दो रहेछ भन्ने देखिन्छ। यस कारण ३०।२१।३।३६।६ लाई १,२,३ इत्यादिले गुन्दा तथा विक्रमसंवत् ० को अंशादि बृहस्पतिको ध्रुव [1] ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति )लाई क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ।

## ७ सारणी

क्षेपक [ वि. सं. ० को बृहस्पतिको ध्रुव ( मेषसंक्रान्तिकालका मध्यम बृहस्पति ) ]

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
२२८ । १४ । ४२ । ३० । ३६

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| १ | ३० | २१ | ३ | ३६ | ६ |
| २ | ६० | ४२ | ७ | १२ | १२ |
| ३ | ९१ | ३ | १० | ४८ | १८ |

१— विक्रमसंवत् १८५४ को बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) ३३९ अंश हुन्छ भनी लक्ष्मीपतिले बोलेका छन्। १ वर्षको बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति )को गति अंशादि ३०।२१।३।३६।६ हुन्छ। यस कारण बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति )को गतिलाई १८५४ ले गुनी आएको गुणनफललाई ३३९ अंशबाट घटाउँदा विक्रमसंवत्० को बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) आउँछ।

३०।२१।३।३६।६ लाई १८५४ ले गुन्दा गुणनफल अंशादि ११०।४५।१७।२९।२४ आउँछ। गुणनफल अंशादि ११०।४५।१७।२९।२४ लाई ३३९ अंशबाट घटाउँदा अंशादि २२८।१४।४२।३०।३६ आउँछ। अंशादि २२८।१४।४२।३०।३६ विक्रमसंवत् ० को बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) हुन्छ।

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| ४ | १२१ | २४ | १४ | २४ | २४ |
| ५ | १५१ | ४५ | १८ | ० | ३० |
| ६ | १८२ | ६ | २१ | ३६ | ३६ |
| ७ | २१२ | २७ | २५ | १२ | ४२ |
| ८ | २४२ | ४८ | २८ | ४८ | ४८ |
| ९ | २७३ | ९ | ३२ | २४ | ५४ |
| १० | ३०३ | ३० | ३६ | १ | ० |
| २० | २४७ | १ | १२ | २ | ० |
| ३० | १९० | ३१ | ४८ | ३ | ० |
| ४० | १३४ | २ | २४ | ४ | ० |
| ५० | ७७ | ३३ | ० | ५ | ० |
| ६० | २१ | ३ | ३६ | ६ | ० |
| ७० | ३२४ | ३४ | १२ | ७ | ० |
| ८० | २६८ | ४ | ४८ | ८ | ० |
| ९० | २११ | ३५ | २४ | ९ | ० |
| १०० | १५५ | ६ | ० | १० | ० |
| २०० | ३१० | १२ | ० | २० | ० |
| ३०० | १०५ | १८ | ० | ३० | ० |
| ४०० | २६० | २४ | ० | ४० | ० |
| ५०० | ५५ | ३० | ० | ५० | ० |
| ६०० | २१० | ३६ | १ | ० | ० |
| ७०० | ५ | ४२ | १ | १० | ० |
| ८०० | १६० | ४८ | १ | २० | ० |
| ९०० | ३१५ | ५४ | १ | ३० | ० |

| वर्षको | अंश | कला | बिकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| १००० | १११ | ० | १ | ४० | ० |
| २००० | २२२ | ० | ३ | २० | ० |
| ३००० | ३३३ | ० | ५ | ० | ० |
| ४००० | ८४ | ० | ६ | ४० | ० |
| ५००० | १९५ | ० | ८ | २० | ० |
| ६००० | ३०६ | ० | १० | ० | ० |
| ७००० | ५७ | ० | ११ | ४० | ० |
| ८००० | १६८ | ० | १३ | २० | ० |
| ९००० | २७९ | ० | १५ | ० | ० |
| १०००० | ३० | ० | १६ | ४० | ० |

३४ प्रक्रम— ७ सारणीबाट इष्ट विक्रमसंवत्‌को बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) ल्याउने रीति ।

इष्ट विक्रमसंवत्‌को सहस्रस्थानीको अंशादि, शतस्थानीको अंशादि, दशस्थानीको अंशादि, एकस्थानीको अंशादिसमेत जोड्नू। योगफल क्षेपकमा जोड्नू। योगफल इष्ट विक्रमसंवत्‌को बृहस्पतिको ध्रुव ( मेसङ्क्रषान्तिकालका मध्यम बृहस्पति ) हुन्छ। अंश ३६० भन्दा बढ्ता भए ३६० ले तष्ट गर्नू ( ३६० ले भाग लिई शेष मात्र लिनू ) ।

जस्तै—

विक्रमसंवत् १८७१ को बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति) ल्याउँदा।

| | अं. | क. | वि. | प्र. | प्र. प्र. बि. |
|---|---|---|---|---|---|
| १००० वर्षको अंशादि | १११ | ० | १ | ४० | ० |
| ८०० वर्षको अंशादि | १६० | ४८ | १ | २० | ० |
| ७० वर्षको अंशादि | ३२४ | ३४ | १२ | ७ | ० |
| १ वर्षको अंशादि | ३० | २१ | ३ | ३६ | ६ |
| १८७१ | ६२६ | ४३ | १८ | ४३ | ६ |

क्षेपक= वि. सं. ० को बृहस्पतिको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति )

| | अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|---|
| | २२८ | १४ | ४२ | ३० | ३६ |
| १८७१ वर्षको बृहस्पतिको गति | ६२६ | ४३ | १८ | ४३ | ६ |
| | ८५४ | ५८ | १ | १३ | ४२ |

३६० ) ८५४ ( २
७२०
१३४

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|
| १३४ | ५८ | १ | १३ | ४२ |

वि. सं. १८७१ को बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति)

## २५ प्रश्नमाला

३४ प्रक्रमको रीतबाट तल दिइएका वर्षका बृहस्पतिका ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति ) ल्याऊ।

( १ ) वि. सं. २००३ ( २ ) वि. सं. २०२२ ( ३ ) वि. सं. २०२१ ( ४ ) वि. सं. २०२०
( ५ ) वि. सं. २०१९ ( ६ ) वि. सं. २०१८ ( ७ ) वि. सं. १८६० ( ८ ) वि. सं. १८६१
( ९ ) वि. सं. १८६७ (१० ) वि. सं. १८६८ (११) वि. सं. १८६९ (१२) वि. सं. १८७०
(१३ ) वि. सं. १९६० (१४) वि. सं. १९६१ (१५) वि. सं. १९७० (१६) वि. सं. १९७१
(१७ ) वि. सं. १८५४ (१८) वि. सं. १८५५ (१९) वि. सं. १८११ (२०) वि. सं. १८१०
(२१ ) वि. सं. १७४० (२२) वि. सं. १७३९ (२३) वि. सं. १७३१ (२४) वि. सं. १७३२
(२५ ) वि. सं. १६१६ (२६) वि. सं. १६१५ (२७) वि. सं. १५३८ (२८) वि. सं. १५३७
(२९ ) वि. सं. १४४४ (३०) वि. सं. १४४३ (३१) वि. सं. १३५२ (३२) वि. सं. १३५३
(३३) वि. सं. १ (३४) वि. सं. ०

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| (१) | ६८ | १९ | ८ | ४० | ५४ |
| (२) | ३७ | ५८ | ५ | ४ | ४८ |
| (३) | ७ | ३७ | १ | २८ | ४२ |
| (४) | ३३७ | १५ | ५७ | ५२ | ३६ |
| (५) | ३०६ | ५४ | ५४ | १६ | ३० |
| (६) | २७६ | ३३ | ५० | ४० | २४ |
| (७) | १६१ | ६ | २१ | ३६ | ३६ |
| (८) | १९१ | २७ | २५ | १२ | ४२ |
| (९) | १३ | ३३ | ४६ | ४९ | १८ |
| (१०) | ४३ | ५४ | ५० | २५ | २४ |
| (११) | ७४ | १५ | ५४ | १ | ३० |
| (१२) | १०४ | ३६ | ५७ | ३७ | ३६ |
| (१३) | ३१६ | १२ | २१ | ४६ | ३६ |
| (१४) | ३४६ | ३३ | २५ | २२ | ४२ |
| (१५) | २५९ | ४२ | ५७ | ४७ | ३६ |
| (१६) | २९० | ४ | १ | २३ | ४२ |
| (१७) | ३३९ | ० | ० | ० | ० |
| (१८) | ९ | २१ | ३ | ३६ | ६ |
| (१९) | ११३ | ५४ | २५ | ७ | ४२ |
| (२०) | ८३ | ३३ | २१ | ३१ | ३६ |
| (२१) | ११८ | ५९ | ९ | २४ | ३६ |

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| (२२) | ८८ | ३८ | ५ | ४८ | ३० |
| (२३) | २०५ | ४९ | ३६ | ५९ | ४२ |
| (२४) | २३६ | १० | ४० | ३५ | ४८ |
| (२५) | ३१५ | २७ | ४२ | ४८ | १२ |
| (२६) | २८५ | ६ | ३९ | १२ | ६ |
| (२७) | १०८ | ५ | १ | ५२ | २४ |
| (२८) | ७७ | ४३ | ५८ | १६ | १८ |
| (२९) | १३५ | ५ | २३ | १९ | ० |
| (३०) | १०४ | ४४ | १९ | ४२ | ५४ |
| (३१) | १२२ | ४७ | ५१ | ५७ | ४८ |
| ३२) | २५३ | ८ | ५५ | ३३ | ५४ |
| (३३) | २५८ | ३५ | ४६ | ६ | ४२ |
| (३४) | २२८ | १४ | ४२ | ३० | ३६ |

यहाँ सूत्र ( ३१, ३२ प्रक्रसका रीत ) बाट आएका उत्तर र ७ सारणी ( ३३, ३४ प्रक्रसका रीत ) बाट आएका उत्तरमा अलिकता फरक छ ( पूर्णिमा १४ अङ्कको १८७ पृष्ठ हेर्नुहोस् ) ।

उत्तर दोहऱ्याइदिने काम गरिदिएकाले दिनेशराज पन्त धन्यवादका पात्र छन् ।

( क्रमश : )

(क्रमागत)

# प्रतिसंस्कृत सर्वानन्दकरण

—नयराज पन्त

४ प्रक्रम। अब्दप ल्याउने रीति

अर्णवाद्रिगुणतर्कबाणदृग् –
बिन्दुचन्द्र १ : २५६३७४ निहतं शरद्गणम्।
बाहुनागहयबिन्दुशत्रुषु ६ : ७८२
योजयेत् स्वशरद : पतिर्भवेत् ॥ ६ ॥ ❀

अन्वय— अर्णवाद्रिगुणतर्कबाणदृग्बिन्दुचन्द्रनिहतं शरद्गणं बाहुनागहयबिन्दुशत्रुषु योजयेत, स्वशरदः पतिः भवेत।

पदार्थ— अर्णवाद्रिगुणतर्कबाणदृग्बिन्दुचन्द्रनिहतम् = १·२५६३७४ ले गुनिएको, शरद्गणम् = वर्षगणलाई, बाहुनागहयबिन्दुशत्रुषु = ६·७८२ मा, योजयेत् = जोड्नू, स्वशरदः = इष्ट वर्षको, पतिः = अधिपति (अब्दप), भवेत् = हुन्छ।

---

❀ सर्वानन्दकरणको मूल श्लोक यो हो—

अर्णवाद्रिगुणतर्कबाणदृक्
चिन्हचंद्र १ : २५६३७४ निहतः शरद्गणः।
द्वीभसप्तिकणषट्सु ६·७८२ युग्वियुग्
गम्ययातशकहायनाधिपः ॥२॥

(सर्वानन्दकरणको १५७ पृ.)

भावार्थ— इष्ट वर्षको वर्षगणलाई १·२५६३७४ ले गुन्नू। आएको गुणनफलको पूर्णाङ्क-लाई ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू)। ७ ले तष्ट गरिएको पूर्णाङ्कसमेत भएको दशमलव भाग वर्षगति कहाउँछ। वर्षगण धन भए ६·७८२ मा वर्षगति जोड्नू, वर्षगण ऋण भए ६·७८२ बाट वर्षगति घटाउनू, इष्ट वर्षको अब्दप आउँछ। अब्दपको पूर्णाङ्क ७ भन्दा बढ्ता भए त्यसलाई ७ ले तष्ट गर्नुपर्छ। वारको पूर्णाङ्क १ भएमा आइतवार, २ भएमा सोमवार इत्यादि क्रमले वार जान्नू।

## १ उदाहरण

वि. सं. १९८२ को अब्दप ल्याउँदा

यस वर्षको वर्षगण २१ हो (२ प्रक्रमको १ उदाहरण हेर्नुहोस्)।

```
  १·२५६३७४                 ७) २६ (३
      × २१                     २१
 ----------                  -----
   १२५६३७४                      ५
  २५१२७४८
 ----------                 ५·३८३८५४ वर्षगति
  २६·३८३८५४

  ५·३८३८५४                 ७) १२ (१
  ६·७८२                         ७
 ----------                   -----
  १२·१६५८५४                     ५
  ५·१६५८५४     अब्दप उत्तर
```

५ भएकोले बृहस्पतिवार

## २ उदाहरण

बि. सं. १९३५ को अब्दप ल्याउँदा

यस वर्षको वर्षगण –२६ हो। (२ प्रक्रमको २ उदाहरण हेर्नुहोस्)।

```
   १·२५६३७४                    ७) ३२ ( ४
       −२६                        २८
  ─────────                      ────
    ७५३८२४४                        ४
   २५१२७४८
  ─────────
  −३२·६६५७२४
   −४·६६५७२४   वर्षगति

        ६·७८२
      −४·६६५७२४
     ──────────
       २·११६२७६   अब्दप
```

## ३ प्रश्नमाला

तल दिइएका वर्षका अब्दप ल्याऊ−

(१) वि. सं. २०२२  ( २ ) वि. सं. २०२३  ( ३ ) वि. सं. २०२४

( ४ ) वि. सं. २०२५  (४ क) वि. सं. २०१५  ( ५ ) वि. सं. २०१२

( ६ ) वि. सं. १९७८  ( ७ ) वि. सं. १९७९  ( ८ ) वि. सं. १९८१

( ९ ) वि. सं. १९८३  ( १० ) वि. सं. १९८५  ( ११ ) वि. सं. १९६३

( १२ ) वि. सं. १९४१  ( १३ ) वि. सं. १९५०  ( १३ ) वि. सं. १९५८

( १४ ) वि. सं. १९५४  ( १५ ) वि. सं. १९०४  ( १६ ) वि. सं. १९०७

( १७ ) वि. सं. १८७१  ( १८ ) वि. सं. १५७८  ( १९ ) वि. सं. १५७७

( २० ) वि. सं. १६१३  ( २१ ) वि. सं. १६५७  ( २२ ) वि. सं. १६६७

( २३ ) वि सं. १६६६  ( २४ ) वि. सं. १६७७  ( २५ ) वि. सं. १५५५

( २६ ) वि. सं. १७३३  ( २७ ) वि. सं. १७४५  ( २८ ) वि. सं. १७६५

( २८ ) वि. सं. १७३८  ( २९ ) वि. सं. १८७९  ( ३० ) वि. सं. २०२०

( ३१ ) वि. सं. १  ( ३२ ) वि. सं. ०

## उत्तर

| | | |
|---|---|---|
| (१) ६·४२०८१४ | (२) ०·६७७१८८ | (३) १·६३३५६२ |
| (४) ३·१८९९३६ | (४ क) ४·६२६१९६ | (५) ०·८५७०७४ |
| (६) ०·१४०३५८ | (७) १·३९६७३२ | (८) ३·९०९४८० |
| (९) ६·४२२२२८ | (१०) १·९३४९७६ | (११) २·२९४७४८ |
| (१२) २·६५४५२० | (१३) ६·९६१८८६ | (१३ क) ३·०१२८७८ |
| (१४) ४·९८७३८२ | (१५) ५·१६८६८२ | (१६) १·९३७८०४ |
| (१७) ५·७०८३४० | (१८) १·५९०७५८ | (१९) ०·३३४३८४ |
| (२०) ३·५६३८४८ | (२१) २·८४४३०४ | (२२) १·४०८०४४ |
| (२३) ३·९२०७९२ | (२४) ६·९७१७८४ | (२५) ०·६९४१५६ |
| (२६) ०·३२८७२८ | (२७) १·४०५२१६ | (२७ क) ५·५३२६९६ |
| (२८) ६·६१०५९८ | (२९) १·७५९३३२ | (३०) ३·९०८०६६ |
| (३१) १·२८८९६० | (३२) ०·०३२५८६ | |

## उपपत्ति

वैशाख लाग्ने सङ्क्रान्ति [ निरयण मेषसङ्क्रान्ति = नाक्षत्र मेषसङ्क्रान्ति ] जुन वारको जुन समयमा पर्छ, सो अब्दप कहाउँछ। अब्दपको पूर्णाङ्कले वारलाई र दशमलव भागले दिनको अवयव [ घडी आदि ] लाई बुझाउँछ।

एक नाक्षत्र सौरवर्ष [ निरयण सौरवर्ष ] मा ३६५·२५६३७४४१७ सावन दिन हुन्छन् [ ज्योतिर्गणित द्वितीय संस्करणको ३८१ पृ. ]।

७ ) ३६५ ( ५२
३५
———
१५
१४
———
१

यस कारण १ वर्षमा ५२ हप्ता पूरा भई १ दिन बाँकी रहन्छ।

यस कारण १ वर्षमा १·२५६३७४४१७ [ स्वल्पान्तरले १·२५६३७४ ]* वार बढ्छ । अर्थात् यस पालिको मेषसङ्क्रान्तिको सावयव वारमा १·२५६३७४ जोडिदियो भने आगाँको मेषसङ्क्रान्तिको सावयव वार आउँछ ।

रैवतपक्षअनुसार वि. सं १६६१ को मेषसङ्क्रान्तिको सावयव वार ६·७८२ यहाँ क्षेपक मानिएको हो । अयनांशप्रकरणमा यो अङ्क ल्याइनेछ ।

५ प्रक्रम । १·२५६३७४ लाई १,२,३ इत्यादि सङ्ख्याले गुन्दा र विक्रमसंवत् ० को वारादिलाई क्षेपक नाम दिँदा तलको सारणी बन्न आउँछ ।

३ प्रक्रममा तिथिशुद्धि ल्याउने रीति दिइएको छ । तिथिशुद्धिको १ वर्षको गति ११·०६३४१४ लाई १,२,३ इत्यादि सङ्ख्याले गुनी तथा विक्रमसंवत् ० को तिथिशुद्धिलाई क्षेपक नाम दिई बनाएको तिथिशुद्धिको सारणी पनि तलको सारणीमा गाभिएको छ ।

---

*नागखश्रुतिमुनिज्वलनासु —
सप्तखाङ्कमुनिसप्ततिथीभिः १५७७९०७५३७४०८ ।
संमितास्तरणिसावनघस्रा :
कल्पजा निगदिता कुदिनाख्या :॥**

---

**सर्वानन्दकरणको मूल श्लोक यो हो—

वस्वभ्रवेदशैलाग्न्यसुमुनिखांकाद्रिसप्तिबाणकुभिः १५७७९०७५३७४०८
तुल्यानि भूदिनानि ब्रह्माहे जानते सुधियः ४३२०००००००० ॥१५॥

[ १६५ पृ. ]

[ १ कल्पमा (४३२००००००० सौरवर्षमा ) १५७७९०७५३७४०८ सौर सावनदिन हुन्छन् । सौर सावन दिनलाई कुदिन भन्दछन् ]

४३२००००००० ) १५७७९०७५३७४०८ ( ३६५·२५६३७४४

१२९६००००००००

२८१९०७५३७४०

२५९२००००००००

२२७०७५३७४०८

२१६००००००००

११०७५३७४०८

८६४००००००

२४३५३७४०८

२१६००००००

२७५३७४०८

२५९२००००

१६१७४०८

१२९६०००

३२१४०८

३०२४००

१९००८

१७२८०

१७२८

१७२८

यताबाट सर्वानन्दकरणकारले एक वर्षमा ३६५·२५६३७४४ सावनदिन मानेको देखिन्छ ।

## १ सारणी

| | | | |
|---|---|---|---|
| क्षेपक { | बिक्रमसंवत् | तिथिशुद्धि | अब्दप ( वारादि ) |
| | ० | १९·९४३१४६ | ०·०३२५८६ |
| वर्षको | | तिथिशुद्धि | अब्दप |
| १ | | ११·०६२४१४ | १·२५६३७४ |
| २ | | २२·१२४८२८ | २·५१२७४८ |
| ३ | | ३·१८७२४२ | ३·७६९१२२ |
| ४ | | १४·२४९६५६ | ५·०२५४९६ |
| ५ | | २५·३१२०७० | ६·२८१८७० |
| ६ | | ६·३७४४८४ | ०·५३८२४४ |
| ७ | | १७·४३६८९८ | १·७९४६१८ |
| ८ | | २८·४९९३१२ | ३·०५०९९२ |
| ९ | | ·५६१७२६ | ४·३०७३६६ |
| १० | | २०·६२४१४० | ५·५६३७४० |
| २० | | ११·२४८२८० | ४·१२७४८० |
| ३० | | १·८७२४२० | २·६९१२२० |
| ४० | | २२·४९६५६० | १·२५४९६० |
| ५० | | १३·१२०७०० | ६·८१८७०० |
| ६० | | ३·७४४८४० | ५·३८२४४० |
| ७० | | २४·३६८९८० | ३·९४६१८० |
| ८० | | १४·९९३१२० | २·५०९९२० |
| ९० | | ५·६१७२६० | १·०७३६६० |
| १०० | | २६·२४१४०० | ६·६३७४०० |
| २०० | | २२·४८२८०० | ६·२७४८०० |

| वर्षको | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| ३०० | १८· ७२४२०० | ५· ९१२२०० |
| ४०० | १४· ९६५६०० | ५· ५४९६०० |
| ५०० | ११· २०७००० | ५· १८७००० |
| ६०० | ७· ४४८४०० | ४· ८२४४०० |
| ७०० | ३· ६८९८०० | ४· ४६१८०० |
| ८०० | २९· ९३१२०० | ४· ०९९२०० |
| ९०० | २६· १७२६०० | ३· ७३६६०० |
| १००० | २२· ४१४००० | ३· ३७४००० |
| २००० | १४· ८२८००० | ६· ७४८००० |
| ३००० | ७· २४२००० | ३· १२२००० |
| ४००० | २९· ६५६००० | ६· ४९६००० |
| ५००० | २२· ०७०००० | २· ८७०००० |
| ६००० | १४· ४८४००० | ६· २४४००० |
| ७००० | ६· ८९८००० | २· ६१८००० |
| ८००० | २९· ३१२००० | ५· ९९२००० |
| ९००० | २१· ७२६००० | २· ३६६००० |
| १०००० | १४· १४०००० | ५· ७४०००० |

६ प्रक्रम। १ सारणीबाट इष्ट विक्रमसंवत्को मेषसङ्क्रान्तिको वारादि ल्याउने रीति।

इष्ट विक्रमसंवत्को सहस्रस्थानीको अब्दप (वारादि), शतस्थानीको अब्दप, दशस्थानीको अब्दप र एकस्थानीको अब्दपसमेत जोड्नू। जुन स्थान छैन, त्यसको लिनुपर्दैन। योगफललाई क्षेपकमा जोड्नू। पछिल्लो योगफल इष्ट विक्रमसंवत्को मेष-सङ्क्रान्तिको वारादि हुन्छ। वार ७ भन्दा बढ्ता भए ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू)। १ शेष रहेमा आदित्यवार, २ शेष रहेमा सोमवार इत्यादि क्रमले वार हुन्छ।

## १ उदाहरण

वि. सं. १९८२ को अब्दप ( मेषसङ्क्रान्तिको वार ) ल्याउँदा

| | |
|---|---|
| १००० वर्षको वारादि | ३·३७४००० |
| ९०० ” ” | ३·७३६६०० |
| ८० ” ” | २·५०९९२० |
| २ ” ” | २·५१२७४८ |
| १९८२ ” ” | १२·१३३२६८ |
| | ५·१३३२६८ |

७ ) १२ ( १
 ७
 ५

क्षेपक = वि. सं. ० को मेषसङ्क्रान्तिको वारादि ०·०३२५८६
१९८२ वर्षको ” ५·१३३२६८
वि. सं. १९८२ को मेषसङ्क्रान्तिको वारादि ५·१६५८५४

४ प्रक्रमको पहिलो उदाहरणमा आएको उत्तर यहाँ आएको छ। यसै गरी दोस्रो उदाहरणको र ३ प्रश्नमालाका जम्मै प्रश्नका उत्तर यही रीतबाट ल्याई यस रीतको अभ्यास गर्नु बढिया छ।

यही प्रक्रममा दिइएको अब्दप ल्याउने रीतिबाट इष्ट विक्रमसंवत्‌को तिथिशुद्धि पनि ल्याउन सकिन्छ। तिथि ३० भन्दा बढ्ता भए ३० ले तष्ट गर्नुपर्छ।
जस्तै—

वि. सं. १९८२ को तिथिशुद्धि ल्याउँदा

| | |
|---|---|
| १००० वर्षको तिथिशुद्धि | २२· ४१४००० |
| ९०० ” ” | २६· १७२६०० |
| ८० ” ” | १४· ९९३१२० |
| २ ” ” | २२· १२४८२८ |
| १९८२ ” ” | ८५· ७०४५४८ |

३० ) ८५ ( २
 ६०
 २५

क्षेपक = वि. सं.० को मेषसङ्क्रान्तिको तिथिशुद्धि १९· ९४३१४६
१९८२ वर्षको तिथिशुद्धि २५· ७०४५४८

वि. सं. १९८२ को मेषसङ्क्रान्तिको तिथिशुद्धि ४५· ६४७६९४
१५· ६४७६९४

७ प्रक्रम । केही विचारणीय कुरा

वि. सं. १९३५ का तिथिशुद्धि तथा अब्दप ल्याउँदा

| वर्ष | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| १००० | २२· ४१४००० | ३· ३७४००० |
| ९०० | २६· १७२६०० | ३· ७३६६०० |
| ३० | १· ८७२४२० | २· ६६१२२० |
| ५ | २५· ३१२०७० | ६· २८१८७० |
| १९३५ | ७५· ७७१०९० | १६· ०८३६९० |
| | १५· ७७१०९० | २· ०८३६९० |
| वि. सं.० को | १९· ९४३१४६ | ०· ०३२५८६ |
| १९३५ वर्षको | १५· ७७१०९० | २· ०८३६९० |
| वि. सं. १९३५ को | ३५· ७१४२३६ | २· ११६२७६ |
| | ५· ७१४२३६ | २· ११६२७६ |

·११६२७६ दिन
× ६०
६· ९७६५६० घडी

·९७६५६० घडी
× ६०
५८· ५९३६०० पला

६ घडी ५८· ५९३६०० पला

यताबाट

बि. सं. १९३५ ( शाके १८०० ) मा

| तिथिशुद्धि | | अब्दप | |
|---|---|---|---|
| तिथि | वार | घडी | पला |
| ५· ७१४२३६ | २ | ६ | ५८· ५९३६ |

हुने देखिन्छन् ।

केतकरले ज्योतिर्गणितको प्रथम संस्करणको ६४ पृष्ठमा

वि. सं १९३५ मा

| तिथिशुद्धि | | अब्दप | | |
|---|---|---|---|---|
| | | वा. | घ. | प. |
| रैवतपक्षमा | ५.७१ | २। | ७। | ३ |
| चैत्रपक्षमा | ६.८२ | ६। | ६। | २८ |

भनी बोलेका छन्।

यताबाट ज्योतिर्गणितमा दिइएको वि. सं. १९३५ को रैवतपक्षको तिथिशुद्धिसँग अहिले गणना गरिएको सर्वानन्दकरणको तिथिशुद्धि ट्वाक्क मिलेको र अब्दपमा ४.४ पला मात्र फरक परेको स्पष्ट छ ;

केतकरको यस लेखाइबाट
वि. सं. १९३५ मा
रैवतपक्षअनुसार

सोमबार ७ घडी ३ पला जाँदा चैत्रशुक्ल पञ्चमीउप्रान्त षष्ठीमा मेषसङ्क्रान्ति पर्छ;

चैत्रपक्षअनुसार

शुक्रवार ६ घडी २८ पला जाँदा चैत्रशुक्लनवमीउप्रान्त दशमीमा मेषसङ्क्रान्ति पर्छ

भन्ने देखिन्छ।

वि. सं. १९५५ मा ज्योतिर्गणितको प्रथम संस्करण निस्केको हो । त्यस वेला-सम्म केतकर रैवतपक्ष र चैत्रपक्ष दुवैतिर लहसिएका देखिन्छन् ।

वि. सं. १९८५ मा केतकरले ज्योतिर्गणितको द्वितीय संस्करण तयार गरे। त्यस वेला केतकर चैत्रपक्षका पूरा समर्थक भई रैवतपक्षका विरोधी भइसकेका छन। द्वितीय संस्करणको अयनांशप्रकरण तथा शास्त्रशुद्धपञ्चाङ्गअयनांशनिर्णयनामक ग्रन्थबाट यो कुरो स्पष्ट बुझिन्छ ।

ज्योतिर्गणितको द्वितीय संस्करणको ६४ पृष्ठमा रैवतपक्षको चर्चा नगरी

वि. सं. १९३५ (शाके १८००) मा

| तिथिशुद्धि | अब्दप |
|---|---|
| | वा. घ. प. |
| ६· ८२ | ६। ६। २८ |

मात्र दिइएका छन् ।

हामीले माथि १ सारणीमा वि. सं. ० का तिथिशुद्धि तथा अब्दप जो दिएका छौं ; ती सर्वानन्दकरणअनुसारका हुन् । यस कारण ती रैवतपक्षका हुन् ।

वि. सं. १९३५ मा

| | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| | तिथि | वा. घ. प. |
| चैत्रपक्षका | ६· ८२ | ६। ६। २८ |
| रैवतपक्षका | ५· ७१ | २। ७। ३ |
| अन्तर | ४· ११ | ४। २। २५ |

वा. घ. प.

$$४।\ २।\ २५ = ४ + \frac{२}{६०} + \frac{२५}{६० \times ६०}$$

$$= ४ + \frac{२}{६०} + \frac{५}{६० \times १२}$$

$$= ४ + \frac{१}{३०} + \frac{१}{१२ \times १२}$$

$$= ४ + \frac{२४ + ५}{७२०}$$

$$= ४ \frac{२९}{७२०}$$

७२०) २९० (·०४०२७७
२८८
———
२००
१४४
———
५६०
५०४
———
५६०
५०४

यताबाट
रैवतपक्षको तिथिशुद्धिमा ४·११ तिथि तथा
अब्दपमा ४·०४०२७७ वार
जोडिदियो भने चैत्रपक्षका तिथिशुद्धि तथा अब्दप आउने देखिन्छ।
विक्रमसंवत् ० का चैत्रपक्षका तिथिशुद्धि र अब्दप ल्याउन
विक्रमसंवत् ० का

| | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| रैवतपक्षका | १९·६४३१४६ | ०·०३२५८६ |
| | ४·११ | ४·०४०२७७ |
| चैत्रपक्षका | २४·०५३१४६ | ४·०७२८६३ |

यताबाट १ सारणीको प्रयोग गरी अभीष्टवर्षका रैवतपक्ष तथा चैत्रपक्षका तिथिशुद्धि तथा अब्दप ल्याउन सकिन्छ।

जस्तै—
वि. सं. १९५० का तिथिशुद्धि तथा अब्दप ल्याउँदा

| वर्ष | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| १००० | २२·४१४००० | ३·३७४००० |
| ९०० | २६·१७२६०० | ३·७३६६०० |
| ५० | १३·१२०७०० | ६·८१८७०० |
| १९५० | ६१·७०७३०० | १३·९२९३०० |
| | १·७०७३०० | ६·९२९३०० |

| विक्रमसंवत् ० का | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| रैवतपक्षका | १९.९४३१४६ | ०.०३२५८६ |
| चैत्रपक्षका | २४.०५३१४६ | ४.०७२८६३ |

यस कारण

रैवतपक्षअनुसार

| | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| वि. सं. ० का | १९.९४३१४६ | ०.०३२५८६ |
| १९५० वर्षका | १.७०७३०० | ६.९२९३०० |
| वि. सं. १९५० का | २१.६५०४४६ | ६.९६१८८६ |

चैत्रपक्षअनुसार

| | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| वि. सं ० का | २४.०५३१४६ | ४.०७२८६३ |
| १९५० वर्षका | १.७०७३०० | ६.९२९३०० |
| वि. सं. १९५० का | २५.७६०४४६ | ११.००२१६३ |
| | | ४.००२१६३ |

वि. सं. १९५० का रैवतपक्षअनुसारको तिथिशुद्धि २ प्रश्नमालाको १३ प्रश्नको उत्तरमा र अब्दप ३ प्रश्नमालाको १३ प्रश्नको उत्तरमा माथि परिसकेका छन्।

ज्योतिर्गणित प्रथमसंस्करणको ३० पृष्ठमा वि. सं. १९५० (शाके १८१५) का रैवतपक्षअनुसारका तिथिशुद्धि तथा अब्दप गणना गरी ल्याइएका छन्। ती यस प्रकारका छन्-

| | तिथिशुद्धि | अब्दप |
|---|---|---|
| | तिथि | वा. । घ । प. |
| शाके १८१५ | २१.६४ | ६। ५७। ३७ |

यहाँ १ सारणीबाट गणना गरी ल्याएकासँग तुलना गर्दा तिथिशुद्धि मिले जस्तै छ।

अब्दपको बिषयमा

९६१८८६ दिन

× ६०

५७·७१३१६० घडी

·७१३१६० घडी

× ६०

४२·७८६६०० पला

यस कारण १ सारणीको गणनाबाट

| | वा. | घ. | प. |
|---|---|---|---|
| अब्दप | ६। | ५७। | ४२·८ |

हुन्छ ।केतकरले दिएको गणनासंग ५·८ पलाको मात्र अन्तर छ ।

ज्योतिर्गणित द्वितीय संस्करणको २५पृष्ठमा बि. सं. १९५० (शाके १८१५) का चैत्रपक्षअनुसारका तिथिशुद्धि अब्दप दिइएका छन् । ती यस प्रकारका छन् –

| | तिथिशद्धि | अब्दप |
|---|---|---|
| | तिथि | वा. अ. प. |
| शाके १८१५ | २५·७५ | ४। ०। १२ |

यहाँ पनि तुलना गर्दा तिथिशुद्धि मिले जस्तै छ ।

अब्दपको बिषयमा

·००२१६३ दिन

× ६०

·१२९७८० घडी

× ६०

७·७८६८०० पला

यस कारण १ सारणीको गणनाबाट

| | वा. | घ. | प. |
|---|---|---|---|
| अब्दप | ४। | ०। | ७·८ |

आउँछ ।

केतकरको गणनासँग ४·२ पला मात्र अन्तर छ।

सूर्यसिद्धान्तको आधारमा बनेको रत्नदीपबाट अब्दप ल्याइने रीति तथा सारणी पूर्णिमा ११ पूर्णाङ्कका ४६ देखि ६२ पृष्ठसम्ममा दिइएका छन्। यताबाट वि. सं. १६५० को अब्दप ल्याउँदा

| वर्ष | वार | घडी | पला | विपल | प्रतिविपला |
|---|---|---|---|---|---|
| १००० | ५। | ४५। | २३। | २०। | ० |
| ६०० | ५। | ५२। | ५१। | ०। | ० |
| ५० | ६। | ५६। | १६। | १०। | ० |
| १६५० | १६। | १५३। | ६०। | ३०। | ० |
| | १८। | ३४। | ३०। | ३०। | ० |
| | ४। | ३४। | ३०। | ३०। | ० |

अब्दप

| | वा. | घ. | प. | वि. | प्र. |
|---|---|---|---|---|---|
| वि. सं. ० को | ६। | १४। | ७। | ४४। | २४ |
| १६५० वर्षको | ४। | ३४। | ३०। | ३०। | ० |
| वि. सं. १६५० को | ३। | ४८। | ३८। | १४। | २४ |

यताबाट सूर्यसिद्धान्तअनुसारको (रत्नदीपको) वि. सं. १६५० को मेषसङ्क्रान्ति मङ्गलवार ४८ घडी ३८ पलामा पर्न आउने देखिन्छ।

चैत्रपक्षको मेषसङ्क्रान्ति बुधबार ० घडी ८ पलामा पर्छ।

अब्दप

| | वा. | घ. | प. |
|---|---|---|---|
| चैत्रपक्षको | ४। | ०। | ८ |
| सूर्यसिद्धान्तको | ३। | ४८। | ३८ |
| अन्तर | ०। | ११। | ३० |

११ घडी ३० पला अन्तर पर्न आएको छ।

चैत्रपक्षअनुसार तिथिशुद्धि २५·७६ आएको छ।

यसको अर्थ चैत्र कृष्ण ( पूर्णान्तमानले वैशाख कृष्ण ) दशमी उप्रान्त एकादशी–मा मेषसङ्क्रान्ति पर्छ भन्ने हुन्छ। यो तिथि मध्यममानको हो।

## सारांश

वि. सं. १९५० मा

| | अब्दप | | | तिथिशुद्धि |
|---|---|---|---|---|
| | वा. | घ. | प. | तिथि |
| रैवतपक्षका | ६। | ५७। | ४३ | २१·६५ |
| चैत्रपक्षका | ४। | ०। | ८ | २५·७६ |
| सूर्यसिद्धान्तका | ३। | ४८। | ३८ | (अहिले गणना गरेको छैन) |

यताबाट

रैवतपक्षअनुसार चैत्र कृष्ण ( पूर्णान्तमानले वैशाख कृष्ण ) षष्ठीउप्रान्त सप्तमी शुक्रवार ५७ घडी ४३ पलामा मेषसङ्क्रान्ति पर्छ।

चैत्रपक्षअनुसार चैत्र कृष्ण ( पूर्णान्तमानले वैशाख कृष्ण ) दशमीउप्रान्त एकादशी बुधवार ० घडी ८ पलामा मेषसङ्क्रान्ति पर्छ।

सूर्यसिद्धान्तअनुसार

मङ्गलवार ४८ घडी ३८ पलामा मेषसङ्क्रान्ति पर्छ।

नेपालका पं० तोयनाथ पन्तको वि. सं. १९५० को पञ्चाङ्गमा चैत्र ३१ गते वैशाख कृष्ण दशमी मङ्गलवार ५१ घडी १९ पला छ। सोही दिन ५० घडी ७ पलामा मेषेऽर्कः लेखिएको छ। त्यसको भोलिपल्ट बुधवार सङ्क्रान्ति तथा वैशाख १ गते लेखिएको छ।

यति कुराबाट चैत्रपक्षका तिथिशुद्धि तथा अब्दप सूर्यसिद्धान्तको नजीकमा छन् र हाम्रो पञ्चाङ्गका पनि नजीकमा छन् भन्ने कुरा जिज्ञासुको मनमा स्पष्ट हुन्छ।

बैशाख कृष्ण षष्ठीउप्रान्त सप्तमी शुक्रबारको दिन रैवतपक्षअनुसार मेष-सङ्क्रान्ति पर्न आएकोछ। त्यस दिन हाम्रो पञ्चाङ्गअनुसार चैत्र २७ गते पर्छ। यस कारण सर्वानन्दकरण हाम्रो पञ्चाङ्गदेखि निकै पर छ भन्ने कुरो पनि स्पष्ट छ।

विस्तारै यस विषयमा अरू अरू विवेचना गरिनेछन।

[ यस निबन्धलाई तयार गर्दा मेरो साथ रही मेरो विचारअनुसार काम गरिदिएकाले रामजी, गौतमवज्र, दिनेशराज धन्यवादका पात्र छन्। ]

# कविशिरोमणिज्यूको सूक्ति

## ऐतिहासिकशिरोमणिज्यूमा पनि घट्ने हो कि क्या हो

—नयराज पन्त

नेपालको इतिहासमा म पनि काम गर्छु। ऐतिहासिकशिरोमणि बाबुराम आचार्यज्यू पनि काम गर्नुहुन्छ। मैले आफ्नो देश नेपालको पनि थोरै भागलाई मात्र आफ्नै आँखाले देखेको छु। ऐ. शि. ज्यूले नेपालका धेरै भागको यात्रा गर्नुभएको छ। म जनसम्पर्कदेखि बिलकुलै पर छु. मसंग पढ्ने केही विद्यार्थीबाहेक अरूहरूसंग मेरो सम्पर्क प्रायः छैन भने पनि हुन्छ। ऐ. शि. ज्यू विशाल जनसम्पर्कमा हुनुहुन्छ। आफैले देखेका र आफ्ना सम्पर्कमा आएका मानिसहरूबाट थाहा पाएका कुराबाट नेपालको भुवनकोष ( भूगोल ) को ज्ञान ऐ. शि. ज्यूमा राम्रो छ। यस विषयमा मेरो ज्ञान नगण्यप्राय छ। जनसम्पर्कले व्यक्तिविशेष तथा घटनाविशेषका ज्ञान पनि ऐ. शि. ज्यूलाई राम्रो छ। ऐ. शि. ज्यूको स्मृतिशक्ति पनि मेरो भन्दा बढ्ता छ।

मैले भन्दा धेरै अगाडिदेखि उहाँले नेपालको इतिहासको अध्ययन गर्न लाग्नुभएको हो. अहिले आफ्नो ८२ वर्षको उमेरसम्म अटूट रूपमा नेपालको इतिहासमा उहाँ काम गर्दै हुनुहुन्छ ❁। यस कारण नेपालको इतिहासको ज्ञान पनि ममा भन्दा उहाँमा बढ्ता छ।

❁यही वि. सं. २०२६ को बर्खामा उहाँ वीरअस्पतालमा हुनुहुन्थ्यो। उहाँको दर्शन गर्न ५।७ पटक म त्यहाँ गएको थिएँ। विचेत अवस्थामा बाहेक चेतनावस्थामा उहाँले त्यहाँ पनि मसंग इतिहासविषयकै चर्चा गर्नुभएको थियो। २०२६ मै पनि उहाँको नयाँ ग्रन्थ प्रकाशित भएको छ।

यीसब कारणबाट ऐतिहासिकशिरोमणिज्यू मभन्दा माथिल्लो तहका इतिहासकार हुनुहुन्छ भने कुरामा केही शङ्का छैन ।

ऐ. शि. ज्यूका आँखा काम गर्न नसक्ने भएका २८ वर्ष पुग्यो । यस अवधिभित्र उहाँले निकै ग्रन्थ लेख्नुभयो ।यो उहाँको प्रतिभाको फल हो नभनी सुखै छैन ।

वृद्धावस्थामा पनि उसमा पनि प्रज्ञाचक्षुको भरमा उहाँ यस्तो काम गर्नुहुन्छ भने उमेरमा उहांले प्रोत्साहन पाउनुभएको भए कति काम गर्न हुंदो हो भन्ने कुरा स्पष्ट छ। यस कारण ऐ. शि. ज्यू असाधारण पुरुष हुनुहुन्छ भन्ने कुरामा केही शङ्का छैन भन्ने मेरो दृढ विश्वास छ ।

ऐ. शि. ज्यूले रचना गर्नुभएको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीको चारौं भाग अहिले भरखर प्रकाशित भएको छ ।

नयराज पन्त

इतिहास-संसोधन कराडल

महाबौद्ध

भन्ने लेखसमेत भएको सो पुस्तक मकहाँ आइपुगेको छ । अघिअघि जस्तै कृपा गरी सेनानी श्रीवीरविक्रम प्यासीज्यूले यो पुस्तक मकहाँ पठाइदिनुभएको होला भनी मैले सम्झेको छु ।

एउटा ईश्वरबाहेक अरू सबैले भूल गर्नु संभव हुन्छ । यस कारण ऐ. शि. ज्यूका ग्रन्थमा पनि केही भूल छन् । यो कुनै नौलो कुरो भएन ।

राजा जयप्रकाश मल्लको पत्रमा मुकाम 'कान्तिपुर' मा 'कीर्तिपुर' पढी ऐ. शि.-ज्यूले जयप्रकाशको दोस्रो पटकको सिंहासनप्राप्तिको विषयमा (२८८-२९० तथा ३०५ पृष्ठ, दोस्रो भागमा) जे लेख्नुभएको थियो, यो कुरो ठीक होइन भनी पूर्णिमाले यो पत्रको चित्रप्रतिलिपिसमेतको लेख ( १७ अङ्कका १४-१६ पृष्ठमा ) प्रकाश गराएको थियो ।

अहिले ऐ. शि. ज्यूले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका ८३१-४३ पृष्ठमा ( चारौं भागमा ) परमावश्यक भ्रम संशोधन भन्ने एक परिच्छेद ( चौंतीसौं परिच्छेद ) लेख्नु भएकोछ। त्यसमा ऐ. शि. ज्यूले आफ्नो भूल सच्च्याउनु भएकोछ।

यसै गरी पूर्णिमाले देखाएका अरू दुइटा दोष ( कान्तिपुरका राजा प्रतापमल्लको विषयमा एउटा र भक्तपुरका राजा जितामित्र मल्लका विषयमा एउटा ) पनि उहाँले सच्च्याउनुभएको छ। पूर्णिमा १५ अङ्कका ३४०-४४ पृष्ठ तथा ऐ. शि. ज्यूको ग्रन्थको ८४३ पृष्ठ [ चारौं भाग ] हेर्नु होस्। )

ऐ. शि. ज्यूको यो प्रशंसनीय गुण हो। यसरी ऐ. शि. ज्यूले आफ्ना भूल सच्च्याउँदै जाने बाटोमा पाइलो त हाल्नुभएको छ; तर भूल देखाइदिने पूर्णिमाको नाम भने उहाँले यहाँ लिनुभएको छैन। यस कारण—

सबैको अर्काका गरम पसिनामाथि रहर।

(तरुणतपसी १११ पृष्ठ)

कविशिरोमणिज्यूको यो सूक्ति ऐतिहासिकशिरोमणिज्यूमा पनि घट्ने हो कि क्या हो भन्ने भस्का कता कता भित्र मनमा उठ्छ।

# हाम्रो वक्तव्य

यस अङ्कद्वारा 'पूर्णिमा' ले पाँचौं वर्ष पार गरी छैटौं वर्षमा पाइलो टेकेको छ। यस अवसरमा पछाडि फर्की हेर्ने रहर हामीलाई हुनु स्वाभाविक छ। त्यसो गरी हेर्दा धेरै अंशमा हामीलाई सन्तोष छ तापनि केही असन्तोष पनि नभएको होइन। नेपालको इतिहासको खोज र शोध गरी केही अगाडि बढ्दै जान सकेको हुँदा हामीलाई सन्तोष लागेको छ। 'पूर्णिमा' लाई चिताए जति हृष्ट-पुष्ट र चित्रफलक आदिद्वारा आकर्षक तुल्याउन नसकेकोमा चाहिं केही असन्तोष छ। तर सो असन्तोष हटाउने सामर्थ्य अहिले हामीमा छैन। किनभने यस रूपमा 'पूर्णिमा' निकाल्न पनि हामीले निकै कष्ट झेल्नुपरेको छ। यो कुरा 'पूर्णिमा' का पाठकलाई विदितै छ।

जे होस्, जति कष्ट सहनुपरे पनि सानो, ठूलो जुन रूपमा भए पनि खोज र शोधको कार्य चलाउँदै लाने निश्चय हामीले गरेका हुनाले आगामी वर्षमा पनि 'पूर्णिमा' ले आफ्नो तह कायम राख्नेछ भन्ने हामीलाई पूरा उमेद छ।

गत केही अङ्कदेखि 'पूर्णिमा' समयमा निस्कन सकेको छैन। यो अङ्क त अझ ढीलो निस्क्यो। अर्थात् असारभित्रमा निस्कनुपर्ने यो अङ्क अहिले मंसीरमा मात्र निस्कन सक्यो। प्रेससम्बन्धी कठिनताले गर्दा यसो हुन आएको हो। दुइ अङ्कलाई एउटै संयुक्ताङ्क रूपमा निकालेको भए प्रकाशनसमय मिलाउन सकिने थियो। तर त्यसो गर्न उचित लागेन। यसैले बरु ढीलै भए पनि वर्षमा चारै अङ्क निकाल्ने अठोट हामीले गरेका छौं।

हालै श्रीडिल्लीरमण रेग्मीको 'एनशेन्ट् नेपाल्' को दोस्रो संस्करण निस्केको छ। त्यसमा रेग्मी यले अर्को नयाँ चाल चल्नुभएको छ। रेग्मीज्यूको फेरिएको रूप छर्लङ्ग गरी पाठकको सामुन्ने राख्नुपरेको छ। तर त्यस विषयको निबन्ध लामो हुँदा यो अङ्कमा पार्न सकेनौं। आगामी अङ्कमा सो छापिनेछ।

# पाचौं वर्षको आय–व्ययको विवरण

| | | |
|---|---|---|
| आम्दानी— | | ५४००।३८ |
| ग्राहकबाट अहिले उठेको | १८९८।२० | |
| फुटकर बिक्रीबाट | ६९७।१० | |
| प्रत्येक रचयिताबाट महीनाको १५ रू. को दरले उठाउने नियमअनुसार अहिले उठेको | १९५। | |
| त्रिभुवनविश्वविद्यालयबाट श्रीगुरु पं. नयराज पन्तले पाउनुभए जति संशोधनमण्डललाई दिने उहाँको निर्णयअनुसार उहाँबाट प्राप्त भएको [1] | २२१०।८ | |
| श्रीमदनपुरस्कारपुस्तकालयबाट संशोधनमण्डलले पाएको अर्थसहायता | ४००। | |
| खर्च— | | ५१५५।६४ |
| १७ पूर्णाङ्कमा | १२५७।२५ | |
| १८ पूर्णाङ्कमा | १४१७।५० | |
| १९ पूर्णाङ्कमा | १२६५।४० | |
| २० पूर्णाङ्कमा | १०४१। | |
| डाँकखर्च | ४३।७५ | |
| अरू | १३०।७४ | |
| बाँकी— | | २४४।७४ |

---

१. त्रिभुवनविश्वविद्यालयबाट महीनाको रु. २२५। को दरले ९ महीनाको रु २०२५। र भाद्रको रु. ७२।५८, कार्तिकको रु. ११२।५० समेत वि. सं. १०२५ मा श्रीगुरु पं. नयराज पन्तले त्रि. वि. वि. बाट पाउनु भएको जम्मा २२१०।८

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय—

संशोधन—मण्डल
१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२६
वैशाख–जेठ -असार

वार्षिक मूल्य– रु. ८।
( डाँकखर्च अलग )
यस अङ्कको मूल्य ३।५०

संशोधन–मण्डल

मुद्रक—
जोरगणेश प्रेस प्रा० लि०
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं